◆ **सम्पादकीय**

- लोकतन्त्रको अविचलित आवाज - २

◆ **राष्ट्रिय राजनीति**

- राष्ट्रिय राजनीतिक परिस्थिति र हाम्रो कार्यभार - **वामदेव गौतम** - ३

◆ **विश्लेषण**

- मुलुकको यथार्थ र माओवादीका निष्कर्षहरू - **विष्णु पौडेल** - ७

◆ **अन्तर्राष्ट्रिय सम्बन्ध**

- लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा जापान र चीन -**झलनाथ खनाल** - १०

◆ **आवरण**

- निरंकुशतन्त्रको एक वर्ष : देशले के पायो ? - **विष्णु रिजाल** - १२
- राजाको हुकुमी शासन पूर्णतः असफल - **माधवकुमार नेपाल** - १३

◆ **आन्दोलन**

- लोकतान्त्रिक आन्दोलनमा अन्तर्राष्ट्रिय समुदायको ... - **कोमल भट्टराई** - १७

◆ **टिप्पणी**

- राज्य आतंकको छायाँमा अभूतपूर्व बहिष्कार- **सूर्य थापा** - १९

◆ **साहित्य**

- स्रष्टाहरूको आन्दोलन - **अमर गिरी** - २२

◆ **अर्थ**

- जनविरोधी र व्यापारमुखी अध्यादेश- **डा. गोविन्दबहादुर थापा** - २३

◆ **प्रश्नोत्तर**

- मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर - **गोपीरमण उपाध्याय** - २५

◆ **चिनारी**

- जनतामाझ स्थापित कम्युनिस्ट व्यक्तित्व - **कमला पराजुली** - २६

◆ **कृति**

- औद्योगीकरणका समस्यामाथि बहस - **डा. पुष्प कँडेल** - २८

◆ **विश्व**

- बाच्लेटले बाचा पूरा गर्लिन् ? - **अग्निशिखा** - २९

◆ **महिला**

- महिला सहभागितामा बृद्धिमा थप आयाम. -**विन्दा पाण्डे** - ३१

# लोकतन्त्रको अविचलित आवाज

*राजाको निरङ्कुशतालाई वैधानिकता प्रदान गर्ने गलत आशय बोकेर राजनीतिको मैदानमा उत्रिएको नगरनिर्वाचनलाई जनताले एउटा विदुषकीय नौटङ्कीमा खुम्च्याइदिएका छन्। जनता र दलहरूसँग कुनै सहमति नगर्ने किरिया खाएका राजामा तरैपनि ज्ञान पलाएको देखिएको छैन।*

*तर, यसलाई नराम्रो भनेर तिरस्कार गर्न मिल्दैन। राजाका यस्तै अधोगामी कदमहरूले नेपाली जनतालाई लोकतान्त्रिक गणतन्त्रको दिशातिर निरन्तर अघि बढिरहन प्रेरणा दिइरहने छन्।*

*यो निर्वाचन नाटकले बिनाकारण जनधनको क्षति गराउनेछ भनेर सात दलले धेरै अगाडि राजालाई सम्झाएका थिए। यो निर्वाचनको नाटकले मुलुकको प्रजातन्त्र र शान्तिको माग पूरा गर्ने काममा सिन्को बराबरको योगदान पनि दिँदैन भनेर उनीहरूले उहिल्यै घोषणा गरेका थिए। राजाको विश्वास थियो- ग्रामीण क्षेत्र माओवादीलाई सुम्पिएर नगरक्षेत्रमा आफ्नो हकदावी गराउने नगरपालिकाको निर्वाचनमार्फत मुलुकभित्र पर्याप्त गुण्डा परिचालन गर्न सकिने छ र अन्तर्राष्ट्रिय जनमतको मुखमा पनि प्रजातन्त्रको ध्वाँसो पोत्न सकिनेछ। तर, नगरनिर्वाचनको अन्तिम परिणामले सात राजनीतिक दलकै निष्कर्षलाई पुष्टि दियो र राजाले फेरि एकपल्ट पराजित हुनुपर्‍यो।*

*राजा र राजाका सुब्बाहरूलाई त केही भएजस्तो नलाग्ला तर राजाको इच्छामा सञ्चालित यो नाटकले निर्दोष र इमानदार नेपालीहरूको रगतको बलि खायो। राजाको कित्तामा, गृहमन्त्रीको हत्या आदेशमा हाम्रो पार्टीका उमेशचन्द्र थापा तथा काङ्ग्रेसका होरीलाल राना थारुले अन्यायपूर्वक मारिनुपरेको छ तथा कांग्रेसका कृष्ण गिरी सत्ताको बहुलट्ठीपूर्ण गोलीबाट घाइते तुल्याइनु भएको छ। संयुक्त जनआन्दोलन संयोजन समितिले मृतकहरूलाई सहिद घोषणा गरेको छ।*

*प्रस्तुत आन्दोलनको बिसौनी कहाँ हो भनेर धेरैले चासो राखेका छन्। नगरनिर्वाचनको नाटकबाट एउटा अध्यायको पटाक्षेप भएको छ। राजाको फरवरी १ को वार्षिकी घोषणा र अपराधपूर्ण तर हास्यास्पद नगरनिर्वाचनप्रति देखाएको आशक्तिले प्रस्तुत आन्दोलनको बिसौनी लोकतान्त्रिक गणतन्त्र मात्रै हुनसक्छ भन्ने सन्देश दिएका छन्। यो सन्देशले मूलतः सात राजनीतिक दलहरूको दायित्व बढाएको छ।*

*अहिले जनता जागेको बेला हो। सबैले सामुदायिक रूपमै आफूलाई क्रियाशील तुल्याएको बेला हो। यस्तो बेलामा राजनीतिक पार्टीहरूले तिनलाई आफ्नो आन्दोलनमा समाहित गराउनु अनिवार्य हुन्छ। त्यसका लागि राजनीतिक दलहरूले नेपालको भविष्यको मार्गचित्र प्रस्तुत गर्न तयार हुनुपर्छ। यो मार्गचित्र खालि राजनीतिक सन्दर्भमा मात्र हुनसक्दैन। यो मार्गचित्र जनताको मागको पूर्तिसँग जोडिएको हुनुपर्छ। जनताको माग प्रजातन्त्र र शान्तिसँग मात्रै जोडिएको छैन। त्यसले प्रजातन्त्रकै पनि उन्नत रूप खोजेको छ। विकास निर्माणका अदम्य चाहनाहरू जनताको मनभित्र छन्। तिनको प्राप्ति पार्टीहरूको मूल कार्यसूचीमा समाहित हुनु जरुरी हुन्छ।*

# राष्ट्रिय राजनीतिक परिस्थिति र हाम्रो कार्यभार

' वामदेव गौतम

**नि**रङ्कुश राजतन्त्रको अन्त्य र संविधानसभामार्फत पूर्ण प्रजातन्त्रको स्थापनाका लागि नेपाली जनताको आन्दोलनका उतार-चढावको परिस्थिति नै अहिलेको राष्ट्रिय राजनीतिक परिस्थिति हो । हाम्रो पार्टीले विगतमा अगाडि सारेको राष्ट्रिय राजनीतिक परिस्थितिको विश्लेषणमा अहिले एउटा थप विशेषता देखापरेको छ । त्यो हो, निरङ्कुश राजतन्त्र र नेपाली जनताबीचको अन्तरविरोध पहिलेभन्दा चर्को रूपमा सक्रिय हुनु । तर, अझै पनि यो अन्तरविरोध विस्फोटक अवस्थामा पुगेको छैन । यस्तो अवस्थामा पार्टीका लागि आफ्नो कार्यभार किटान गर्ने र तदनुरूप आफ्नो जिम्मेवारी पूरा गर्नु अहिलेका लागि प्रमुख काम हो । परिस्थितिमा आएको सानोभन्दा सानो परिवर्तनलाई ध्यान दिने र आन्दोलनको सफलताका लागि सम्पूर्ण रूपले समर्पित हुने कर्तव्य पार्टीका प्रत्येक सदस्यको हो । अहिले देखापरेको परिवर्तनले पनि आन्दोलनका पक्षमा अनुकूलता थपिएको छ । यत्तिकैमा पनि आन्दोलनलाई सुरक्षित अवतरण गर्ने नाममा दक्षिणपन्थी विचार देखापर्ने र यसलाई नै विस्फोटक अवस्था ठानेर अतिवादी व्यवहारको माग गर्ने खतरा देखापर्न सक्छ । यस्तो अवस्थामा पार्टीपङ्क्ति तथा आमजनसमुदायमा अरू बढी स्पष्टताका निम्ति पार्टीका नीति, विचार तथा आफ्नो व्यवहारालाई तदनुरूप व्यवस्थित गर्नु अहिले फेरि आवश्यक भएको छ ।

**राष्ट्रिय राजनीतिक परिस्थितिका मुख्य विशेषताहरू**

मुलुकको राजनीतिक परिस्थितिका मुख्य विशेषताहरूमा निरङ्कुश राजतन्त्रको हुकुमी शासनमा राजा अझ बढी अन्धो रूपमा अगाडि जाने दुष्प्रयत्न गर्नु, सात राजनीतिक पार्टी र माओवादीका बीच नयाँ सन्दर्भमा समझदारी विकास हुनु, आन्दोलनकै क्रममा संसद्वादी राजनीतिक पार्टीहरू जनतामा पहिलेभन्दा अझ बढी लोकप्रिय हुनु, निरङ्कुश राजतन्त्रका विरुद्ध शान्तिपूर्ण जनआन्दोलनलाई एक मात्र विकल्पका रूपमा जनताले आत्मसात गर्न सुरु गर्नु, सम्पूर्ण सङ्गठित जनसमुदाय विभिन्न रूपमा निरङ्कुश राजतन्त्रका विरुद्ध आन्दोलनमा सामेल हुन तत्पर हुनु र एकतर्फी युद्धविराम भङ्ग गरे पनि सुधारिएको अवस्थामा माओवादी प्रस्तुत हुने प्रयत्न गर्नु रहेका छन् । यी विशेषताहरूले गर्दा निरङ्कुश राजतन्त्रसित नेपाली जनताको प्रमुख राजनीतिक अन्तरविरोध पहिलेभन्दा अत्यधिक सक्रिय भएको छ र विस्फोटउन्मुख देखापर्न थालेको छ ।

अहिले नेपाली समाजका तीन प्रमुख राजनीतिक शक्तिहरूका बीच दुई मुख्य द्वन्द्वले आकार र प्रमुखता लिएका छन् । निरङ्कुश राजावादी, लोकतान्त्रिक संसद्वादी र हिंसात्मक माओवादीहरू नै अहिले नेपाली समाजका तीन प्रमुख राजनीतिक शक्तिहरू हुन् । निरङ्कुश राजतन्त्रसित पूर्ण प्रजातन्त्रका निम्ति नेपाली जनताको शान्तिपूर्ण द्वन्द्व र निरङ्कुश राजतन्त्रसित जनताको शासनका निम्ति भनिएको माओवादीको हिंसात्मक द्वन्द्व नै समाजका प्रमुख दुई प्रकारका द्वन्द्वहरू हुन् । गत मङ्सिर ७ गते सात राजनीतिक पार्टीहरूसित नेकपा (माओवादी) को १२ बुँदे समझदारीले राजनीतिक ध्रुवीकरणलाई जन्म दिएको छ । अहिले राजनीतिक रूपमा भन्नुपर्दा निरङ्कुश राजतन्त्र एकातिर र अर्कातिर पूर्ण लोकतन्त्रका बीच राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ध्रुवीकरण देखापरेको छ । राजनीतिक ध्रुवीकरण सुरु भएको भए पनि यसले पूर्ण आकार लिन अझै समय लाग्ने देखिन्छ । जबसम्म यसले पूर्णता पाउनसक्ने छैन, मुलुकको द्वन्द्वयुक्त राजनीतिले सही निकास पनि पाउन सक्ने छैन । राजनीतिक ध्रुवीकरणले नै दुई प्रकारका प्रमुख द्वन्द्वलाई पनि ध्रुवीकरण गर्नेछ । राजनीति र द्वन्द्वको ध्रुवीकरणले मात्र मुलुकका अगाडि उपस्थित समस्यालाई समाधान गर्ने ऐतिहासिक परिवर्तनलाई जन्म दिन सक्नेछ । नेपालका सात प्रमुख संसद्वादी राजनीतिक पार्टीहरूले नै यो ऐतिहासिक काम सम्पन्न गर्ने योजना प्रस्तुत गर्नुपर्छ । उनीहरूले नै यसलाई कार्यान्वयन गर्न तत्पर हुनुपर्छ । सामान्य रूपमा भन्नुपर्दा यो विषय जति सरल लाग्छ, कार्यान्वयनमा यो त्यत्तिकै जटिल छ । यो समस्या नै जटिल छ र जटिल समस्याको सरल समाधान सम्भव छैन । तसर्थ, समाधानका लागि जटिलताको बाटो अवलम्बन गर्न तयार हुनु आवश्यक छ ।

०६१ माघ १९ पछि निरङ्कुश राजतन्त्रसित नेपालका सम्पूर्ण लोकतान्त्रिक पार्टी र आमनेपाली जनताको सम्बन्ध निरन्तर शत्रुतापूर्ण बन्दै गएजस्तै ०६२ मङ्सिर ७ पछि तिनै राजनीतिक पार्टीहरू र नेपाली जनताको नेकपा (माओवादी) सित निरन्तर सम्बन्ध सुधारको अवस्था बन्दै गएको छ । त्यसबेलादेखि नेकपा (माओवादी) भित्र सैद्धान्तिक तथा व्यावहारिक क्षेत्रमा पनि सुधार देखिन थालेको छ । ऊ निरन्तर सामाजिक र राजनीतिक शक्तिमा रूपान्तरण भइरहेको मान्नुपर्छ । अहिले पनि माओवादी र सात राजनीतिक पार्टीहरूका बीच सैद्धान्तिक, राजनीतिक र कार्यनीतिक सवालमा गम्भीर मतभिन्नताहरू छन् । तिनमा प्रमुख मतभिन्नता उसले अवलम्बन गरेको सङ्घर्षको प्रमुख रूप सशस्त्र व्यक्तिहत्या र राजनीतिमा सैनिकीकरणको सवाल नै हो । तर, हामीले बिर्सन नहुने कुरा के पनि हो भने माओवादीलाई अहिले यो अवस्थामा रहिरहन वाध्य पार्ने शक्ति भनेकै निरङ्कुश राजतन्त्र हो । अहिले पनि राजा जनताको अधिकार जनतालाई नै फर्काएर संविधानसभामा जान तयार हुन्छन् भने १२ बुँदे समझदारीका आधारमा भन्नुपर्दा नेकपा (माओवादी) सशस्त्र सङ्घर्ष स्थगन गर्न र हतियार बिसाउन तयार देखिन्छ ।

राजाले निरङ्कुश राजतन्त्रको एकसूत्रीय मार्गचित्र प्रस्तुत गरेका छन् । त्यसकै निम्ति उनले ०५९ असोज १८ र ०६१ माघ १९ को घटना घटाए । त्यसकै निम्ति नगरनिर्वाचनको नौटङ्की सुरु गरेका छन् र संसदीय निर्वाचनको बल्छी फालेका छन् ।

जनतालाई रैती र दास बनाई सार्वभौमसत्ता आफूमा निहित गराएर सम्पन्न गराइने भनिएको निर्वाचन राजाका यावत् निरङ्कुश क्रियाकलापलाई अनुमोदन गर्ने जनविरोधी षड्यन्त्रभन्दा अरू केही होइनन् । तर, यस्ता क्रियाकलापले वास्तवमा राजा के गर्न चाहन्छन् भन्ने कुरा स्पष्ट पारेका छन् । यसबाट राजाले २१ औं शताब्दीमा पनि १६ औं शताब्दीको निरङ्कुश शासन कायम गर्न अन्धो रूपमा सुरिएका छन् र ननिहुरिने अडानमा देखापरेका छन् भन्ने कुरा पुष्टि गरेका छन् ।

सात संसद्‌वादी राजनीतिक पार्टीहरूले सञ्चालन गरेको निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापनाका निम्तिको शान्तिपूर्ण संयुक्त जनआन्दोलन राष्ट्रकै प्रमुख राजनीतिक प्रवृत्ति हो । यो आन्दोलन निरन्तर अगाडि बढ्नु अनिवार्य छ । विजयको शिखरसम्म नपुगी यो आन्दोलन रोकिनै सक्दैन । यसलाई यसभन्दा अग्रगामी व्यवस्थाले मात्र प्रतिस्थापन गर्न सक्नेछ । अहिले अनेक कोणबाट विचार गर्दा यसका पक्षमा अनुकूलताहरू झन्‌झन् वृद्धि हुँदै गएका छन् । निरङ्कुश राजावादीहरूले आफूलाई जति बढी ननिहुरिने देखाउँदै गल्ती गर्दै जाने छन्, त्यति बढी निरङ्कुश राजतन्त्र भाँचिएर समाप्त हुने सम्भावना बढेर जानेछ र त्यति नै बढी आन्दोलनका पक्षमा अनुकूलता थपिनु अनिवार्य हुनेछ । सात संसद्‌वादी राजनीतिक पार्टीहरूको एकता अहिले बृहत् र महान् संयुक्त मोर्चातर्फ अगाडि बढिरहेको छ । यो मोर्चामा निरङ्कुश राजतन्त्रविरोधी बाँकी सम्पूर्ण राजनीतिक पार्टीहरू, नागरिक समाज, मानवअधिकार सङ्गठन, पेसा-व्यवसाय तथा वर्गीय सङ्गठनहरू एवम् सम्पूर्ण लोकतान्त्रिक सङ्गठित समुदाय सामेल हुनु अनिवार्य हुनेछ । त्यसबाट मुलुकमा बृहत् राष्ट्रिय संयुक्त जनआन्दोलन विकसित हुनेछ, जसले इतिहासको फोहरमैलाका रूपमा रहेको निरङ्कुश राजतन्त्रसहित सामन्तवादका सम्पूर्ण अवशेषहरूलाई सदासदाका निम्ति समाप्त गरिदिनेछ ।

**यतिबेला हाम्रो काँधमा आएको कार्यभार**

सात पार्टी एकताको घोषणा तथा सात पार्टी र माओवादीबीचको १२ बुँदे समझदारी अनि यसबीच सात पार्टीबाट अगाडि सारिएका सम्पूर्ण नीति-निर्णयहरूप्रतिको प्रतिबद्धता र तिनको जिम्मेवारीपूर्ण कार्यान्वयन हाम्रो अहिलेको मुख्य कार्यभार हो । निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापना, हिंसात्मक युद्धको अन्त्य र स्थायी शान्तिको स्थापना वर्तमान शान्तिपूर्ण संयुक्त जनआन्दोलनको लक्ष्य हो । हाम्रो पार्टी नेकपा (एमाले) ले यो आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रसम्म पुर्‍याउने निर्णय गरेको छ । यस अर्थमा हाम्रा निम्ति लोकतान्त्रिक गणतन्त्र आजको कार्यनीतिक लक्ष्य हो । हाम्रा निम्ति यो विषयलाई सात पार्टीमा सहमत गराउन अथक सङ्घर्षको कार्यभार थप हुन गएको छ । सात पार्टीभित्र अन्य ठूला पार्टीहरूले संवैधानिक राजतन्त्र निरपेक्ष नीतिको अवलम्बन गरेको विषयलाई कुशल संयोजन गर्न सक्दा लोकतान्त्रिक गणतन्त्रतर्फ यो एक पाइला अगाडि सावित हुनसक्ने सम्भावनाका रूपमा देखापरेको छ ।

हामीले आफूलाई जति ठूलो महसुस गर्छौं, त्यति धेरै जिम्मेवारी पूरा गर्न सक्नुपर्छ । ठूलो भएको घमण्ड त गर्छौं तर जिम्मेवारी पूरा गर्न सकेनौं भने त्यो अहङ्कारको आडम्बरभन्दा अरू हुने छैन । हामी एक्लैले आज नेपाली समाजको अभिभारा पूरा गर्न सक्दैनौं, जति कटु भए पनि यो यथार्थ हो । हाम्रो साथ जति अरूका निम्ति बाध्यता हो, हाम्रा निम्ति उनीहरू त्यसभन्दा कम होइनन् भन्ने कुरा बुझ्न सकेनौं भने कार्यगत एकता वा संयुक्त मोर्चा कायम गर्न सक्ने छैनौं । सात पार्टी एउटै पार्टी होइन र नेकपा (माओवादी) सित सहकार्यको एकता पनि गरिएको छैन । त्यसकारण त्यहाँ मतभिन्नताहरू छन् र त्यसमा आ-आफ्ना विशेषताहरू पनि समाहित छन् भन्ने कुरा स्वतः स्पष्ट छ । यसको अर्थ के पनि हो भने त्यहाँ एकता र सङ्घर्ष दुवैको समन्वयात्मक सम्बन्ध हुन्छ । त्यही भएर साझा सहमतिप्रति हाम्रो प्रतिबद्धता हुनुपर्छ र मतभिन्नताप्रति स्वतन्त्रता कायम रहनुपर्छ । संयुक्त मोर्चाभित्र मतभिन्नतामा सङ्घर्षको पक्ष मित्रतापूर्ण र आलोचनात्मक नै रहनुपर्छ । स्वतन्त्रताको पनि सीमा हुन्छ र त्यसको पनि उल्लङ्घन उचित हुँदैन । सात पार्टी एकता अथवा सात पार्टी-माओवादी समझदारीप्रति हामी यति संवेदनशील किन हुनुपर्छ भने यी एकता र समझदारी सिङ्गो राष्ट्र तथा सम्पूर्ण नेपाली जनताको सुन्दर भविष्यसित सम्बन्धित छन् ।

निरङ्कुश राजतन्त्रको अन्त्यका निम्ति नगरी नहुने अर्को महत्त्वपूर्ण ऐतिहासिक कार्यभार हो, सम्पूर्ण सङ्गठित जनसमुदाय तथा अहिले पनि मोर्चामा आउन नसकेका राजनीतिक पार्टीहरूलाई समेत सामेल गरी निर्माण गरिने बृहत् राष्ट्रिय संयुक्त मोर्चा । निरङ्कुश राजतन्त्रका विरुद्ध रहेका तमाम राजनीतिक पार्टीहरू, सङ्घ-संस्थाहरू, नागरिक समाज, वर्ग, पेसा, सामाजिक तथा व्यावसायिक सङ्गठन र सम्पूर्ण गैरसरकारी सङ्गठनहरूसित सात पार्टीको साझा सहमतिको एकता आजको अति जरुरी आवश्यकता हो । यस्तो संयुक्त मोर्चाले एकैचोटि लाखौं जनताको व्यापक जनाधार प्राप्त गर्नेछ । राजनीतिक पार्टीको विस्तारको एउटा सीमा हुन्छ तर त्यसभन्दा धेरै व्यापक सीमामा यी सङ्गठनहरू रहेको हुनाले वर्तमान संयुक्त जनआन्दोलनले छिट्टै राष्ट्रव्यापी जनउभार ल्याउन सक्नेछ । वर्तमान संयुक्त जनआन्दोलनको सफलताका निम्ति जतिसक्दो छिटो यो संयुक्त मोर्चा निर्माणको काम सम्पन्न गर्न सक्नुपर्छ ।

हरेक मानिस बाँच्न चाहन्छ । बाँच्नुको अर्थ सम्मान र स्वाभिमानपूर्वक बाँच्नु हो । जहाँ निरङ्कुश राजा रहन्छन्, त्यहाँ कसैको पनि न सम्मान हुन्छ, न त स्वाभिमान । निरङ्कुश राजतन्त्रअन्तर्गत मानिसहरू प्रजा, रैती र दास हुन सक्छन् तर जनता हुन सक्दैनन् । आफ्नो मालिक आफैं हुन पाउने अधिकार भएका मानिसहरू मात्र जनता कहलाउँछन् । निरङ्कुश राजतन्त्रअन्तर्गत कोही पनि मानिस आफ्नो मालिक आफैं हुन पाउँदैन । त्यहाँ राजाले जे चाहन्छन्, त्यही हुन्छ र कसैलाई पनि भौतिक रूपमा समाप्त गर्न वा केही पनि गर्न राजालाई छूट दिइएको हुन्छ । आज हाम्रो देशमा निरङ्कुश राजतन्त्र छ, त्यही भएर ०५९ असोज १८ देखि आजसम्म राजा र राजपरिवारले स्वेच्छाचारी ढङ्गबाट नै कुनै पनि कामहरू गरेका छन् । आवश्यकता पर्दा आफूलाई बलिदान गर्न पनि तयार नभईकन स्वेच्छाचारी शासकहरूलाई जनताको धरातलमा पनि ल्याउन सकिएको छैन । अहिले हामीले पनि त्यसै नगरी यो निरङ्कुश राजतन्त्रलाई पराजित गर्न सकिन्न । नेपाली जनताले त्यही भएर मानव भएर बाँच्नका निम्ति पनि निरङ्कुश राजतन्त्रका विरुद्ध आवश्यकता पर्दा हाँसी-हाँसी बलिदान हुन तयार हुनुपर्छ ।

प्रत्येक आन्दोलनकारीको मनमा मालिक हुने मनोविज्ञानको निर्माण यतिबेला देखिएको हाम्रो अत्यन्त महत्त्वपूर्ण वैचारिक कार्यभार हो ।

अहिले निरङ्कुश राजतन्त्रलाई चिरस्थायी बनाउने राजाको रणनीति युद्धद्वारा माओवादी समाप्त गर्ने र आफ्नो निर्देशनको निर्वाचनद्वारा सात संसद्वादी पार्टी समाप्त गर्ने रहेको छ । यो रणनीतिमा राजा कतिसम्म अडिग छन् भन्ने कुरा चार महिनासम्म माओवादीले एकतर्फी युद्धविराम गर्दा पनि त्यसलाई सकारात्मक सम्बोधन गर्नसम्म तयार भएनन् र 'माघ १९' को कदम समर्थन नगरेको हुनाले राजावादी विचारमै रहेको, राप्रपालाई फुटाएर कमल थापालाई आफ्नो पक्षमा नाङ्गो रूपमा खडा गर्न लगाए । जो कसैले पनि आफ्नो विपक्षीको रणनीति नबुझी आफ्नो रणनीति बनाउन सक्दैन । राजाको रणनीतिको जानकारी लिइसकेपछि हाम्रो रणनीति के हुनुपर्छ भन्ने कुरामा पनि हामी स्पष्ट हुनुपर्छ । हाम्रो पनि रणनीतिको सार हो, युद्धविराम र शान्तिवार्ताद्वारा युद्धको अन्त्य गरी स्थायी शान्ति कायम गर्ने र राजाको कथित निर्वाचनको सक्रिय बहिष्कार गरी असफल गराउँदै निरङ्कुश राजतन्त्रलाई पराजित गर्ने । अब हामीले राख्नुपर्ने दृढ अडान के हो भने एकपटक निष्कर्षमा पुगिसकेपछि त्यसलाई व्यवहारमा नजाँच्दै शङ्का र उप-शङ्कामा आफूलाई फसाउने छैनौं, फसायौं भने सफल हुन पनि सकिने छैन ।

निरङ्कुश राजतन्त्रसित नेपाली समाजको प्रमुख राजनीतिक अन्तरविरोध निरन्तर सक्रिय भइरहेको छ र विस्फोटनउन्मुख छ । राजाका यावत् क्रियाकलाप अन्तरविरोधलाई अरू बढी चर्काउन केन्द्रित छन् । उनका सम्पूर्ण आदेश र निर्देशनहरू जनतालाई दमन गर्ने र विपक्षीलाई समाप्त गर्ने दिशातर्फ उन्मुख छन् । यसबाट आन्दोलनकारी पङ्क्तिमा दुई किसिमको प्रभाव पर्ने निश्चित छ, एउटा राजासित सम्झौता गर्नुपर्छ भन्ने केही मानिसहरूमा निराशा उत्पन्न हुनेछ र पलायन देखापर्न सक्नेछ तर अर्काथरी आन्दोलनकारीमा निरङ्कुशतन्त्रका विरुद्ध दृढता देखापर्नेछ र राजनीतिक ध्रुवीकरणले तीव्रता लिनेछ । राजाको आधार सेना, प्रहरी र प्रशासन भएको हुनाले उनको शासनशैली क्रमशः सैनिकीकण र अरू बढी दमनात्मक तथा निरङ्कुश हुनु अनिवार्य हुनेछ । यसले राजनीतिक ध्रुवीकरण मात्र होइन, द्वन्द्वको पनि ध्रुवीकरण हुनेछ र अन्तरविरोधले विस्फोटनको रूप धारण गर्नेछ । राजाका सबै निरङ्कुश क्रियाकलाप आमजनविद्रोहको परिस्थितिका लागि पृष्ठभूमि बन्नेछन् । हामीले परिस्थितिको विकासक्रमलाई सूक्ष्माति-सूक्ष्म विश्लेषण गर्दै प्रमुख राजनीतिक अन्तरविरोधलाई विस्फोटनको दिशाउन्मुख गर्न नै आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ । यस्तो अवस्थामा राजासित सम्झौता होइन, सशक्त र जुझारु आन्दोलनद्वारा समस्याको समाधान गर्ने बाटो अवलम्बन गर्नुपर्छ । आफूले सही नीति अवलम्बन गर्ने र शत्रुलाई गलत नीति अवलम्बन गर्न धकेल्ने काम गर्न सिपालु हुनुपर्छ । शान्तिपूर्ण आन्दोलनका कालमा आन्दोलनकारी पङ्क्तिभित्र सम्झौतापरस्त विचारको खतरा देखापरिरहने सम्भावना रहन्छ भने निरङ्कुश राजावादीहरूमा अहङ्कार र दम्भको मनस्थिति देखा परिरहन सक्छ । आन्दोलनकारीभित्रको सम्झौतापरस्तता प्रमुख कमजोरीका रूपमा रहन सक्छ भने निरङ्कुश राजावादीहरूको अहङ्कार र दम्भ पनि त्यत्तिकै ठूलो कमजोरीका रूपमा प्रकट हुनेछ । निरङ्कुश राजावादीहरू चारैतिर आफ्नो मात्र प्रभाव र जय-जयकार अनुभव गर्नु जनताको विजयका निम्ति नकारात्मक हुन सक्दैन । यस्तो अवस्थामा आफ्नो कमजोरी हटाउन सशक्त आन्दोलनमा निरन्तर लागिपर्नुपर्छ र त्यसद्वारा नै शत्रुको कमजोरी बढाउन हरसम्भव प्रयत्न गर्नुपर्छ । जनआन्दोलनले नै सम्झौतापरस्त विचारलाई हुर्कन दिने छैन र शत्रुका कमजोरीलाई घट्न दिने छैन ।

हरेक ऐतिहासिक आन्दोलनले त्याग र बलिदानको लगानी माग्छ । इतिहासपुरुषहरू लगानीका निम्ति तयार हुनुपर्छ । अहिले नेपाली जनताको इतिहास निर्माण गर्ने समय हो । अनेक हिसाबले उपयुक्त समय पनि यही हो । आन्दोलनको निर्णायक घडीमा स्थान र जातिविशेषका जनताको अहम् भूमिका हुन्छ । त्यो भूमिका निर्वाह गर्ने अवसर राजधानी उपत्यकाका जनताका अगाडि फेरि आइपुगेको छ । उठौं र उठ्न सहयोग गरौं, आफ्नो मालिक आफैं बन्नलाई ! राजाबिनाको लोकतन्त्र यही धर्तीमा स्थापना गर्नलाई !!

■

# शाही सरकारद्वारा गिरफ्तार नेता–कार्यकर्ता

निरङ्कुश शाही सरकारले नेकपा (एमाले) सहित सात दलका हजारौं नेता-कार्यकर्तालाई गैरकानुनी रूपमा गिरफ्तार गरी हिरासतमा राखेको छ । माघ ७ गते राजधानीमा निर्धारित विरोध प्रदर्शन बिथोल्न शाही सरकारले काठमाडौं उपत्यकामा अघिल्लो दिनदेखि नै व्यापक मात्रामा नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरेको थियो भने कथित नगरनिर्वाचनको नौटङ्की मञ्चन गर्नका लागि त्यसपछि देशभरि गिरफ्तारीलाई तीव्र बनाएको थियो । २८ माघ ०६२ सम्म गिरफ्तार नेता-कार्यकर्ताको विवरण यसप्रकार रहेको पार्टी केन्द्रीय कार्यालयले जनाएको छ । पछि प्राप्त हुने नाम आगामी अंकमा प्रकाशित गरिनेछ ।

**घरमै नजरबन्द**

महासचिव माधवकुमार नेपाल र स्थायी समिति सदस्य भरतमोहन अधिकारी ।

**हिरासतमा**

स्थायी समिति सदस्यद्वय ईश्वर पोखरेल, युवराज ज्ञवाली र केशव बडाल, केन्द्रीय कमिटी सदस्यहरू रघुजी पन्त, सुवास नेम्वाङ, सुरेन्द्र पाण्डे, प्रदीप ज्ञवाली, युवराज कार्की, त्रिलोचन ढकाल, राजेन्द्र श्रेष्ठ, वाचस्पति देवकोटा, गोपाल शाक्य, घनेन्द्र बस्नेत, गुरु बराल, भीम रावल, तुलबहादुर गुरुङ, महेन्द्रबहादुर पाण्डे, गोकर्ण विष्ट, लालबाबु पण्डित, भानुभक्त जैसी ।

**रिहा**

स्थायी समिति सदस्यत्रय केपी ओली, प्रदीप नेपाल र मुकुन्द न्यौपाने, केन्द्रीय कमिटी सदस्यहरू सिद्धिलाल सिंह, रघुजी पन्त (पुनः गिरफ्तार) विद्यादेवी भण्डारी, कृष्णगोपाल श्रेष्ठ, सुरेश कार्की, पशुपति चौलागाईं ।

**हिरासतमा रहेका विभिन्न कमिटीका कमरेडहरू**

योगेश भट्टराई, रूपनारायण श्रेष्ठ, रामेश्वर फुयाँल, कृष्णलाल महर्जन, माधव पौडेल, विनोद श्रेष्ठ, मीठाराम शर्मा, योगेन्द्र सङ्ग्रौला, ओम थपलिया, विदुर मैनाली, रामकुमारी झाँक्री, विजय राई, प्रकाश न्यौपाने, दामोदर घिमिरे, श्याम बस्नेत, द्वारिका उप्रेती, सुरेन्द्र बस्नेत, राजकुमार राई, आरसि लामिछाने, दीपेश गौतम, बद्रीविक्रम थापा, ईश्वरी तिमिल्सिना, गोविन्द गौतम, विमल पुन, राजेन्द्ररमण खनाल, गोविन्द नेपाली, अनिल भण्डारी, कलाधर भण्डारी, पुस्तक चन्द, गोपाल केसी, उमेश कुईंकेल, नवीन तण्डुकार, कृष्ण राई, नविना लामा, प्रेमप्रसाद गुरागाईं, देवी थपलिया, सुदर्शन तिमिल्सिना, पुरुषोत्तम प्याकुरेल, ईश्वर तिमिल्सिना, पुण्यप्रसाद चौलागाईं, रमेश नेपाल, मोतीलाल पाण्डे, ओमप्रकाश मानन्धर, बाबुराम भट्टराई, तिलबहादुर रोका, दुर्गा सुवेदी, उपेन्द्र खड्का, ठाकुर वली, दीपक न्यौपाने, लीलामणि गौतम, केशव भुसाल, राजु न्यौपाने, यमराज वली, अमृत बुढा, बाबुराम खनाल, नेत्र गिरी, घनश्याम पाण्डे, होमराज मैनाली, काजी थापा, नवीन गौतम, सुनिता रोक्का, निर्मल श्रेष्ठ, गणेश गुरुङ, आनन्ददेव भट्ट, गणेश रसाइली, उत्तम शर्मा न्यौपाने, राधा पौडेल, श्रीबहादुर घलान, कृष्णलाल जोशी, सुमन श्रेष्ठ, ज्ञानेन्द्र ढुङ्गाना, ईश्वरीप्रसाद कोइराला, अच्युत अर्याल, वासुदेव श्रेष्ठ, शिव लामिछाने, राजकुमार कायस्थ, मीरा थापा, सुनिता सुवेदी, रामकृष्ण देउला, रामलाल शाह, मोहन उदास, भानुराज कोइराला, मुकेश बुढाथोकी, पशुपति भण्डारी, कमल ढुङ्गेल, देवराज भार, हर्कबहादुर सिंह, प्रेम आले, केशव ढुङ्गाना, गणेश प्रसाईं, रेवन्ती पन्त, भाग्यनारायण राय, बसन्तराज भट्टराई, वेदप्रसाद जोशी, वामदेव जोशी, राजकुमार उप्रेती, बाबुराम थापा, विपीनचन्द्र ढकाल, ध्रुवराज अधिकारी, ऋषिराम शर्मा, घनश्याम पाण्डे, तेजबहादुर चन्द, राजबहादुर बुढा, लक्ष्मी पोखरेल, सावित्री मल्ल, टेकबहादुर खाँड, प्रतापलाल श्रेष्ठ, शंकरनारायण श्रेष्ठ, सिताराम बजगाईं, पदमराज सेन, प्रेमराज श्रेष्ठ, विष्णु ढकाल, विष्णु तिमिल्सिना, रामराज रेग्मी, सोभियत ढकाल, मदनकाजी श्रेष्ठ, हरि पौडेल, बेदहरी सुवेदी, शेखर गौतम, ढाकामोहन पराजुली, राजेन्द्र अधिकारी, किशोरविक्रम मल्ल, परमेश्वर घिमिरे, टिका बुढाथोकी, विक्रम शाही, नरबहादुर बिष्ट, तारा जोशी, अनिल विक, ज्ञानु गैरे, धनबहादुर शाही, निरा जैरी, धर्मराज रोस्यारा, यज्ञराज अवस्थी, डम्बर सावद, धर्मराज पडाल, महेश रेग्मी, हरिप्रसाद पोखरेल, ऋषिकेश पोखरेल, रामलाल शाह, पारुल क्षेत्री, कवि तिम्सिना, रोहित कोइराला, प्रेमस पोखरेल, सविर आलम, सञ्जय मण्डल, राजकुमार खत्री, योगेन्द्र दाहाल, मनिष ढकाल, दयाराम बास्कोटा, पुन्य रेग्मी, कृष्ण कार्की, रमेश श्रेष्ठ, राजेन्द्र कार्की, नवीन पौडेल, रविशङ्कर झा पेशल लुईंटेल, दामोदर तिवारी, नारायणकृष्ण श्रेष्ठ, आमोद शर्मा कुईंकेल, भीमचन्द्र राई, प्रमिला राई, लक्ष्मी राई, नारायण कार्की, हिमाल कार्की, श्याम श्रेष्ठ, भीम विक, शम्भु पौडेल, प्रदिशा घिमिरे, प्रकाश बस्नेत, मुरारी खड्का, खाजेन्द्र कटुवाल, ईश्वरमणि राउत, कर्णसिंह राई, विमला सुनुवार, सुमन्त कोइराला, इन्द्रप्रसाद शाह, राकेश खत्री, अर्जुन तिम्सिना, देवी ढकाल, तारा तामाङ, मनरत्न शाक्य, हरिहर लामिछाने, विमला खनाल, शोभा सापकोटा, रञ्जना खनाल, रवीन्द्र मानन्धर, सुरेन्द्रहर्ष बज्राचार्य, श्याम नापित, हीरादेवी पोखरेल, इन्द्रबहादुर मानन्धर, रेवती घिमिरे, श्रीनाथ बराल, राजीव पहारी, कमल गौतम, हरि कार्की, गोमा आचार्य, राजेन्द्र रिजाल, गोपाल भट्टराई, परमानन्द खरेल, राजेन्द्र पन्थी, पुष्पाञ्जली उपाध्याय, कलानन्द ज्ञवाली, श्रीराम यादव, आदित्यनारायण कसौधन, श्याम खरेल, राजेन्द्र पन्थी, हरि अधिकारी, दुर्गाप्रसाद उपाध्याय, अञ्जनी यादव, कृष्णानन्द ज्ञवाली, तुलसी चौधरी, वासु घिमिरे, खुमकान्त पौडेल, उमा काफ्ले, रामचन्द्र यादव, टेकनाथ कोइराला, सुरेन्द्र शर्मा, पुण्यप्रसाद सापकोटा, पम्फा नेपाल, लक्ष्मी पाण्डे, तारापति भण्डारी, उमा अधिकारी, रमेश अर्याल, पशुपति आचार्य, माधव काफ्ले, डा. रामप्रसाद बस्याल, कृष्णप्रसाद भण्डारी, मोहन देउजा, निमाजुद्दिन मुसलमान, साधुशरण साहना, निरबहादुर खड्का, लेखनाथ पाण्डे, शालिराम न्यौपाने, माया लामिछाने, इन्दिरा क्षेत्री, लक्ष्मी खनाल, ज्योतिषकुमार भट्टराई, रामबहादुर श्रेष्ठ, कृष्ण नेपाल, डिल्लीराम बस्याल, कृष्णप्रसाद पन्त, भक्तिराम भुसाल, चौधरी लोध, हिमलाल पौडेल, बालकृष्ण भट्टराई, भरत पोखरेल, बुद्धिसागर भट्टराई, कपिल लामिछाने, डिल्लीराज भट्टराई, मोदनाथ शास्त्री, विजय सुवेदी, शैलेन्द्र पिया, केशव रेग्मी, अरूणपीडित भण्डारी, सुदीप रेग्मी, लोकबहादुर थापा, ईश्वरीप्रसाद शर्मा, सुवास जिसी, लिलाधर पौडेल, श्याम गुरुङ, विष्णु पराजुली, रुद्र, बालकृष्ण गुरुङ, रामप्रसाद अधिकारी, पूर्ण लामा, प्रेमराज पौडेल, नरबहादुर केसी, रामबहादुर कार्की, वाचस्पति देवकोटा, प्रेम गुरुङ, विकल श्रेष्ठ, शिवकुमार श्रेष्ठ, सम्झना देवकोटा, कृष्ण कुँवर, बुद्धि दवाडी, गङ्गा श्रीमल, दोणाचार्य तिमिल्सिना, प्रदीप सिंखडा, ईश्वरी पाण्डे, वचन देउजा, हरि पोखरेल, ऋषि पोखरेल, महेश रेग्मी, रामलाल शाह, मोहन उदास, घनश्याम खतिवडा, बाबुराम कार्की, केदार गुरागाईं, राजेश बस्नेत, राजकुमार कार्की, बासु थापा, हेमराज खत्री, नेत्र गौतम, राजेन्द्र गौतम, डेढराज खड्का, तुलसी न्यौपाने, मुरारी खतिवडा, गोविन्द न्यौपाने, नरेन्द्र प्रधान, दिवाकर देवकोटा, दिनेशचन्द्र सुवेदी, योगनारायण यादव, उमेश झा, बाबुराम गौतम, पदम धिताल, प्रकाश बस्नेत, परमेश्वर घिमिरे, हर्कबहादुर सिंह, डम्बर खड्का, नारद राई, वीरबहादुर श्रेष्ठ, अर्जुनबहादुर थापा, लोकबहादुर खत्री, कृष्णप्रसाल जैसी, खड्ग राउत, भरत खड्का, केशव रावल, सुवास जिसी, रामहरि सुवेदी, भीम न्यौपाने, तुईकाजी श्रेष्ठ, दीपक गौतम, हीरामान श्रेष्ठ, रमेश घिमिरे, नवीन लामा, यादव कोइराला, गोविन्द नेपाली, नरेन्द्र प्रधान, हीराबहादुर केसी, डेजी पाण्डे, हेरम्ब बास्तोला, मोहन बास्तोला, समिक बराल, रामलाल साह, रवीन्द्र अधिकारी, मनबहादुर गुरुङ, ध्रुव पराजुली, यादव बस्नेत, मेघराज भुसाल, धर्मानन्द पन्त, खिमलाल भट्टराई, गुणराज आचार्य, छविलाल ओली, शेषराम भण्डारी, ढुण्डीराज लामिछाने, नेत्रमणि लामिछाने, डम्बर ओली, यमकान्त पाण्डे, माधव भुसाल, नारायण भट्टराई, दीपक केसी, प्रेमनारायण पौडेल, लोकराज शर्मा, विष्णुप्रसाद उपाध्याय, ढाकाराम अर्याल, प्रेम गुरुङ, इशलाम मियाँ, धनबहादुर विक, दीपक पाण्डे, ऋषि काफ्ले, नारायण अर्याल, पारेश्वर न्यौपाने, इन्द्रबहादुर राना, विष्णु दाहाल, नवीन तिमिल्सिना, बुद्धिसागर भण्डारी, अर्जुन सुवेदी, केदार अर्याल, विष्णु गुरुङ, चिरञ्जीवी भण्डारी, समुन अर्याल, गणेश पाठक, सुरेश पोखरेल, शालिकराम पाठक, जगन्नाथ भट्टराई, थिरलाल पाण्डे, दुतप्रसाद पङ्गेनी, रवि शर्मा, कविता पौडेल, सुशीला नेपाल, पवित्रा पौडेल, तीर्था गौतम, सावित्रा भुसाल, रत्नशोभा महर्जन, लीलादेवी सेढाईं, शिवकुमारी खनाल, थममाया थापा, शोभा सापकोटा, राधा हुमागाईं, शान्ति श्रेष्ठ, कुशकुमार कार्की, रामजी आचार्य, अनन्त

पौडेल, कृष्णप्रसाद दाहाल, श्रीधर पोखरेल, महेश बर्तौला, शान्ति श्रेष्ठ, रवीन कोइराला, डिल्लीराम घिमिरे, विष्णुमाया पाठक, गङ्गा कार्की, अम्बिका फुयाँल, कृष्ण प्रसाई, दिनेश राई, रोम कार्की, तुलसी ढुङ्गाना, ध्रुव उप्रेती, शरण गौतम, दीपक भण्डारी, दीपक पोखरेल, तारादेवी दाहाल, बन्धनकुमार मुन्डा, अर्जुन बर्देवा, मुरलीधर कोइराला, लोकबहादुर खत्री, लोकेन्द्र शाही, गणेश सावद, तेजेन्द्र थापा, जयबहादुर थापा, भुवन रिजाल, नवराज जोशी, दुर्गा ओझा, देवबहादुर खड्का, यामलाल कँडेल, बालकृष्ण बिसी, देवेन्द्र बिसी, डिलाराम गिरी, कुलदीप भट्ट, चक्रपाणि शर्मा, टीकाराम सुवेदी, खडानन्द कँडेल, धनकुमारी कँडेल, चुडामणि कँडेल, हरिलाल महतारा, मोतीराम शर्मा, तुलबहादुर हमाल, डण्डीप्रसाद शर्मा, महेन्द्रप्रसाद शर्मा, बालचन्द्र कटेल, विष्णुहरि केसी, शेरबहादुर राना, प्रभाप्रसाद थानी, घनश्याम पाण्डे, चतुरभुज शाही, गोपाल बुढाथोकी, मीना उप्रेती, उद्धव थापा, मदन गुरुङ, मञ्जु सिटौला, भगीरथ पोद्दार, पद्मा कोइराला, गजेन्द्र निरौला, बोधराज न्यौपाने, प्रकाश बोहरा, दलबहादुर कार्की, सिर्जना शर्मा, भीमकुमारी सुवेदी, कृष्ण नेपाली, गोविन्द पौडेल, डम्बर रानाभाट, हेमकुमार श्रेष्ठ, शारदा पराजुली, पद्मा पन्त, हरि पौडेल, खगराज पौडेल, मोहन बञ्जरा, शालिग्राम पौडेल, केशवप्रसाद देवकोटा, प्रदीप कटुवाल, रामहरि पोखरेल, चुडामणि श्रेष्ठ, विनोद खड्का, केशवप्रसाद देवकोटा, माधव बराल, निर्मल रम्तेल, बीरबहादुर सिंह, गैंडा शेरखान, विक्रमबन्धु न्यौपाने, राजाराम पुडासैनी, शान्त प्रधान, सरोज यादव, रमेशचन्द्र पौडेल, राजकुमार ओझा, सागर थापा, टीकाराम चेम्जोङ, दीपक बुढाथोकी, परशुराम नेपाल, हरि अधिकारी, युवराज बस्नेत, मदन अर्याल, श्याम ढकाल, लक्ष्मण ज्ञवाली, खगराज शर्मा, गोविन्द पाण्डे, गोविन्द ज्ञवाली, मदन खतिवडा, विना ज्ञवाली, कल्पना ज्ञवाली, नूतन चौधरी, भद्रबहादुर सुनार, कृष्ण शाही, तिलबहादुर घर्ती, कुस्माण्ड शर्मा, लालबहादुर विश्वकर्मा, भोजराज जोशी, महेशदत्त जोशी, अक्कलबहादुर विष्ट, रामसिंह धामी, दीपेन्द्र धामी, भवनाथ घिमिरे, सुदीप शर्मा, उज्वल कडरिया, सानु खत्री, विमल घिमिरे, फणिन्द्र लुईंटेल, नेत्र भण्डारी, विनोद शाही, सोमराज भण्डारी, विरोध खतिवडा, रघुनाथ खुलाल, अच्युत लामिछाने, नजिर मियाँ, सुधीरकुमार पौडेल, शिवजी गुरुङ, शुशील बस्नेत, सूर्य भण्डारी, चन्द्र बुढा, विकास गौतम, विष्णु गौतम, सन्तोष अधिकारी, अनमोल क्षेत्री, कुमार तामाङ, मधुमास कोवित पुन, गजकुमारी गुरुङ, नारायण बर्तौला, शशीभूषण सिंह, फरमुल्लाह मन्सुर, विनोद साह, रामनाथ सिंह, पङ्कज पाण्डे, सुरेशकुमार कार्की, मणिराज उपाध्याय, गोविन्द ढकाल, नारद थापा, बलदेव चौधरी, भीमप्रसाद पराजुली, सन्तोष कोइराला, राजन राउत, माया भण्डारी, खड्ग परियार, शशी राई, मोहनसिंह तामाङ, खुसीलाल चौधरी, अम्बर परियार, विराट चौधरी, बुद्धराज काफ्ले, मदन खड्का, विष्णुबहादुर राउत, तीर्थ परियार, रामहरि पोखरेल, गम्भीरबहादुर कार्की, दिलबहादुर विक, राजेन्द्र चौधरी, आशाराम चौधरी, मुकेश राई, सुरेश राउत, दीपक खनाल, खड्ग विक, निशा परियार, विदुर बस्नेत, केपी बराल, नारायण बुर्जा, बलदेव विक, डोरमणि पौडेल, रामेश्वर राना, दीपेश गौतम, रामचन्द्र लामिछाने, ईश्वर तिमिल्सिना, हरिहर कार्की, रमेश घिमिरे, मदन बोहरा, अजय खनाल, राजकुमार राई, देवी थपलिया, प्रेम गुरागाईं, विमल पुन, श्यामसुन्दर बस्नेत, गोपाल केसी, अनिलकुमार भण्डारी, रूपेश खतिवडा, प्रकाश न्यौपाने, दामोदर घिमिरे, सरोज यादव, पुरुषोत्तम प्याकुरेल, सुदर्शन आचार्य, गोविन्द गौतम, बद्रीविक्रम थापा, राजेन्द्र विजेन्द्र, नवीन तण्डुकार, यज्ञराज पन्त, अर्जुनकुमार कार्की, वसन्त अर्याल, सन्तोष गुरागाईं, तुलसी थापा, नवीन पाण्डे, जनक बोहरा, दीपक फुयाँल, अनन्द श्रेष्ठ, नवीन गौतम, होमराज मैनाली, विद्या शर्मा, सन्तोष पोखरेल, पशुपति भण्डारी, कमल ढुङ्गेल, चन्द्रप्रसाद कार्की, मच्छिन्द्र तिवारी, भवनाथ घिमिरे, सुदीप शर्मा, उज्ज्वल कडरिया, विमल घिमिरे, फणिन्द्र लुईंटेल, हीरा केसी, कृष्णहरि अधिकारी, गणेश पोखरेल, अर्जुन कार्की, बाबुराम थापा र हुमबहादुर भण्डारीलगायत रहेका छन् ।

**रिहा**

राजेन्द्रकुमार राजथला, पीताम्बर तिमिल्सिना, ओम राजवाहक, केपी ओली, गोकुल घर्ती, सोम मिश्र, सोभा सापकोटा, विमला खनाल, सुमन श्रेष्ठ, रत्ना गुरुङ, रामकृष्ण श्रेष्ठ, विनोद ढकाल, मृत्युञ्जय झा, निमा बस्नेत, लोचन भट्टराई, मृत्युञ्जयकुमार मिश्र, आमोद शर्मा कुईंकेल, सुमन कोइराला, गिरेन्द्र कार्की, राधेश्याम कट्टेल, कञ्चन माला वर्मा, बाबुकाजी कार्की, भरत केसी, ऋषिकेश उप्रेती, दुर्गा कार्की, सुमन प्याकुरेल, यादव रायमाझी, झपेन्द्र जिसी, विष्णु सिटौला, गोपीचन्द्र कार्कीलगायत रहेका छन् ।

■

# मुलुकको यथार्थ र माओवादीका निष्कर्षहरू

**' विष्णु पौडेल**

उग्रदक्षिणपन्थी प्रतिगामी दृष्टिकोण र उग्रवामपन्थी माओवादी दृष्टिकोणका आधारमा मुलुकमा विद्यमान सङ्कटको समाधान सम्भव छैन । त्यसैले नेकपा (एमाले) निरङ्कुश राजतन्त्रका विरुद्ध राजनीतिक सङ्घर्ष र माओवादीका विरुद्ध विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्न चाहन्छ । निरङ्कुश राजतन्त्रलाई राजनीतिक सङ्घर्षद्वारा परास्त गर्न र माओवादीलाई

विचारधारात्मक सङ्घर्षद्वारा रूपान्तरण गर्न चाहन्छ। राजालाई प्रत्यक्ष शासनबाट र माओवादी हतियारबाट अलग गर्न चाहन्छ। नेपाली समाजमा पूर्ण प्रजातन्त्र स्थापना गर्न, स्थायी शान्ति कायम गर्न र आर्थिक तथा सामाजिक क्षेत्रमा अग्रगामी परिवर्तन गर्न चाहन्छ।

निरङ्कुश राजतन्त्रले राजनीतिक पार्टी र आमजनतालाई आकर्षित गर्न सकेको छैन। तर, केही समययता नेपाली राजनीतिमा सात राजनीतिक दल र माओवादीबीचका मतविरोधहरूलाई बेवास्ता गर्ने, यी दुईलाई एउटै कित्तामा राखेर हेर्ने र एकलाई अर्काको पुरक शक्तिका रूपमा बुझ्नेजस्ता नकारात्मक प्रवृत्तिहरू प्रकट भएका छन्। हाम्रो पार्टीभित्रसमेत माओवादीसँगका सैद्धान्तिक, वैचारिक तथा राजनीतिक मतविरोधहरूलाई न्यून महत्त्व दिने, बेवास्ता गर्ने र यो वा त्यो रूपमा माओवादीका दृष्टिकोण, अडान र मान्यताहरूलाई जायज ठान्नेजस्ता अनुचित प्रवृत्तिहरू देखापर्न थालेका छन्। माओवादीलाई विचारमा उग्रवामपन्थी र क्रियाकलापमा आतङ्ककारी भन्ने महाधिवेशनबाट पारित पार्टीको संस्थागत निर्णयलाई परिवर्तन गर्न चाहने र उनीहरूलाई मित्रशक्ति देख्ने दृष्टिकोण हुर्किंदै गएको छ। १२ बुँदे समझदारीलाई सात दल र माओवादीबीच विद्यमान मतविरोधहरूको समाप्तिको अर्थमा बुझ्ने, निर्दोष नागरिक तथा निशस्त्र सिपाहीहरूको हत्याजस्ता आतङ्ककारी क्रियाकलापप्रति मौन रहने र प्रकारान्तरले त्यस्ता क्रियाकलापलाई जायज ठान्नेजस्ता हानिकारक चिन्तनहरू देखा पर्दैछन्। हामीले पार्टीपङ्क्ति र समग्र राष्ट्रिय राजनीतिलाई माओवादीप्रतिको यस प्रकारको भ्रमबाट मुक्त गर्न जरुरी छ। माओवादीका पछिल्ला विश्लेषणहरूलाई ठीक ढङ्गले हेर्न, विश्लेषण गर्न र त्यसका आधारमा उनीहरूप्रतिको दृष्टिकोण र उनीहरूसँगको सम्बन्धलाई परिभाषित गर्न जरुरी छ।

**१. विद्यमान द्वन्द्व दुईपक्षीय कि त्रिपक्षीय ?**

माओवादीले सात राजनीतिक दलसँगको १२ बुँदे समझदारीलाई आधार बनाएर नेपाली राजनीति त्रिपक्षीय द्वन्द्वबाट द्विपक्षीय द्वन्द्वमा रूपान्तरित भएको निष्कर्ष प्रस्तुत गरेको छ। र, त्यसकै आधारमा सात राजीतिक दलसँग संयुक्त मोर्चा वा सहकार्यको अपेक्षा गरेको छ। सात राजनीतिक दलले माओवादीलाई उग्रवामपन्थी विचार र आतङ्ककारी क्रियाकलापबाट मुक्त गर्न चाहन्छन्। हतियार र हिंसा परित्याग गर्न लगाएर शान्तिपूर्ण राजनीतिमा फर्काउन चाहन्छन्। उनीहरूलाई रूपान्तरण गर्नका लागि विचारधारात्मक सङ्घर्ष सञ्चालन गर्न चाहन्छन्। माओवादीहरू जुन हदसम्म रूपान्तरित हुन्छन्, त्यही हदसम्म समझदारी कायम गर्न र पूर्ण रूपले रूपान्तरित नहुन्जेलसम्म विचारधारात्मक सङ्घर्षलाई जारी राख्न चाहन्छन्।

माओवादीको चाहना कार्यान्वयन हुनका लागि सात दल र माओवादी एउटा कित्तामा खडा हुन सक्नुपर्छ। त्यसका निम्ति या त माओवादीले सात दलको एजेन्डा स्वीकार्नुपर्छ, या सात दलले माओवादीको एजेन्डा ग्रहण गर्नुपर्छ। या त सात दलले उग्रवामपन्थी विचार ग्रहण गर्न र आतङ्ककारी क्रियाकलाप अवलम्बन गर्न सक्नुपर्छ या माओवादीले उग्रवामपन्थी विचार र आतङ्ककारी क्रियाकलाप परित्याग गर्न सक्नुपर्छ। सात दल माओवादीको एजेन्डामा जान सक्ने र उग्रवामपन्थी विचार ग्रहण गर्न तथा आतङ्ककारी क्रियाकलाप अवलम्बन गर्न सक्ने कुनै सम्भावना छैन। भोलि सात राजीतिक दलसँगको विचारधारात्मक सङ्घर्षका क्रममा माओवादीहरू रूपान्तरित होलान्, प्रजातान्त्रिक राजनीतिक शक्तिका रूपमा प्रस्तुत होलान् र सात दलको ऐजेन्डा स्वीकार गर्लान्। रूपान्तरित भए भने उनीहरूसँगको व्यवहार त्यसैअनुसार हुनेछ। तर, आजसम्म माओवादीहरू आधारभूत रूपमा आफ्नै ठाउँमा छन्, रूपान्तरित भएका छैनन्। उनीहरूले उग्रवामपन्थी विचार परित्याग गर्न सकेका छैनन्, आतङ्ककारी क्रियाकलाप छाड्न सकेका छैनन्।

सात राजनीतिक दलसँगको १२ बुँदे समझदारीमा माओवादीले 'शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्ने' कबुल गरेको छ, 'मानवअधिकारका मूल्य-मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने' प्रतिबद्धता व्यक्त गरेको छ, 'प्रतिस्पर्धात्मक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको अवधारणा, मौलिक हक' प्रति सहमति जाहेर गरेको छ। तर, माओवादीका पछिल्ला निर्णय, दृष्टिकोण र आचरणहरू उपरोक्त प्रतिवद्धता विपरीत छन्। त्यति मात्र होइन, सैद्धान्तिक, कार्यक्रमिक, रणनीतिक, कार्यनीतिक, कार्यशैलीगत र आचरणगत प्रश्नमा सात दल र माओवादीका बीचमा नदीका दुई किनाराजस्तै गम्भीर मतभिन्नताहरू छन्। तात्कालिक राजनीतिक उद्देश्य र त्यसलाई प्राप्त गर्ने सङ्घर्षको रूप र तरिकाका सम्बन्धमा निकै ठूलो भिन्नता छ। उपरोक्त विषयहरूमा समान दृष्टिकोण नबन्दासम्म, कम्तीमा पनि तात्कालिक राजनीतिक उद्देश्य, त्यसलाई प्राप्त गर्ने सङ्घर्षको रूप र तरिकामा सहमति कायम नभएसम्म सात दल र माओवादीका बीचमा घोषित वा अघोषित, प्रत्यक्ष वा परोक्ष कुनै पनि रूप र चरित्रको संयुक्त मोर्चा वा सहकार्य हुनै सक्तैन। सात दल र माओवादीका बीचमा कुनै न कुनै रूपको संयुक्त मोर्चा वा सहकार्य नभएसम्म सात राजनीतिक दल र माओवादी एकातिर र राजा अर्कोतिर हुनेगरी मुलुकमा विद्यमान त्रिपक्षीय द्वन्द्व दुईपक्षीय द्वन्द्वमा रूपान्तरित हुनै सक्तैन।

सात राजनीतिक दल शान्तिपूर्ण जनआन्दोलनको मार्गबाट विचलित हुन सक्तैनन्। उनीहरूले कुनै पनि हालतमा उग्रवामपन्थी विचार, शस्त्रबल र हिंसा-हत्याको मार्ग अवलम्बन गर्न सक्तैनन्। यदि माओवादीले सात दलसँग सहयात्रा गर्न चाहन्छ, संयुक्त मोर्चा वा सहकार्य गर्न चाहन्छ र त्रिपक्षीय द्वन्द्वलाई दुईपक्षीय द्वन्द्वमा रूपान्तरण गर्न चाहन्छ भने उसले उग्रवामपन्थी विचार र व्यक्तिहत्याको आतङ्ककारी बाटो परित्याग गर्न, फरक आस्थालाई सम्मान गर्न, फरक शक्तिसँग शान्तिपूर्ण प्रतिस्पर्धामा सरिक हुन, हतियार परित्याग गरेर शान्तिपूर्ण राजनीतिक यात्रामा सामेल हुन सक्नुपर्छ। तर, आज पनि माओवादीहरू यस निम्ति तयार देखिएका छैनन्।

नेपाली समाजमा अहिले पनि निरङ्कुशतावादी, उग्रवामपन्थी अतिवादी र प्रजान्त्रवादी शक्तिहरू फरक-फरक सिद्धान्त, दृष्टिकोण र मान्यताका आधारमा सञ्चालित छन् । उनीहरूका क्रियाकलाप पनि तदनुरूप नै फरक-फरक छन् । जसले गर्दा, नेपाली राजनीति अहिले पनि मुख्य रूपमा तीन ध्रुवमा विभाजित छ । माओवादी मात्रको मनोगत चाहना वा चालबाजीपूर्ण प्रयत्नले मुलुकमा विद्यमान त्रिपक्षीय द्वन्द्व दुईपक्षीय भइहाल्न सक्तैन ।

**२. सामाजिक परिवर्तनको बाटो शान्तिपूर्ण कि हिंसात्मक ?**

माओवादीले १२ बुँदे समझदारीपत्रको मसी सुक्न नपाउँदै 'शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट संरचनागत अर्थात् आमूल परिवर्तन सम्भव हुँदैन' भन्ने आफ्नो पूर्वमान्यतालाई दोहोऱ्याएको छ । 'हिंसात्मक र अहिंसात्मक वा फौजी र राजनीतिक सङ्घर्षबीच कुनै चिनियाँ पर्खाल हुँदैन र अक्सर ती एकअर्काका पुरक हुन्छन्' भन्ने दृष्टिकोण अघि सारेर सात राजनीतिक दलद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनलाई आफूद्वारा सञ्चालित हिंसात्मक तथा फौजी सङ्घर्षको सेवामा उपयोग गर्ने कोसिस गरिरहेको छ । शान्तिपूर्ण तरिकाले समाज परिवर्तनको अपेक्षा गर्नुलाई 'मृगमरीचिका' भन्दै सात दलको शान्तिपूर्ण जनआन्दोलनलाई आफूद्वारा सञ्चालित हिंसात्मक आन्दोलनको सेवामा लगाउने प्रयत्न गरिरहेको छ । सात दलद्वारा सञ्चालित शान्तिपूर्ण जनआन्दोलनलाई 'ग्रामीण सशस्त्र युद्धसँग सहरिया शान्तिपूर्ण जनआन्दोलनलाई फ्युजन गर्ने' उद्देश्यका साथ आफ्नो रणनीतिक योजनाको अङ्ग बनाउने कोसिस गरिरहेको छ । सैन्यबलमा आधारित हिंसात्मक आक्रमण सामाजिक परिवर्तनको अनिवार्य र अपरिहार्य माध्यम हुने दाबी गरिरहेको छ । यही मान्यताका आधारमा तीन डिभिजनमा रहेको आफ्नो सैन्यशक्तिलाई सात डिभिजनमा विस्तार गर्ने र सैन्यबलकै आधारमा 'दुस्मनको ढाडमा टेकेर टाउकोमा प्रहार गर्ने' अर्थात् राजनीतिक दलहरूको ढाडमा टेकेर राजाको टाउको प्रहार गर्ने नयाँ फौजी रणनीति अघि सारेको छ । यसरी, पछिल्ला दिनका क्रियाकलापहरूले शान्तिपूर्ण सङ्घर्षप्रतिको माओवादी प्रतिबद्धता छलछामपूर्ण कदम थियो भन्ने पुष्टि भएको छ ।

नेकपा (एमाले) ले बन्दुक बोक्न नसकेर वा जीवनको मोहले गर्दा शान्तिपूर्ण सङ्घर्षको बाटो राजेको होइन । आजको दुनियाँमा शस्त्रबलमा आधारित हिंसात्मक सङ्घर्षद्वारा समाजको क्रान्तिकारी परिवर्तन सम्भव छैन भन्ने हाम्रो दृढ विश्वास हो । त्यसरी नै हामीले सञ्चालन गर्ने शान्तिपूर्ण जनआन्दोलन माओवादीद्वारा सञ्चालित कथित जनयुद्धको सहयोगी अङ्ग हुन सक्तैन, यी दुई एकअर्काका पुरक वा सहयोगी हुन् र एकआपसमा फ्युजन हुन सक्तैनन् भन्ने हाम्रो सुविचारित निष्कर्ष हो । आमजनता सहभागी बनेको शान्तिपूर्ण अनआन्दोलनले नै ठूला-ठूला राजनीतिक परिवर्तन वा सामाजिक क्रान्ति सम्भव हुन्छ भन्ने हाम्रो अविचलित मान्यता हो ।

तर, माओवादीले भने सात राजनीतिक दल सशस्त्र सङ्घर्षका निम्ति तयार हुन्छ वा हुँदैन भन्ने कुरामा 'माओवादी-संसद्‌वादी समझदारी र सहकार्यको दीर्घकालिन महत्त्व' आधारित हुने दृष्टिकोण प्रस्तुत गरेको छ । र, यसरी उसले आफूले मात्र हतियार बोकेको होइन, सात राजनीतिक दललाई समेत हतियार बोकाउने, सशस्त्र सङ्घर्षमा उतार्ने वा कम्तीमा सात दलको शान्तिपूर्ण जनआन्दोलनलाई सहरी सशस्त्र विद्रोहको सेवामा मानव ढालका रूपमा उपयोग गर्ने कोसिस गरिरहेको छ । माओवादीको नेतृत्वले बुझ्न जरुरी छ, सात दललाई बन्दुक बोकाउने, सात दलको पक्षमा रहेको जनमतलाई आफ्नो सैन्य शक्तिसँग जोडेर 'सशस्त्र सङ्घर्ष र जनआन्दोलनलाई फ्युजन गर्ने' वा सहरी सशस्त्र विद्रोहका लागि सात दललाई मानव ढाल बनाउने उसको मनसुवा कुनै हालतमा पूरा हुनेछैन । माओवादीले सात दलसँग सम्बन्ध सुधार्ने हो, सात दलसँग सहकार्य वा संयुक्तमोर्चा कायम गर्ने हो भने उसले उग्रवामपन्थी विचार र आतङ्ककारी क्रियाकलाप छाड्नैपर्छ, हतियार परित्याग गर्नैपर्छ र शान्तिपूर्ण जनआन्दोलनमा फर्किनैपर्छ ।

**३. काङ्ग्रेसको नेतृत्वमा लोकतान्त्रिक गणतन्त्र सम्भव छ ?**

केही दिनअगाडि माओवादी अध्यक्ष प्रचण्डले एक बक्तव्यमार्फत 'राजतन्त्रले नेपाली नयाँ वर्ष देख्न पाउने छैन' भन्दै २०६२ सालभित्रै लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने आफ्नो उद्देश्य र योजना सार्वजनिक गरेका छन् । परिस्थितिको विश्लेषण गर्न, निष्कर्ष निकाल्न, उद्देश्य निश्चित गर्न र योजना निर्माण गर्न हरकोही स्वतन्त्र छ । तर, विडम्बना माओवादीले 'लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा नेपाली काङ्ग्रेसजस्ता पुँजीवादी लोकतान्त्रिक पार्टीहरूले नै प्रमुख भूमिका निभाउनुपर्छ र वामपन्थीहरूले भरपर्दो सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ' भन्ने प्रस्ताव अघि सारेको छ । प्रमुख भूमिका भनेको नेतृत्वदायी भूमिका नै हो । माओवादीको यो प्रस्तावलाई नेपाली काङ्ग्रेसलगायतका 'पुँजीवादी लोकतान्त्रिक पार्टीहरूले' माओवादीले प्रदान गरेको कृपापूर्ण अवसर ठान्लान् र लोकतान्त्रिक गणतन्त्र प्राप्तिको सङ्घर्षमा 'प्रमुख भूमिका' निर्वाह गर्लान् भन्ठान्नु जस्तो हास्यास्पद कुरा अरू केही हुनेछैन । नेपाली काङ्ग्रेसजस्ता पुँजीवादी राजनीतिक पार्टीहरूबाट माओवादीले गरेको 'प्रमुख भूमिका' को अपेक्षा सैद्धान्तिक दृष्टिले गलत र व्यावहारिक दृष्टिले असम्भव छ । र, यस्तो अपेक्षा सन् १९१७ पछि पुँजीवादी क्रान्तिसमेत पुँजीपतिवर्ग र पुँजीवादी राजनीतिक पार्टीको नेतृत्वमा सम्भव छैन भन्ने स्थापित मान्यताका विरुद्धमा छ । माओवादीको यो निष्कर्ष नितान्त मनोगत र गलत छ भन्ने कुरा 'माओवादीलाई सेरेमोनिएल मोनार्कीमा फर्काउन सक्छु' भन्ने गिरिजाप्रसाद कोइरालाको सार्वजनिक अभिव्यक्तिले पनि पुष्टि गर्दछ ।

नेपाली काङ्ग्रेसले लोकतान्त्रिक गणतन्त्रलाई चालू आन्दोलनको माग बनाउन नसकिने कुरा बारबार स्पष्ट गरिरहेको छ । नेकपा (एमाले) बाहेकका अन्य दलहरू पनि काङ्ग्रेसी सोचकै इर्दगिर्दमा छन् । माओवादी आग्रहको आधारमा उनीहरूले आफ्नो अडान परिवर्तन गरिहाल्ने कुनै सम्भावना छैन । सात राजनीतिक दल लोकतात्रिक गणतन्त्रको त कुरा छोडौं, संविधानसभाको निर्वाचनलाई मुख्य माग बनाउन पनि तयार छैनन् । र, उनीहरू अहिले पनि संसद् पुनःस्थापनाको मागमा कायम छन् । संसद्

पुनःस्थापना हुँदा संविधान पुनःस्थापित हुन्छ र संवैधानिक राजतन्त्रको पनि पुनःस्थापना हुन्छ भन्ने कुरा सामान्य ज्ञानको विषय हो। सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीपत्रमा लोकतन्त्रको अर्थ गणतन्त्र नलागोस् भनेर अङ्ग्रेजीमा (Democracy) लेखिएको छ। लोकतन्त्र र गणतन्त्रका सम्बन्धमा सात दलको वास्तविक चेतना यही हो।

१२ बुँदे समझदारीपत्रमा संविधानसभामा पुग्ने प्रक्रियाका सम्बन्धमा आफ्नो फरकमत उल्लेख गर्ने माओवादीले समेत वर्तमान सङ्कटको निकास लोकतान्त्रिक गणतन्त्र हुनुपर्छ भनेर उल्लेख गर्न आवश्यक ठानेन। यसरी लोकतन्त्रको अर्थ गणतन्त्र होइन भन्नाका लागि अङ्ग्रेजीमा (Democracy) लेख्न सहमत हुने माओवादीको मानसिकता र 'राजतन्त्रले नेपाली नयाँ वर्ष देख्न पाउने छैन' भन्ने उसको घोषणा परस्परमा अन्तरविरोधपूर्ण छ।

**४. संविधानसभा र लोकतान्त्रिक गणतन्त्रमध्ये कुन पहिला ?**

संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्र कि लोकतान्त्रिक गणतन्त्रपछि संविधानसभा भन्ने विषयमा माओवादीको प्रस्तुति मौकापरस्त रहँदै आएको छ। माओवादीका दस्तावेज र शीर्ष नेतृत्वका भनाइहरू हेर्दा उनीहरू लोकतान्त्रिक गणतन्त्रपछि मात्र संविधानसभामा जान चाहन्छन् भन्ने बुझिन्छ। तर, आफ्ना विरोधी वा प्रतिस्पर्धी राजनीतिक शक्तिलाई भ्रमित तुल्याउन संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रमा जान प्रयत्न गर्ने पनि भन्ने गरेका छन्। उनीहरूले केही समयअघिदेखिसम्म 'गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचन' लाई आफ्नो मुख्य माग भन्दै आएका थिए। संविधानसभाको निर्वाचनमा आफूले लोकतान्त्रिक गणतन्त्रको पक्षमा मत माग्ने तर संविधानसभाले गरेको जस्तोसुकै निर्णय पनि आफूले स्वीकार गर्ने कुरा बताउँदै आएका थिए। तर, केही समययता माओवादीले आफ्नो यो अडानको सट्टामा आन्दोलनको बलमा 'लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेर संविधानसभामार्फत राज्यको पुनर्संरचना गर्ने' भन्ने कुरामा जोड दिन थालेका छन्। यसको अर्थ, संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रमा जाने होइन, आन्दोलनको बलले लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्ने र यसरी घोषणा गरिएको लोकतान्त्रिक गणतन्त्रलाई संविधानसभाको प्रक्रियाबाट संवैधानिक स्वरूप प्रदान गर्ने भन्ने हो। लोकतान्त्रिक गणतन्त्र स्थापना गरेपछि मात्र त्यस अनुकूलको संविधान निर्माण गर्न संविधानसभाको निर्वाचनमा जाने भन्ने हो।

माओवादी किस्त-किस्तमा सात राजनीतिक दललाई आफ्नो उद्देश्यको अनुयायी बनाउनका लागि प्रयत्नरत छ। सुरुमा संविधानसभाको विरोध गर्ने राजनीतिक दलहरू संविधानसभाको पक्षमा आएका छन् र अब उनीहरूलाई लोकतान्त्रिक गणतन्त्रको पक्षमा गोलबन्द गर्न सकिन्छ भन्ने उसको विश्लेषण रहेको छ। संविधानसभामा जान र त्यसको नतिजा स्वीकार गर्न तयार हुने सात राजनीतिक दलहरू आन्दोलनको बलमा लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्न र त्यसपछि संविधानसभाको निर्वाचन गरेर लोकतान्त्रिक गणतन्त्रलाई संवैधानिक स्वरूप प्रदान गर्न तयार हुन्छन् भन्ने उसको ठम्याइ छ।

माओवादीले या त सात राजनीतिक दललाई चिन्न सकेको छैन या बुझपचाइरहेको छ। सात राजनीतिक दलले लोकतान्त्रिक गणतन्त्रलाई चालू आन्दोलनको माग, नारा वा उद्देश्य बनाउने निर्णय गरेको छैन। नेकपा (एमाले) ले लोकतान्त्रिक गणतन्त्र उन्मूख हुने निर्णय गरेको छ तर पनि लोकतान्त्रिक गणतन्त्रलाई चालू आन्दोलनको मुख्य माग बनाउने निर्णय गरेको छैन। माओवादी एक्लैले लोकतान्त्रिक गणतन्त्र ल्याउन नसक्ने, एमाले एक्लैले पनि लोकतान्त्रिक गणतन्त्र ल्याउन नसक्ने, एमाले लोकतान्त्रिक गणतन्त्रका लागि सात दललाई छाडेर माओवादीसँग एउटा मोर्चामा सामेल हुन पनि नसक्ने र सात दल लोकतान्त्रिक गणतन्त्रलाई चालू आन्दोलनको माग, नारा वा उद्देश्य बनाउन पनि तयार नहुने- यतिबेलाको कटु वास्तविकता यही हो।

तसर्थ, माओवादी एक्लैले लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेर तत्पश्चात् संविधानसभाको निर्वाचनमा मुलुकलाई लैजान सक्छ भने यो उसको तजविजको कुरा हो। होइन, उसले एक्लै सक्तैन र यसनिम्ति उसलाई सात दलको सहयोग चाहिन्छ भने सात दल यो मानसिकता र निर्णयमा आइपुगेको छैन। सात दलले स्वीकार गरेको संविधानसभाको अर्थ राजनीतिक दल, राजा र माओवादीको सहमतिका आधारमा संविधानसभामा जाने, संविधानसभा जस्तो बन्छ, संविधानसभाले जस्तो निर्णय गर्छ, त्यसलाई सबैले मानेर अघि बढ्ने भन्ने हो। संविधानसभाले राजा, राजनीतिक दल र माओवादीका लागि जस्तो स्थान निश्चित गरिदिन्छ, त्यसलाई स्वीकार गरेर जाने भन्ने हो। यसरी सात राजनीतिक दल र माओवादीका बीचमा संविधानसभा र लोकतान्त्रिक गणतन्त्रसम्बन्धी बुझाइमा आनका तान भिन्नता छ।

**५. युद्धविराम भङ्ग गर्ने निर्णय जायज हो ?**

राज्यपक्षले 'आफूले गरेको एकपक्षीय युद्धविरामलाई रेस्पोन्स गरेन' भन्ने बहानामा माओवादीले युद्धविराम भङ्ग गर्ने निर्णय गरेको छ। जरुर राज्यले आफूले पनि युद्धविराम गरेर माओवादीको युद्धविरामलाई रेस्पोन्स गर्नु पर्दथ्यो, जनताको शान्तिको चाहनालाई सम्मान गर्नु पर्दथ्यो र समस्याको शान्तिपूर्ण समाधानका निम्ति तत्पर हुनु पर्दथ्यो। तर राज्यपक्षले माओवादीको युद्धविरामलाई सकारात्मक रूपमा नलिनुको अर्थ माओवादीहरू पुनः युद्धमा फर्किनु ठीक हो भन्ने हुन सक्तैन। जरुर राज्यपक्षले माओवादीको युद्धविरामलाई रेस्पोन्स नगरेर समस्याको शान्तिपूर्ण समाधानप्रति नकारात्मक रुख जाहेर गरेको छ र आफ्नो युद्धउन्मादी चरित्रलाई उद्घाटित गरेको छ। तर पनि, युद्धविराम भङ्ग गर्ने निर्णयलाई 'माओवादीको बाध्यता' भनेर अर्थ लागाउन र युद्धमा फर्किने माओवादी निर्णयलाई प्रकारान्तरले समर्थन गर्न सकिँदैन। हालसम्म प्राप्त अनुभवका आधारमा भन्ने हो भने माओवादीको हिंसात्मक क्रियाकलापले प्रतिगमन निम्त्याउन र त्यसलाई सुदृढ तुल्याउन मद्दत गर्दै आएको छ। यसपटक पनि माओवादीको युद्धविराम भङ्ग गर्ने निर्णय र थानकोटलगायत देशका विभिन्न भागमा उसले गरेको हिंसात्मक आक्रमणले पूर्ण प्रजातन्त्रका लागि सञ्चालित शान्तिपूर्ण जनआन्दोलनका सामु प्रतिकूलता थपिदिएको छ। सात दलद्वारा माघ ७

गते आयोजित शान्तिपूर्ण जनआन्दोलनलाई बिथोल्न राज्यपक्षलाई बहाना प्रदान गरेको छ र निरङ्कुश राजतन्त्रको सेवा गरेको छ। निरङ्कुश राजतन्त्रवादीहरू माओवादीको युद्धविराम भङ्ग गर्ने निर्णयलाई बहाना बनाएर शान्तिपूर्ण आन्दोलनका विरुद्ध दमनमा उत्रिएका छन्।

जतिबेला माओवादी युद्धविराममा थियो, त्यतिबेला शान्तिपूर्ण आन्दोलनमा जनताको सहभागिता बढेको थियो। तर, जब माओवादीले युद्धविराम भङ्ग गर्ने निर्णय गर्‍यो, शान्तिपूर्ण आन्दोलनमा त्रास र आतङ्क थपियो। जनता शान्तिपूर्ण आन्दोलनमा उत्रिन पनि सङ्कोच मान्ने अवस्था सिर्जना हुन पुग्यो। आउने दिनमा पनि माओवादीको शस्त्रबलमा आधारित हिंसात्मक आक्रमण जारी रहिरह्यो भने त्यसले शान्तिपूर्ण जनआन्दोलनलाई कमजोर तुल्याउनेछ। शान्तिपूर्ण जनआन्दोलनमाथि हिंसात्मक आक्रमण हावी हुनेछ। तसर्थ, नेकपा (एमाले) र सात राजनीतिक दलले राज्यपक्ष र माओवादीलाई अविलम्ब युद्धविराम गर्नका लागि आह्वान गर्नुपर्छ। युद्धविरामका लागि दुवै पक्षलाई दबाब दिनुपर्छ।

निष्कर्षमा भन्दा, यदि माओवादीहरू रूपान्तरित भएनन्, हतियार परित्याग गरेर शान्तिपूर्ण राजनीतिको मूलधारमा फर्किएनन् र उग्रवामपन्थी विचार तथा आतङ्ककारी क्रियाकलापमा कायम रहे भने उनीहरूले मुलुकमाथि युद्धको डरलाग्दो बोझ थोपर्न त समर्थ होलान् तर केन्द्रीय सत्ता कब्जा गर्न भने सक्ने छैनन्। उनीहरू मुलुकका सामु चुनौतीपूर्ण समस्याको हैसियतमा उपस्थित हुन त सक्लान् तर कहिल्यै पनि मुलुकका समस्याहरूको समाधान बन्न सक्ने छैनन्। त्यसैले निरङ्कुश राजतन्त्रलाई परास्त गर्नका लागि राजनीतिक सङ्घर्षमा जोड दिन जरुरी छ, शान्तिपूर्ण तथा संयुक्त जनआन्दोनलाई सशक्त र प्रभावकारी तुल्याउन जरुरी छ। त्यसरी नै माओवादीहरूलाई रूपान्तरण गर्न र शान्तिपूर्ण राजनीतिको मूलधारमा फर्काउनका लागि विचारधारात्मक सङ्घर्षमा जोड दिन जरुरी छ, उनीहरूका उग्रवामपन्थी विचार-दृष्टिकोण तथा आतङ्ककारी क्रियाकलापविरुद्धको वैचारिक सङ्घर्षलाई अझ ज्यादा प्रभावकारी ढङ्गले सञ्चालन गर्न जरुरी छ।

■

# नेपालको लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा जापान र चीन

' झलनाथ खनाल

**विषय सन्दर्भ**

यतिबेला हाम्रो पार्टी, सम्पूर्ण लोकतान्त्रिक शक्तिहरू र आमनेपाली जनता निरङ्कुश राजतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्र प्राप्तिका निम्ति एउटा निर्णायक आन्दोलनमा उत्रिएका छौं। यस आन्दोलनलाई सफलताको चुलीमा पुर्‍याउन आन्तरिक शक्तिहरूलाई अधिकतम रूपले र निर्णायक ढङ्गले परिचालन गर्न त जरुरी छँदै छ, हामीले सम्भव भएसम्म अन्तर्राष्ट्रिय समुदायलाई पनि नेपाली जनताको वर्तमान न्यायपूर्ण सङ्घर्षका पक्षमा अधिकतम रूपले परिचालन गर्न जरुरी हुन्छ। त्यस कुरालाई हाम्रो पार्टीले गम्भीरतापूर्वक लिएको छ र अन्तर्राष्ट्रिय क्षेत्रको कामलाई पनि प्रभावकारी बनाउँदै लगिरहेको छ। त्यही सिलसिलामा म १०-२९ जनवरी २००६ मा जापान र चीनको भ्रमणमा गएको थिएँ।

जापान यतिबेला विश्वको दोस्रो ठूलो आर्थिक शक्ति हो। एसियाको पहिलो ठूलो आर्थिक शक्ति पनि हो। जापान नेपालका निम्ति सबैभन्दा ठूलो दातृराष्ट्र हो। त्यो देशका जनता, त्यहाँका राजनीतिक पार्टीहरू, त्यहाँको नागरिक समाज र त्यहाँको समर्थन नेपालको लोकतान्त्रिक आन्दोलनले प्राप्त गर्नु एउटा धेरै महत्त्वपूर्ण कुरा हुन्छ। त्यहीबेला जापानको कम्युनिस्ट पार्टी (JCP) ले आफ्नो २४ औं महाधिवेशनमा सहभागी बन्नका निम्ति हाम्रो पार्टीलाई निम्ता पठायो।

**जापानी कम्युनिस्ट पार्टीसँग वार्ता**

मैले १२ जनवरीका दिन उहाँहरूको उच्चस्तरीय टिमसँग वार्ता गरें। त्यसमा उहाँहरूका तर्फबाट अध्यक्ष कमरेड फुवा तेत्सुजो, विदेश विभाग प्रमुख ओगाता र विदेश विभागका सदस्य तथा केन्द्रीय कमिटीका सदस्य मोरीहारा हुनुहुन्थ्यो। मैले उहाँहरूसमक्ष नेपालको स्थिति, नेपाली कम्युनिस्ट आन्दोलनको स्थिति, हाम्रो पार्टीको स्थिति, नेपालको लोकतान्त्रिक आन्दोलको विकासक्रम, राजतन्त्रको भूमिका, राजाको हुकुमी शासनपछिको अवस्था, सात पार्टीको एकता, चालू आन्दोलनको शक्ति र विकासको अवस्था, आन्दोलनका लक्ष्य, सात पार्टी र माओवादीहरूबीचको समझदारी नेपाली समाजको प्रधान अन्तर्विरोध र प्रमुख निसाना तथा नेपालको लोकतान्त्रिक आन्दोलनका बारेमा विस्तारपूर्वक जानकारी गराएँ। बडो गम्भीर भएर उहाँहरूले सुन्नुभयो। फुवाले त्यसपछि थुप्रै प्रश्नहरू गर्नुभयो। सात दल र माओवादीबीचको समझदारीका सम्बन्धमा मात्र उहाँले निकैवटा प्रश्न गर्नुभयो। सबै कुरा

सुनिसकेपछि पनि उक्त समझदारीको परिणाम के हुन्छ र युद्धविराम भङ्ग भएपछि त्यो समझदारी कायम रहन्छ कि रहँदैन भन्ने कुरामा उहाँका प्रसस्त जिज्ञासाहरू अझै थिए । तर, उहाँले अन्त्यमा तपाईंको कुरा सुनेपछि हामी नेपालको स्थितिका बारेमा धेरै प्रस्ट भएका छौं र हामी नेपाली जनताको लोकतान्त्रिक आन्दोलनलाई समर्थन गर्छौं भन्नुभयो । उहाँले नेकपा (एमाले) र जापानी कम्युनिस्ट पार्टीबीचको सम्बन्ध अब औपचारिक तहमा विकसित भएको छ । आगामी दिनमा हाम्रा दुई पार्टीहरूबीचको सम्बन्ध हरेक प्रकारले गहिरो र व्यापक बन्दै जानेछ भन्ने कुरा पनि राख्नुभयो । मैले यही लाइनमा कार्यकारी अध्यक्ष, सचिवालयका प्रमुख र विदेश विभागका प्रमुख र अन्य सदस्यहरूसँग पनि कुरा गरें । यो भ्रमणले हाम्रा दुई पार्टीहरूबीचको सम्बन्धलाई न्यानो र निकट बनाएको छ र प्रतिनिधिमण्डल आदान-प्रदानको चरणमा उठाएको छ ।

**जापानका अन्य पार्टीहरूसँग कुराकानी**

नेपालका बारेमा मैले जापानी संसद् डायटमा रहेका विभिन्न पार्टीहरूसँग र विभिन्न संस्थाहरूसँग कुराकानी गरें । समाजवादी पार्टीका माथिल्लो सदनका सदस्य तथा पार्टी नेता मिजूहो फुकसिमा ९:षशगजय ागपगकजषब० सँग कुराकानी भयो । विभिन्न सांसदहरूसँग कुराकानी भयो । त्यसरी नै Centre for Asia pacific Partnership का डाइरेक्टर किन्हिडे मुसाकोजी, विश्वशान्ति परिषद् जापानका सेक्रेटरी तादाकी कावाता र चुनु विश्वविद्यालयका अन्तर्राष्ट्रिय विभागका प्रोफेसरहरूसँग पनि नेपालको विद्यमान स्थितिका बारेमा कुराकानी भयो । उहाँहरूले जापानको मानवअधिकार, शान्ति र प्राज्ञिक क्षेत्रलाई पनि नेपाली जनताको न्यायपूर्ण सङ्घर्षका पक्षमा परिचालन गर्ने कुरा गर्नुभयो । त्यसपछि मैले जापानको प्रमुख प्रतिपक्षी दल The Democratic Party of Japan का उच्चस्तरीय नेताहरू महासचिव चुकिओ दातोयामा, उपाध्यक्ष योटिको मादोका, विदेश विभागका उपप्रबन्धक पुसिडा युका र अन्य सांसदहरूसँग विस्तारपूर्वक कुराकानी गरें । उहाँहरूले अत्यन्त चाखपूर्वक मेरा कुरा सुन्नुभयो । धेरै प्रश्नहरू राखेर नेपालको स्थितिका बारेमा प्रस्ट हुनुभयो । मैले सात दलको सहमतिपत्र, सात दल र माओवादीबीचको समझदारी पत्र र देशको वर्तमान परिस्थितिलाई प्रस्ट पार्ने ढङ्गका अन्य पढ्ने सामग्रीहरू पनि उहाँहरूलाई दिएँ । उहाँहरूले सबै कुरा सुनेपछि निष्कर्षमा निम्न कुरा बताउनुभयो । प्रथमतः नेपालको पछिल्लो स्थितिका बारेमा अत्यन्त गहिरो चिन्ता प्रकट गर्नुभयो । दोस्रो जापान नेपालको सबैभन्दा ठूलो दातृ मुलुक भएकाले हाम्रो देशबाट नेपालमा यतिबेला गइरहेको पैसा जनताको हितमा प्रयोग भइरहेको छ कि अश्रुग्यास, लाठी र गोलीगट्ठा किन्नमा खर्च हुँदैछ भन्नेबारेमा बुझ्ने र आवाज उठाउने कुरा गर्नु भयो । तेस्रो, नेपालका नेपाली जनताले प्रजातन्त्र, शान्ति र मानवअधिकारका निम्ति उठाइरहेका आवाज र सङ्घर्षलाई दृढ समर्थन रहेको कुरा बताउनुभयो । चौथो, उहाँहरूले नेपालको प्रश्न संसद्मा उठाउने र सरकारसँग पनि कुरा गर्ने र जापानले के गर्न सक्छ, त्यसका निम्ति छलफल गर्ने प्रतिवद्धता प्रकट गर्नुभयो । त्यसैबीच जापान सरकारको विदेश मन्त्रालयले पहिलो भन्दा कडा वक्तव्य प्रकाशित गऱ्यो । पाँचौं, उहाँहरूले खासगरी प्रमुख प्रतिपक्षले पहल गरेर सरकारसँग समेत सकेसम्म छलफल गरेर सम्भव भए एउटा संयुक्त नभए पनि आफ्नोतर्फबाट एउटा उच्चस्तरीय डेलिगेसन पठाउने कुरा गर्नुभयो ।

**चीन भ्रमणका क्रममा भएका वातचितहरू**

चीन हाम्रो उत्तरमा रहेको विशाल छिमेकी देश, जससँग लामो सीमासमेत जोडिएको छ, स्वाभाविक रूपले त्यस देशसँगको सम्बन्ध हाम्रो देशको उत्थान, विकास, परिवर्तन र भविष्यसँग समेत जोडिएको छ । चीनसँगको हाम्रो सम्बन्ध इतिहास भन्दा पुरानो छ र त्यो ऐतिहासिक विकासका अनेकौं घुम्तीहरूलाई पार गर्दै आएको छ । त्यस देशसँग दौत्य सम्बन्ध स्थापना भएको विगत ५० वर्षमा नेपाल-चीन सम्बन्ध अत्यन्त सुमधुर रहिआएको छ । त्यो सम्बन्ध दुई ठूला र साना, बलियो र कमजोर, विकसित र कम विकसित देशहरूको सम्बन्धमा नै एउटा नमुनापूर्ण सम्बन्ध रहिआएको छ । त्यो सम्बन्ध पञ्चशीलका पाँच सिद्धान्तका आधारमा विकसित हुँदै आएको छ । चीनले सधैं नेपालको स्वतन्त्रताका पक्षमा, राष्ट्रिय विकासको स्वाधीन बाटोका पक्षमा र नेपालमा स्थिरता, शान्ति, विकास र समृद्धिका लक्ष्यमा आफूलाई उभ्याउँदै आएको छ र त्यसले नेपालका आन्तरिक मामलामा हस्तक्षेप नगर्ने नीतिलाई दृढतापूर्वक अख्तियार गर्दै आएको छ । तर, खास गरी राजा ज्ञानेन्द्र सम्पूर्ण सत्ता आफ्ना हातमा लिएर आमनेपाली जनतामाथि निर्मम दमन गरिरहेको वर्तमान अवस्थामा त्यो सम्बन्धलाई सामान्य अवस्थामा झैं अघि लान खोज्दा अन्तरविरोधयुक्त स्थिति पैदा हुनु अनिवार्य थियो । चीनले राजाको अवैधानिक सरकारलाई यथावत् दिइरहेको सहयोगलाई राजा र राजावादीहरूले गलत ढङ्गले उपयोग गर्ने स्थिति देखियो र उनीहरू चाइना कार्डसमेत खेल्ने धृष्टता गर्न थाले । त्यस क्रममा चीनले राजाको सरकारलाई हतियारसमेत दियो भन्ने कुराले नेपाली जनमानसमा निकै ठूलो मात्रामा भ्रमहरू सिर्जना हुनु स्वाभाविक पनि थियो । त्यसले गर्दा चीन भ्रमण गर्न, नेपालको वस्तुस्थितिका बारेमा चीनको नेतृत्वलाई जानकारी गराउनु र नेपालका लोकतान्त्रिक शक्तिहरूसँग चीनको सम्बन्धलाई घनिष्ठ बनाउन अत्यन्त जरुरी थियो । त्यही कुरालाई ध्यानमा राखेर पार्टीको निर्णयअनुरूप २४ जनवरी २००६ मा म चीन भ्रमणमा गएँ ।

यद्यपि, म पुग्दा चीन परम्परागत नयाँ वर्ष वसन्त पर्व मनाउने तयारी गरिरहेको थियो । सरकार र पार्टीका सबै अधिकारीहरू चीनमा मनाइने सबैभन्दा लामो र ठूलो पर्वका निम्ति बिदा मनाउने तयारीमा थिए । त्यही ढङ्गका सारा कार्यक्रमहरू बनिसकेका थिए । कैयौं अधिकारीहरू त छुट्टी लिएर केही दिनअघि नै आफ्ना गन्तव्यतिर लागी पनि सकेका रहेछन् । तर पनि, जापान पुगेका बेला चीन पनि पुग्ने विचारले मैले चीनसँग अग्रह गरें । त्यो आग्रहलाई बढो तत्परताका साथ सुनियो र व्यवस्था मिलाइयो । त्यही व्यवस्थाअनुरूप मैले टोकियोबाट चीन जाने टिकट लिएँ र जनवरीको अन्तिम साता अर्थात् २४ जनवरीमा चीन पुगें । चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागले मलाई हार्दिक स्वागत गऱ्यो, जब उहाँहरूसँग कुराकानीका निम्ति २५ र २६ को दिन मात्र बाँकी थियो । २७ देखि एक साता सम्पूर्ण अड्डा, अदालत, मन्त्रालय र विदेश विभागहरू बन्द हुनेवाला थिए । त्यो एक साता त्यहाँ बस्नु सम्भव पनि थिएन । त्यसैले अन्य घुमघामका कुनै कार्यक्रम नराखी चिनियाँ नेतृत्वसँग वातचित गर्ने कुरामा मात्र केन्द्रित हुने निर्णय गरियो र त्यसैअनुरूपको योजना बनाइयो ।

त्यसअनुरूप मैले उहाँहरूसँग दुई दिनमा सक्ने गरी तीन चरणमा कुराकानी गरेँ । सबभन्दा माथि चीनको कम्युनिस्ट पार्टीको विदेश विभागका उपमन्त्री Liu Hong Cai सँग २६ जनवरीका दिन कुराकानी भयो । मैले दुई पार्टीको बीचको सम्बन्ध, हाम्रो पार्टीको स्थिति, नेपालमा जारी लोकतान्त्रिक आन्दोलनको स्थिति, त्यसमा हाम्रो पार्टी र सात दलको भूमिका, राजतन्त्रको स्थिति र भूमिका, माओवादीको स्थिति, द्वन्द्वको विद्यमान अवस्था, त्यसलाई समाधान गर्ने र मुलुकलाई निकास दिने सम्भावना, त्यसमा अन्तर्राष्ट्रिय समुदाय र विशेष गरेर चीनको भूमिका जस्ता विषयहरूमा विस्तारपूर्वक कुरा राखेँ । उहाँले धेरै विषयहरूमा जिज्ञासा राखेर प्रश्नहरू गर्नुभयो र उहाँले चीनको दृष्टिकोण नेपालप्रति, हाम्रो पार्टीप्रति, नेपालले भोगिरहेको वर्तमान सङ्कटप्रति र अन्य विभिन्न विषयमा विस्तारपूर्वक राख्नुभयो । त्यस दिन उहाँले मलाई दिवाभोज दिनुभएको थियो र त्यो त्यसपटकको चीन भ्रमणको अन्तिम कुराकानी पनि थियो । उहाँसँग दुई घण्टाभन्दा लामो वातचित अत्यन्त हार्दिक र न्यानो वातावरणमा भयो । कुराकानीको वातावरण एकदमै खुला र खुलस्त तथा सहज पनि थियो, उहाँले हाम्रो पार्टीको सदस्य सङ्ख्या, हाम्रो पार्टीको विगत चुनावमा प्राप्त गरेको मत, पार्टी निर्माणको प्रक्रिया, कुन वर्गबाट हाम्रो पार्टीमा बढी सदस्यहरू आएका छन्, कार्यकर्ताहरूलाई कसरी प्रशिक्षण दिइन्छ, प्रशिक्षणका विषयवस्तुहरू कस्ता हुन्छन्, अन्य पार्टीहरूसँगको सम्बन्ध कस्तो छ, विदेश सम्बन्ध कसरी सञ्चालन भइरहेको छ, चीनप्रतिकै दृष्टिकोण पनि कसरी बनेको छ भन्नेबारेमा व्यापक जिज्ञासा पनि राख्नुभएको थियो ।

त्यसअघि त्यसै दिन मलाई बिहान जनगणतन्त्र चीनको विदेश मन्त्रालय लगियो । त्यहाँ मलाई विदेश उपमन्त्री Wa Da wei सँग भेट गराइयो । उहाँले स्वागत गरेपछि मलाई नै कुरा राख्न भन्नुभयो । मैले चीन र नेपालबीच प्राचीनकालदेखि सम्बन्ध रहेको, दौत्य सम्बन्ध स्थापना भएपछि त्यो सम्बन्ध सबै क्षेत्रमा गहिरो र व्यापक बनेको, त्यो सम्बन्ध निर्वाहका क्रममा पहिलो ५० वर्ष उदाहरणीय रूपमा पूरा भएको, विश्वको एसिया महाद्वीपको, यस क्षेत्रको र चीन तथा नेपाल दुवै देशमा अभूतपूर्व परिवर्तनहरू आइरहेको परिप्रेक्ष्यमा दोस्रो ५० वर्षमा नेपाल र चीनबीचको सम्बन्ध झनै विकसित र विस्तृत बन्ने सम्भावनाहरूलाई पक्रन नसकिएको र त्यसका लागि प्राथमिक रूपमा नेपालले आजको सङ्कटबाट मुक्ति पाउनुपर्ने आवश्यकता छ भन्ने कुरा मैले राखेँ । उहाँले वर्तमान स्थितिका बारेमा विभिन्न कोणबाट जिज्ञासा राख्नुभयो । मैले देशको वर्तमान स्थिति, राजाको भूमिका, हाम्रो पार्टीको भूमिका, सात दलको भूमिका, माओवादीहरूको भूमिका र समस्या समाधान गर्ने सम्बन्धमा हाम्रो दृष्टिकोण र हाम्रो कार्यक्रम पनि विस्तारपूर्वक राखेँ । वातचित गर्ने क्रममा सबैलाई मैले सात दलको घोषणा, सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारी र अन्य आवश्यक दस्तावेजहरू पनि दिएँ । उहाँले जनगणतन्त्र चीनले विगतमा पार गरेको बाटो, सांस्कृतिक क्रान्तिले गरेको नोक्सानी, १९७८ मा सुधार र खुला हुने नीति लिएपछि प्राप्त भएका उपलब्धिहरू, आधुनिकीकरणका क्षेत्रमा अहिले प्राप्त भइरहेका सफलताहरू, चीनको विश्वलाई हेर्ने दृष्टिकोण, एसिया, दक्षिण एसिया र नेपाललाई हेर्ने दृष्टिकोणका बारेमा विस्तृत व्याख्या गर्नुभयो । त्यसका साथै उहाँले हिजोआज नेपालले भोगिरहेका सङ्कटहरूलाई चीनले कसरी हेर्छ र तिनीहरूको समाधान कसरी होस् भन्ने चाहन्छ भन्ने कुरा राख्दै हामी नेपाललाई समस्या समाधान गर्नका निम्ति आफूले सक्ने सबै प्रकारका सहयोग गर्ने कुरा बताउनु भयो ।

त्यसरी नै त्यसभन्दा अघिल्लो दिन चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागका प्रथम ब्युरोका उप-महानिर्देशक Yun Suidong को नेतृत्वमा पाँच जनाको टिमले मसँग सविस्तार वातचित गरेको थियो । त्यहाँ पनि माथिकै विषयहरूमा तर धेरै विस्तारका साथ कुराकानी भएका थिए । ती सबै कुराकानीबाट अहिलेको अवस्थामा चीनको दृष्टिकोण निम्नबमोजिम रहेको प्रस्ट रूपले देखिन्छ :

१. लामो सिमानासमेत जोडिएको नेपालमा हिंसात्मक र अन्य द्वन्द्वहरू हालका वर्षमा जसरी चर्केर गएका छन् र तिनीहरू समाधान हुनुको साटो उल्टो झन् बढी चर्किँदै जाने जुन स्थिति देखापरेको छ, त्यसले चीनलाई अत्यन्त चिन्तित पारेको छ ।

२. नेपालले अहिले जस्तो प्रकारको समस्या र द्वन्द्व भोगिरहेको छ, त्यसलाई बल र बन्दुकबाट हल गर्न सकिन्न । त्यस्ता द्वन्द्वहरूलाई राजनीतिक ढङ्गले नै समाधान गर्नुपर्छ र चीन नेपालले राजनीतिक समाधान चाँडै पहिल्याउन सकोस् भन्ने चाहन्छ ।

३. समस्यालाई समाधानको विन्दुमा पुऱ्याउनका निम्ति सबै पक्षहरू एक ठाउँमा आउनुपर्छ, एकआपसमा वातचित गर्नुपर्छ, भिन्नताहरूलाई थाती राख्नुपर्छ र साझा आधारलाई पहिल्याउँदै त्यसैका आधारमा साझा मार्ग पहिल्याउनु पर्छ । तब मात्र राष्ट्रिय सहमतिमा पुग्न सकिन्छ । त्यसका निम्ति सबैले लचिलो बन्नुपर्छ ।

४. हामीले नेपालसँग पञ्चशीलका आधारमा दौत्य सम्बन्ध स्थापना गरेका छौँ । त्यो सम्बन्ध विगत ५० वर्षसम्म अत्यन्त राम्रो ढङ्गले विकसित हुँदै आएको छ । चीन अरूका स्टान्डरका आधारमा होइन, आफ्नै अनुभवमाथि आधारित नीति र सिद्धान्तका आधारमा चल्छ । त्यसैले चीनले नेपालको आन्तरिक मामिलामा कुनै पनि प्रकारको हस्तक्षेप गर्न चाहँदैन । त्यसको अर्थ हामी नेपालमा गहिरिँदै गइरहेको सङ्कटका बारेमा कुनै मतलब राख्दैनौँ भन्ने होइन, हामी नेपाललाई समस्या समाधान गर्न सघाउन चाहन्छौँ तर हाम्रा आफ्नै नीति र तरिकाहरू छन् । हामी त्यसैका आधारमा सघाउन चाहन्छौँ ।

५. नेपालमा चीनका सम्बन्धहरू खालि सरकारसँग मात्र सीमित छैनन्, हाम्रा सम्बन्धहरू नेकपा (एमाले) र नेपाली काङ्ग्रेसलगायत अन्य पार्टीहरूसँग पनि उत्तिकै न्याना र हार्दिक छन् । हामी सबैसँगको मैत्रीपूर्ण सम्बन्धलाई महत्त्व दिन्छौँ, उनीहरूसँग भेटवार्ता गर्छौं, विचार र अनुभवहरू आदान-प्रदान गर्छौं र त्यस प्रक्रियाबाट नै एकले अर्कालाई सघाउछौँ । हामी कुनै एउटा पक्षसँग मात्र सम्बन्ध राख्ने र उसलाई मात्र सघाउने काम गर्दैनौँ । हामीले गर्ने सबै सहयोगहरू नेपाल र नेपालीका निम्ति हुनेछन् ।

६. नेपालमा कस्तो राजनीतिक व्यवस्था रहनुपर्छ र कस्तो व्यवस्थाअन्तर्गत नेपालले शान्ति, विकास र स्थिरता प्राप्त गर्न सक्छ, त्यसको छनोट गर्ने र निर्णय गर्ने काम नेपाली जनताको हो । नेपाली जनताको आत्मनिर्णयको अधिकारलाई चीन सधैँ सम्मान गर्छ र त्यसको प्रयोग गर्न नेपालीहरू आफैं सक्षम र सिपालु छन् भन्ने हाम्रो विश्वास छ ।

७. हामी नेपाल र नेपाली जनताले प्रजातन्त्र र शान्ति प्राप्त गर्न सकून्, निकास र स्थिरता प्राप्त गर्न सकून् र नेपाली चाँडै समृद्धिको बाटोतर्फ लाग्न सकून् भन्ने चाहन्छौँ । अहिले चीन, भारत र सिङ्गो एसिया आर्थिक विकासको तीव्रतर बाटो लिएर अघि बढ्दैछन् । यस्तो बेलामा नेपालले पछि पर्नुहुँदैन । नेपाललाई तीव्रतर आर्थिक विकासको बाटोमा अघि बढाउने वातावरण सिर्जना गर्नेतर्फ हाम्रोतर्फबाट के गर्नुपर्छ, त्यो गर्न चीन सधैँ तत्पर छ ।

८. हामी नेपाललाई वर्तमान सङ्कटबाट मुक्ति पाउन कसरी सघाउन सक्छौँ, हामी आफैँ पनि गम्भीरतापूर्वक विचार गर्दैछौँ, त्यसका निम्ति हामी नेपालको स्थिति अझ गहिराइबाट बुझ्ने क्रममा पनि छौँ र त्यसैका निम्तिसमेत हामी ताङ जाई सुङको नेतृत्वमा एउटा उच्चस्तरीय प्रतिनिधिमण्डल नेपाल पठाउँदैछौँ । त्यसले नेपालमा सबै पक्षसँग कुराकानी गर्नेछ र स्थितिलाई निकटबाट अध्ययन गर्नेछ । त्यो भ्रमणले नेपाललाई चालू सङ्कट समाधान गर्न चीनले कसरी सघाउन सक्छ भन्ने कुरा पहिल्याउन मद्दत गर्नेछ भन्ने हामीलाई लागेको छ ।

विभिन्न चरणमा कुरा गर्दा विषयवस्तुहरू जतिसुकै धेरै भए पनि नेपालको लोकतान्त्रिक आन्दोलनको सन्दर्भमा चीनसँग भएका कुराकानीको निष्कर्ष यही हो । यिनै आठ बुँदाले यिनको विदेश मन्त्रालय र चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागसँग भएका कुराकानीको सारलाई समेटेको छ । यसरी चीनमा भएको यसपटकको यात्राले चिनियाँ कम्युनिस्ट पार्टी र सरकारसँग नेकपा (एमाले) का सम्बन्धहरू अझ गहिरिएका छन्, फराकिला र घनिष्ठ बनेका छन् र त्यो सम्बन्धमार्फत दुई मुलुकका जनताबीचको सम्बन्ध पनि गहिरो बनेको छ । अब चीनले नेपालमा द्वन्द्व व्यवस्थापन र समाधानका निम्ति कस्तो भूमिका निर्वाह गर्ला त ? यो भने आउने दिनका घटनाक्रमबाट नै थाहा हुँदै जानेछ ।

(**जापान कम्युनिष्ट पार्टीको महाधिवेशनमा अन्य बन्धु पार्टीहरूसँग भएको कुराकानी आगामी अंकमा प्रकाशित गरिनेछ–** सम्पादक मण्डल)

# निरङ्कुशतन्त्रको एक वर्ष : देशले के पायो ?

## ' विष्णु रिजाल

**रा**जा ज्ञानेन्द्रले प्रजातन्त्र र संविधानको हत्या गरी प्रत्यक्ष शासन सुरु गरेको एक वर्ष पुगेको छ । १९ माघ ०६१ यता पूर्णतः निर्दलीय सोचका आधारमा सञ्चालित एक वर्षको शासन कस्तो रह्यो त ? मुलुकको राजनीति, सामाजिक, प्रशासनिक, कूटनीतिक र आर्थिक क्षेत्र कस्तो रह्यो ? राजाले जे आधारमा राजनीतिक दलको सरकार अपदस्थ गरेर आफ्नै अध्यक्षतामा निर्दलीय सरकार गठन गरेका थिए, त्यसको औचित्य कत्तिको पुष्टि भयो ? यो एक वर्षको अवधिको हरेक नागरिकले वस्तुनिष्ट, यथार्थ र वास्तविक विवेचना गर्नुपर्छ ।

**राजनीतिक अस्थिरता तीव्र**

राजाले दलहरूको सरकार अपदस्थ गरी सम्पूर्ण सत्ता आफ्नो हातमा लिंदा अस्थिरतालाई एउटा मुख्य कारकका रूपमा अघि सारेका थिए । छिटोछिटो सरकार फेरबदल भइरहेको अवस्थालाई चित्रित गर्दै राजनीतिक दलहरूलाई मात्र होइन, विघटित संसद्लाई समेत गाली गर्न बाँकी राखेनन् । 'सरकार टिकाउने र फाल्ने होडमा संसद्मा विकृतिहरू भित्र्याइयो' भनेर स्थिरताको नारासहित निरङ्कुश शासन सुरु गरेका राजाले आफ्नै कार्यकालमा सबभन्दा बढी राजनीतिक अस्थिरता सिर्जना गरे । उनले दस महिनामा चारपटक मन्त्रिपरिषद् पुनर्गठन गरेर नेपालमा राजनीतिक अस्थिरताको जड दरबार नै हो भन्ने पुष्टि गरे । कसैको सिफारिस वा वाध्यताबिना आफैं मनखुसीले नियुक्त गरेका टीके मन्त्रीहरूसँग पनि राजाले चार महिनाभन्दा बढी काम गर्न सकेनन् । यसले पनि देखाउँछ, उनी कति अप्रजातान्त्रिक, असहिष्णु र अदूरदर्शी छन् ।

'माघ १९' मा सैन्यबलका आधारमा चालिएको 'कू' लाई राजाले न्वारानदेखिको बल लगाएर संवैधानिक सावित गर्न खोजे पनि उनका हरेक व्यवहारले त्यसको असंवैधानिकता प्रकट गरे । संविधानमै नभएका अध्यक्ष र उपाध्यक्षको व्यवस्था गरेर राजाले सामान्य मानिसले पनि बुझ्ने गरी संविधानको ठाडो उल्लङ्घन गरे । संवैधानिक नियुक्तिजस्ता विषयमा पनि उनले आफूखुसी संविधानका धाराहरूको गलत प्रयोग गरेर निरङ्कुशतालाई वैधता दिलाउने दुस्साहस गरे ।

**फुटाऊ र राज गर**

'फुटाऊ र राज गर' को सामन्तवादी नीतिबाट राजा यो एक वर्षको अवधिमा निर्देशित भए । उनको कठपुतली मन्त्रिपरिषद्मा राखिएका अधिकांश सदस्यहरू पञ्चायतकालीन उत्पादन थिए भने बाँकी राजनीतिक दलबाट परित्यक्त लोभी-पापीहरू थिए । राजनीतिक दलसँग इवी साँध्न वा उनीहरूलाई 'देखाइदिन' राजाले समाजमा गनाएका र कुनै राजनीतिक धरातल नभएका सजिलै बिक्नसक्नेहरूलाई आफ्नो समूहका सदस्यका रूपमा छाने । यो उनको समूहमाथिको राजनीतिक सङ्कटको उपज थियो ।

राजनीतिक दलभित्र विग्रह उत्पन्न गरेर उनीहरूलाई कमजोर पार्ने दरबारिया गणित नयाँ होइन । आफ्नो परम्परागत पेसाबाट वर्तमान राजा मुक्त रहेनन् । तर, उनको यो पुरानो सूत्रले कुनै काम गरेन । मुलुकका प्रमुख राजनीतिक दलहरू प्रजातन्त्रका लागि जसरी एकजुट भए, त्यसले राजाको सपना नराम्ररी तुहाइदियो । १५ फागुन, ०६१ मा पाँच दल र २५ वैशाख ०६२ मा सात दलबीच बनेको संयुक्त मोर्चाले नेपाली राजनीतिमा दरबार सर्वाधिक निरीह, एक्लो र अलगथलग बन्यो ।

यसबाट अत्तालिएका राजा र उनका दूतहरू सात दलबीच विभाजन ल्याउने प्रयत्नमा नलागिरहन सकेनन् । 'एमालेको सभामा धेरै मानिस आए' भनेर काङ्ग्रेसलाई तर्साउन दरबारले मच्चाएको स्यालहुँइया 'फुटाऊ र राज गर' कै कार्यनीति थियो । त्यति मात्र होइन, आन्दोलनकारीमध्येका कुनै दलका नेतामाथि कडा र कसैमाथि नरम व्यवहार गर्ने पनि दरबारको त्यही कार्यनीतिको अङ्ग हो । तर, राजनीतिक दलहरूले देखाएको सुझबुझ र बुद्धिमताले प्रजातान्त्रिक एकता मजबुत छ ।

आन्दोलनकारी दलहरूबीच विभाजन ल्याउन नसकेपछि दरबारले पूर्वपञ्चहरूको पार्टीका रूपमा परिचित राष्ट्रिय प्रजातन्त्र पार्टीलाई चिराचिरा पारेको छ । राजाको कथित निर्वाचनका पक्षमा उभिने जनाधारयुक्त कुनै पनि दल नभएपछि राजाले राप्रपामा विभाजन ल्याए र कथित निर्वाचनमा राप्रपाले भाग लिएको नक्कली नाटक गराए । संस्थागत रूपमा 'माघ १९' को असंवैधानिक र निरङ्कुश कदमलाई समर्थन नगरेको झोकमा राजाले दरबारप्रति सदासयता राख्ने राप्रपामाथि पनि आक्रमण गर्न बाँकी राखेनन् ।

**हुकुम र अध्यादेशको शासन**

'माघ १९' पछि मुलुकमा पूर्णतः हुकुम र अध्यादेशको शासन चलेको छ । शासन चलाउने राजनीतिक, संवैधानिक, कानुनी र प्रशासनिक हैसियत नभएपछि राजाले सबै काम आदेश र अध्यादेशका भरमा गर्दै आएका छन् । राजा आफैँले सिर्जना गरेको संवैधानिक जटिलता र शून्यताको फाइदा उनले हुकुमबाट उठाएका छन् । सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति होस् वा राष्ट्रिय मानवअधिकार आयोगको गठन, राजाले आफ्नो हुकुम प्रयोग गरेका छन् ।

कैयौँ दूरगामी असरका काम गर्न पनि राजाले अध्यादेश ल्याएका छन् । आफैँ अध्यक्ष भएको मन्त्रिपरिषद्को 'सल्लाह र सम्मति' मा जारी भएका त्यस्ता अध्यादेशको सङ्ख्या नै कहालीलाग्दो छ । छ दर्जनभन्दा बढी अध्यादेश जारी गरेर राजाले मुलुकलाई पूर्णतः स्वेच्छाचारी, गैरकानुनी र अप्रजातान्त्रिक राज्यमा रूपान्तरण गरे । राजाले जे भन्छन्, त्यही नै कानुन र नियम बन्ने बिडम्बनापूर्ण स्थिति नेपालमा देखियो । कानुनी राजका लागि यसभन्दा लाजमर्दो कुरा अरू के होला ?

**नेता हुने रहर**

एक वर्षको अवधिमा राजाले नेता हुने रहर गरेका छन् । ठाउँठाउँमा गरिएको अभिनन्दनको नाटकदेखि सरकारी कोषको दुरूपयोग गर्दै उनले गरेको जिल्ला भ्रमण त्यसैको प्रमाण हो । उनले सरकारी स्रोत, साधन र सम्पत्तिको दुरूपयोग गर्दै जिल्ला भ्रमण गरेर आफ्नो लोकप्रियता भएको भ्रम सिर्जना गर्न खोजे । तर, बाध्यताबश आउनैपर्ने सरकारी कर्मचारी, सदरमुकाममा विस्थापित सीमित मानिस, जबर्जस्ती ल्याएको स्कुले केटाकेटी र सेना-प्रहरीकै सादा पोसाकका जवानहरूको बीचमा उनको कथित लोकप्रियता आत्मरतिसिवाय केही होइन भन्ने प्रमाणित भएको छ ।

गरिब जनताका अपूरा सपना र उनीहरूको बाध्यतामाथि राजाले खेलबाड गरे । कहिल्यै पूरा नहुने आश्वासन बाँड्दै हिँडेका राजाले जनताका गुनासा सुनेर 'बुझेँ' भन्दै आफू लोकप्रिय रहेको भ्रम बाँड्न खोजे । तर, उनले एक वर्षअघि दिएका कुनै पनि आश्वासन पूरा नहुँदा जनसाधारणले पनि उनी ढाँट र अविश्वासी व्यक्ति रहेछन् भन्ने बुझ्न पाए ।

स्कुले केटाकेटीलाई 'अटोग्राफ' दिँदैमा वा प्रायोजित भीडमा हात हल्लाउँदैमा नेता भइन्छ भन्ने भ्रम राजाले पालेको उनको एकवर्षे क्रियाकलापले देखाएको छ । खर्च, उपादेयता र सान्दर्भिकताको विचारै नगरी उनले दिएका कतिपय गलत निर्देशनले मुलुकमा आर्थिक भार मात्र थपेको छैन, जनतालाई थप जटिलतामा फसाएको छ । क्षेत्रीय सदरमुकामका नाममा धेरै लगानी भएका कार्यालय जबर्जस्त सार्ने उनको आदेश सनकी, असान्दर्भिक र बहुलठ्ठीपूर्ण थियो भन्ने स्थानीय जनताले आफ्नै आँखाले हेर्न र आफैँ भोग्न पाएका छन् ।

**राजा होइन, जर्नेल**

राजाले सैन्यबलका आडमा 'माघ १९' को निरङ्कुश कदम चालेका थिए भन्ने एक होइन, अनेक घटनाक्रमले पुष्टि गरेका छन् । उनी जनता र राजनीतिक दलबाट एक्लिएपछि पूर्णतः सेनामा निर्भर देखिएका छन् । सेनाका भूतपूर्व जर्नेल-कर्नेल र पूर्वमण्डलेहरू नै उनका मेरुदण्डका रूपमा देखिएका छन् । जनताले तिरेको करबाट निवृत्तिभरण खाने सेनाका जर्नेलहरू नै राजाका प्रवक्ता देखिनु संयोग मात्र होइन ।

त्यति मात्र होइन, राजा स्वयम् मुलुकको प्रमुख होइन, सेनाका जर्नेलका रूपमा प्रस्तुत हुन लालायित देखिएका छन् । उनको जिल्ला भ्रमणमा पनि सैनिक बर्दीमोह स्पष्टै देखियो । उनले जे जति जिल्ला भ्रमणहरू गरे, ती प्रायः सैनिक पोसाकमै थिए । यसले पनि उनी जनबलका रूपमा होइन, सैन्यबलका रूपमा टिकेका छन् भन्ने देखाउँछ । उनले आफ्नो उत्तरदायित्व पनि जनताप्रति भन्दा सेनाप्रति नै देखाएका छन् भन्ने पनि यसबाट देखिन्छ ।

**असफल कूटनीति**

मुलुकभित्रको असफल राजनीतिको प्रत्यक्ष छायाँ मुलुकबाहिर पनि परेको छ । राजाका गलत, अविश्वसनीय र अप्रजातान्त्रिक क्रियाकलापले मुलुकको छवि अन्तर्राष्ट्रिय क्षेत्रमा निकै धूमिल बनेको छ । यसअघि कहिल्यै नभोगेको तिरस्कार नेपालले एक वर्षको अवधिमा अन्तर्राष्ट्रिय मञ्चहरूमा भोग्नुपरेको छ । नेपाल भन्नेबित्तिकै विश्वका प्रायः सबै मञ्चहरूमा एउटा असभ्य, अप्रजातान्त्रिक र अविकसित मुलुकका रूपमा हेरिने दुर्भाग्यपूर्ण अवस्था राजाको एकवर्षे शासनले निम्त्यायो । नेपाललाई पहिलोपटक संयुक्त राष्ट्रसङ्घको मानवअधिकार महासभाको एजेन्डामा सामेल गरियो र नेपालको मानवअधिकार

स्थिति अनुगमन गर्न मानवअधिकार उच्चायोगको कार्यालय स्थापना गरियो । यो राजाको शासनप्रति विश्वले गरेको अविश्वास हो । आर्टिकल-१९ मा चढेको मुलुकलाई अब राजा आर्टिकल-९ मा ल्याउन उद्यत छन् । उनका व्यवहारले मुलुक विश्वकै खराब मुलुकका रूपमा दर्ज भएको छ ।

नेपालको प्रजातन्त्र, शान्ति, मानवअधिकार र प्रगतिका पक्षमा आवाज उठाउने राजदूतहरूलाई 'चेतावनी' दिएर शाही सरकारले आफ्नो निरङ्कुश चरित्र उदाङ्गो पारेको छ । बेलायत र भारतका राजदूतलाई शाही सरकारले दिएको 'चेतावनी' आफ्नो असफलता छोप्न गरिएको निरर्थक प्रयास मात्र थियो । अमेरिका, भारत, बेलायतका साथै २५ मुलुक सदस्य भएको युरोपेली युनियनले गरेको पटक-पटकको आह्वानले शाही सरकार अन्तर्राष्ट्रिय क्षेत्रमा एक्लिएको स्पष्ट पार्दछ ।

अरू देशका विदेशराज्यमन्त्री सहभागी भएका अन्तर्राष्ट्रिय मञ्चहरूमा पुगेर आफ्नो निरङ्कुश कदमप्रति समर्थन हासिल गर्न खोजे पनि राजाको नक्कली मुखुण्डो उत्रिन दुई साता पनि लागेन । इन्डोनेसियाको जकार्ता होस् वा बङ्गलादेशको ढाकामा गरिएको उनको बाचा होस्, त्यसले अन्तर्राष्ट्रिय क्षेत्रमै उनको अविश्वसनीयता प्रदर्शन गर्‍यो । अलिकति भ्रममा रहेका अन्तर्राष्ट्रिय मित्रहरूले पनि राजाको नक्कली कुराका कारण यथार्थ बुझ्ने अवसर पाए ।

राजदूतहरूको नियुक्तिमा पनि राजाले जर्नेलहरूलाई प्राथमिकता दिएर आफ्नो राज्य सञ्चालनको सन्देश विश्वव्यापी रूपमा दिए । प्रज्वल्लशमशेर राणा, भिक्ट्री राणा, ताराबहादुर थापाजस्ता जर्नेलहरूलाई राजदूत नियुक्त गरेर राजाले मुलुकभित्र मात्र होइन, बाहिर पनि आफ्नो सैनिक निर्भरता स्पष्ट पारे ।

**वैदेशिक सहयोग बन्द**

जतिबेला राजाका अर्थमन्त्री वैदेशिक सहायताका लागि विदेशमा हात थाप्दै थिए, त्यतिबेला मुलुकभित्र उनकै कथित उपाध्यक्ष भने 'विदेशी सहयोग नपाए पनि मुलुक चल्छ' भन्दै जनतालाई भ्रममा पार्दै थिए । तर, राजाको कथित राष्ट्रवादको नाराले तब हावा खायो, जब कतिपय प्रमुख विदेशी सहायताहरू बन्द भए । डेनमार्कले शाही कदमले दुई साता पार नगर्दै सहयोग बन्दको घोषणा गर्‍यो भने अरू मुलुकले पनि प्रजातन्त्र स्थापना नभएसम्म सहयोग नगर्ने बताएर शाही सरकारलाई तिरस्कार गरे ।

प्रजातन्त्रको हत्या गर्ने राजाको कदमका कारण नेपालले पाउँदै आएको सैनिक सहायता पूर्ण रूपमा बन्द भयो । माओवादी विद्रोहको सामना गरिहेको मुलुकका लागि यो कम गम्भीर कुरा थिएन । माओवादीसँग लड्ने हातहतियार र गोलीगठ्ठाको अभावमा राज्यको सामरिक बल निकै कमजोर भएको छ । भारत, अमेरिका र बेलायतजस्ता नेपालका प्रमुख सामरिक सहयोगदाताहरूले नाकाबन्दी गरेपछि शाही सत्ताको सङ्कट झन् गहिरिनु अस्वाभाविक थिएन । भारतले पाइपलाइनमा रहेका सीमित साधनहरूबाहेक कुनै सहयोग दिएको छैन भने अमेरिका र बेलायतले त त्यतिको सहयोग पनि दिएका छैनन् । यसले गर्दा वर्तमान शाही सत्ता सामरिक रूपमा निकै कमजोर भएको छ ।

**मानवअधिकारको चरम उल्लङ्घन**

राजाको एकवर्षे शासनकाल मानवअधिकारका दृष्टिबाट निकृष्ट सावित भएको छ । बिनाकारण नागरिकहरूलाई पक्राउ गर्ने र कानुनी उपचारमा बन्देज लगाउनेजस्ता निकृष्ट कामको अगुवा राज्य नै देखियो । नागरिकका न्यूनतम अधिकारहरूको पनि सम्मान गरिएन । सिङ्गो मुलुक सबै नागरिकका लागि जेलमा रूपान्तरण भयो । नागरिकको निर्वाध आवागमनमा राज्यले बिनाकारण बन्देज लगायो । कति नागरिकलाई उपत्यका छोड्नमा बन्देज लगाइयो भने कतिलाई मुलुकबाहिर जान दिइएन । यसको एउटै मात्र कारण थियो, राज्यको निरङ्कुश र अप्रजातान्त्रिक मुखुन्डो उत्रिने त्रास । नेपालमा देखेको र भोगेको कुरा बाहिरी विश्वमा प्रचारित होला भन्ने भयले राज्यले धेरै जना मानवअधिकारवादी र नागरिक समाजका अगुवाहरूलाई विमानस्थलबाट फर्काइयो । 'माथिको आदेश' भन्दै रोक्नुको कुनै कारण नखुलाएर राजाले कानुनी होइन, जङ्गली राजको अभ्यास गरे ।

ठूलो सङ्ख्यामा राजनीतिक दलका नेता, कार्यकर्ता र समर्थकलाई गिरफ्तार मात्र गरिएन, उनीहरूका परिवारको न्यूनतम मानवअधिकार पनि उल्लङ्घन गरियो । महिनौंसम्म टेलिफोन लाइन काट्ने, घरमा जासुसी गर्ने र मानसिक यातना दिने काममा राज्य हात धोएर लाग्यो । गिरफ्तार गरिएका राजबन्दीहरूलाई मानवोचित व्यवहार नगरेर राज्यले आफ्नो असभ्य अनुहार उदाङ्गो पार्‍यो ।

**जङ्गली राजको अभ्यास**

राजाले एक वर्षको अवधिमा पूर्ण रूपमा जङ्गलीराजको अभ्यास गरे । विगतमा संसद्ले बनाएका कानुन र नियमहरूलाई उनले पूर्णतः लत्याए । त्यति मात्र होइन, जुन कानुन आफ्नो निरङ्कुश यात्रामा सहयोगी बन्दैनन्, तिनलाई तुरुन्तै अध्यादेशमार्फत संशोधन गर्ने काम पनि राजाले गरे । एक वर्षमा उनले निरङ्कुशतन्त्रलाई संस्थागत गर्ने गरी कानुन, नियम र नियमावलीहरूको तर्जुमा गरेर मुलुकलाई पूर्णतः अप्रजातान्त्रिक र अपारदर्शी दिशामा धकेले ।

'शक्तिको विकेन्द्रीकरण नै प्रजातन्त्रको मर्म हो' भन्दै हिँड्ने राजाले व्यवहारमा भने त्यसको ठीक उल्टो काम गरे । उनले शक्तिको विकेन्द्रीकरण गर्नु त परै जाओस्, शक्ति-सन्तुलनको विश्वव्यापी मान्यतालाई ठाडै उल्लङ्घन गरेर कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अधिकारहरू आफैं प्रयोग गरे ।

न्यायालयको मानहानि गर्ने काममा राजाको सरकारले अद्वितीय इतिहास कायम गरेको छ । अदालतको सम्मान, मर्यादा र गरिमालाई राजा र उनका मन्त्रीहरूले धुजाधुजा पारिदिएका छन् । गैरकानुनी गिरफ्तारीका विरुद्ध न्यायालयले दिएका आदेशलाई सरकारले पालना गरेन । न्यायालयको परिसरबाटै नागरिकहरूलाई बिनाकारण पक्राउ गर्ने र बदलामा मन्त्रीहरूले 'अदालतले फेरि नपक्रनू भनेको छैन' भनेर कहीं नभएको गाइजात्रा देखाए । न्यायालयले छोड्न आदेश दिएका बन्दीहरूलाई

छुटाउन पनि मानवअधिकारवादी र अन्तर्राष्ट्रिय समुदायको सहयोग लिनुपर्ने बाध्यात्मक स्थिति राजाको सरकारले खडा गर्‍यो । अहिले पनि शाही सरकारका कतिपय मन्त्रीका विरुद्ध अपहेलनाका मुद्दाहरू अदालतमा विचाराधीन छन् ।

**अदालतमा पनि मण्डलेकरण**

राज्यमा सैनिकीकरण र राजनीतिमा मण्डलेकरण राजाको व्यावहारिक कार्यनीति नै हो । उनले शाही घोषणाका सुरुका दिनहरूमा सरकारी कार्यालयमा समेत सेना पठाएर यसलाई मुखर रूपमा अभिव्यक्त गरेका थिए भने पछिल्ला दिनमा पनि राजनीतिक निर्णयमा समेत सेनाको भूमिकालाई नै उनले प्रमुखता दिए । उनले राजनीतिक नियुक्तिहरूमा खोजीखोजी मण्डले, दरबारिया र पूर्वपञ्चहरूलाई नियुक्त गरे । क्षेत्रीय र अञ्चल प्रशासकको राजनीतिक पद सिर्जना गरी सत्ताका रक्षकका रूपमा उनले पूर्वपञ्च, मण्डले र सैनिक पृष्ठभूमिका आफ्ना समर्थकहरूलाई नियुक्त गरे । यसबाट उनले निरङ्कुशतालाई दीर्घकालका लागि संस्थागत गर्न चाहेको स्पष्ट हुन्छ ।

राजाको निरङ्कुश सत्ताको छायाँबाट अदालत पनि मुक्त हुन सकेन । खासगरी तत्कालीन प्रधानन्यायाधीले शाही 'कू' को वकालत गर्दै अस्ट्रियाको गोलकोस्टमा भाषण गरेपछि त्यसले न्यायिक क्षेत्रमा खैलाबैला उत्पन्न गर्‍यो । कानुन व्यवसायीहरूको संस्था नेपाल बार एसोसिएसनले उनको राजीनामा समेत माग्यो । उनीपछि आएका वर्तमान प्रधानन्यायाधीशका पछिल्ला क्रियाकलापका कारण पनि अदालत शाही सत्ताको लाचारछायाँका रूपमा परिणत हुँदै गएको आभास भएको छ । कतिपय जनपक्षीय मुद्दाहरूका सुनुवाइ पर सारेर वा तिनका विपक्षमा आदेश दिएर अदालत विस्तारै शाही शासनलाई वैधानिकता दिने कुकर्ममा पनि सहयोगी बन्दै गएको छ ।

न्यायाधीश नियुक्ति प्रकरणमा निरङ्कुशताले नाङ्गो रूपमा सर्वोच्च अदालतमा प्रवेश गर्‍यो । मण्डले पृष्ठभूमि भएका र 'माघ १९' पछि महान्यायाधिवक्ताको पदद्वारा पुरस्कृत दरबारियाहरूलाई सर्वोच्च अदालतको गरिमामय न्यायाधीश पदमा आसीन गराएर दरबारले अदालतलाई आफ्नो वास्तविक सेवकका रूपमा रूपान्तरण गर्न खोजेको तथ्य घामजत्तिकै छर्लङ्ग भएपछि नेपाल बार एसोसिएसन त्यसका विरुद्ध खुला रूपमा उत्र्यो । नेपालको न्यायिक इतिहासमा यो नयाँ घटना हो ।

**शान्तिसुरक्षाको भ्रम समाप्त**

दलहरूको सरकारले मुलुकमा शान्तिसुरक्षा कायम गर्न नसकेका कारण शासनसत्ता आफ्नो हातमा लिनुपरेको राजाको तर्क उनको एकवर्षे शासनकालले पूर्णतः झूटो सावित गरिदियो । उनले आमजनता र मुलुकको सुरक्षा त परै जाओस्, आफ्नै सेना र प्रहरीको समेत सुरक्षा गर्न सकेनन् । यस अवधिमा माओवादीले जिल्ला सदरमुकाम कब्जा मात्र गरेनन्, विगतमा गर्न नसकेको आक्रमण राजधानीमै गरे । 'माओवादीको ढाड भाँचिइसकेको' तर्क दिएर आत्मरतिमा रमाउने दरबारियाहरूका लागि यसभन्दा ठूलो झापड अरू के होला ?

माओवादीले एकतर्फी रूपमा घोषणा गरेको तीनमहिने युद्धविराम शाही सत्ताका लागि निल्नु न ओकल्नु सावित भयो । शान्तिको उराठलाग्दो राग अलाप्ने मण्डलेहरूलाई मुखभरिको जवाफ दिएर माओवादीले राजनीतिक निकासको एउटा अवसर दिएका थिए । तर, युद्धको त्रास देखाएर लाभ हासिल गरिरहेका राजासँग माओवादीलाई राजनीति रूपमा जवाफ दिने हिम्मत र बुद्धि थिएन, जसका कारण राजनीतिक दलहरूको अनुरोधमा उनीहरूले एकमहिने अवधि थप गर्दा पनि राजा किंकर्तव्यविमूढताको चिरनिन्द्राबाट बिउँझिन सकेनन् । जसरी माओवादीलाई गोलीले नै समाप्त गर्छु भन्ने उनको भ्रम थियो, एक वर्षको अवधिमा त्यसले पनि उनका अरू कार्यसूचीले झैँ हावा खायो ।

माओवादीले एकतर्फी युद्धविराम गरेका कारण मुलुकमा हत्या र हिंसामा कमी आएको स्पष्ट तथ्यलाई समेत आफ्नो पक्षमा प्रचार गर्न भने राजा र शाही प्रचारकहरू निर्लज्जतापूर्वक लागिरहनु यसबीचको अर्को उदेकलाग्दो उदाहरण थियो । एक वर्षको अवधिमा माओवादीभन्दा राज्य झन् हिंस्रक र आततायी देखिएको छ । यस अवधिमा राज्यले नौ सय ७७ नागरिकको हत्या गरेको छ । जबकि माओवादीका तर्फबाट त्यसको आधा जति पाँच सय ३४ जनाको ज्यान लिइएको छ । राजाको शासनमा दैनिक चार दशमलव २१ जना मान्छे हतियारको प्रयोगबाट मारिएको तथ्य इन्सेकको छ । चार महिना माओवादीको युद्धविराम नभएको भए यो सङ्ख्या अझै कहालीलाग्दो हुने निश्चित थियो ।

लडाइँ चर्किंदा राजाका काका, भतिजा वा छोरा मर्दैनन्, जनताका छोरा नै मर्छन् । त्यही भएर राजा मुलुकमा अझै धेरै रक्तपात मच्चाउन चाहन्छन् । उनी मुलुकमा युद्ध चर्काएर अफ्रिकातिर सिकार खेल्न जानु वा मन्दिरमा पापमोचनका लागि 'भगवान्' खोज्दै जानु उनको 'निरो प्रवृत्ति' को द्योतक हो ।

**प्रेसमाथि निरन्तर आक्रमण**

राजाको एकवर्षे शासनकालमा निरन्तर तारो बनिरहेको क्षेत्र हो- प्रेस । उनको हुकुमी शासनको सुरुवात नै प्रेसमाथिको आक्रमणबाट भएको थियो । शाही घोषणा सकिँदा-नसकिँदै सञ्चारमाध्यमका कार्यालयमा हतियारधारी सैनिकहरू पठाएर उनले आफ्नो शासन कस्तो हुनेछ भन्ने सङ्केत देखाएका थिए । त्यसपछि नेपाली प्रेसका दुर्दिन सुरु भए । जनतासम्म सजिलै पुग्न सक्ने सुलभ सञ्चारमाध्यमका रूपमा विकसित एफएम रेडियोबाट समाचार बन्द गराइयो भने पत्रिकाका कार्यालयमा हप्तौँसम्म सैनिक तैनाथ गरियो । पत्रपत्रिकामाथि छापिनुपूर्व कुनै किसिमको प्रतिबन्ध लगाउन नपाइने संवैधानिक व्यवस्थाको खिल्ली उडाउँदै सैनिकद्वारा सेन्सर गरियो । आन्दोलन र प्रजातान्त्रिक व्यवस्थाका पक्षमा लेख्ने कैयौँ पत्रिकामाथि मुद्दा चलाइयो भने कैयौँ पत्रकारलाई समाचार लेखेका आधारमा गिरफ्तार गरियो । पञ्चायतकालमा पनि नपाएको दुःख सञ्चारमाध्यमहरूले राजाको निरङ्कुश शासनमा पाए ।

सञ्चारमाध्यममाथिको आक्रमणका कारण नेपाल विश्वकै १० कठोर मुलुकहरूको सूचीमा पर्‍यो । सञ्चारमाध्यममाथि कडाइ गर्न मौजुदा कानुनमा ठाडो संशोधन गरेर अध्यादेश जारी गरियो । समाचार लेखेबापत पत्रकारहरूमाथिको सजाय

पचासौँ गुणा वृद्धि गरेर तर्साउन खोजियो । तर पनि, नेपाली पत्रकारले यसबीचमा वास्तवमै 'आवाजविहीनहरूको आवाज' हुनबाट आफूलाई चुकाएनन् । शाही सरकारले लुटेरा शैलीमा एफएम रेडियोका उपकरण कब्जामा लिने र प्रसारण अवरुद्ध पार्ने निकृष्ट व्यवहार गर्न पछि परेन । सर्वोच्च अदालतको फैसलाका आधारमा अहिले एफएम रेडियोहरूले पनि निर्वाध समाचार बजाउन पाएका छन् । कानुनी, राजनीतिक र पेसागत तीनै रूपमा नेपाल पत्रकार महासङ्घले आन्दोलन जारी राख्यो र धेरै हदसम्म सफलता पनि हासिल गरेको छ ।

**बेवारिसे एक्काइस बुँदा**

राजाले शासन सुरु गरेपछि उनको अध्यक्षतामा २१ माघ ०६२ बसेको उनको मन्त्रिपरिषद्को बैठकले जनताका आँखामा छारो हाल्न र कथित सुधारको भ्रम दिन एक्काइस बुँदे कार्यक्रमा पारित गरेको थियो । दल र तिनीहरूका सरकारले गर्न नसकेका काम गर्ने आशा बाँड्दै राजाको सरकारले कथित एक्काइस बुँदे कार्यक्रम सार्वजनिक गरेको थियो । राजाका मन्त्री र दरबारियाहरूका लागि त्यो कार्यक्रम धेरै दिनसम्म 'गीतको गेडो' बनेको थियो । मुलुकबाट भ्रष्टाचार निर्मूल पार्ने, जनतालाई सुशासन दिने, विकेन्द्रीकरण गर्ने, सुकुमवासीलाई जमिन दिने, गरिबी निवारण गर्ने, घरेलु उद्योगको विकास गर्ने, आर्थिक वृद्धिको गति तीव्र पार्ने, बेरोजगारी समस्या समाधान गर्ने, 'बाटो बिराएर गएकाहरूलाई' शान्तिपूर्ण जीवनमा फर्केमा विदेश पठाउने, तराईका नदीहरू तटबन्ध गर्ने, ०६२ को फागुनसम्म जुम्लामा सडक पुऱ्याउनेजस्ता आकर्षक नारा दिएर राजाले आफ्नो निरङ्कुश शासनको औचित्य सावित गर्न र विरोधमा उठेका स्वरहरूलाई मत्थर पार्न खोजेका थिए ।

तर, अहिले ती कथित एक्काइस बुँदा आमजनतालाई त कुरै छोडौँ, स्वयम् राजाको तलबभत्ता खाइरहेका मन्त्रीहरूलाई समेत याद छैन । जनतालाई आश्वासन बाँड्ने क्रममा राजाले कतिसम्म झूटा र बकम्फुसे कुरा गरेका रहेछन् भन्ने उनको एकवर्षे शासनले देखाएको छ । 'भ्रष्टाचार नियन्त्रण गर्न' गठित शाही आयोग नौटङ्की सावित भइसकेको छ । राजनीतिक पूर्वाग्रहका आधारमा राजनीतिक दलका नेता, कार्यकर्ताको मानमर्दन गर्न गठन गरिएको यो आयोग यथार्थमा यसका अभियुक्त, बदनाम र कुनै दक्षता नभएका अध्यक्ष तथा सदस्यहरूका लागि सात पुस्तासम्मलाई पुग्ने गरी कमाउने भाँडो मात्र भएको छ । औचित्यहीन, अवैधानिक र नौटङ्की शाही आयोगको वैधानिकतामाथि चुनौती दिएर दायर गरिएको मुद्दा सर्वोच्च अदालतको ढिलासुस्तीका कारण यो पङ्क्ति लेख्दासम्म विचाराधीन थियो ।

**प्रशासन तहस–नहस**

राजनीतिक दलले प्रशासनमा राजनीतीकरण गरेको आरोप लगाउने राजाले नै सबभन्दा बढी प्रशासनमा राजनीतीकरण गरे । उनले मौजुदा नियम, कानुन र नियमावलीलाई पूर्णतः लत्याउँदै स्थायी सरकार मानिने कर्मचारीतन्त्रमा नातावाद, कृपापाद र चाकडीलाई खुलेआम प्रश्रय दिए । निजामती सेवामा लामो अनुभव, लगानी र दक्षताका कारण सचिवको उच्चतहमा पुगेका योग्य प्रशासकलाई बिनाकाम जगेडमा राखेर उनले दुनियाँलाई नै आश्चर्यमा पारे । उनकै गलत निर्णयका कारण एक सचिव दिनेशचन्द्र प्याकुरेलले त आत्महत्या नै गरे । उनको शासन सुरु भएयता बिनाकाम जगेडमा बसिरहेका आधा दर्जन सचिवहरू जिउँदै मरेसरह छन् । यसले देखाउँछ, राजा कति अयोग्य, अविवेकी र सनकी छन् ।

राजाले पञ्चायती व्यवस्थालाई पुनर्जीवित गर्दै कथित क्षेत्रीय र अञ्चल प्रशासकहरूको नियुक्ति गरे । पञ्चे र मण्डले पृष्ठभूमिका यी कथित प्रशासकहरूका कारण कर्मचारीतन्त्र झन् अस्तव्यस्त र अस्थिर बन्न पुग्यो । नियम, कानुन र कर्तव्यभन्दा पनि हुकुम, आदेश र निगाह बुझेका यी अनुभवहीनहरूका कारण योग्य कर्मचारीहरूले निहुरिएर बस्नुपऱ्यो । उनले योग्यता, क्षमता र कार्यदक्षतालाई लत्याएर हुकुमप्रमाङ्गीबाट जागिर खाएका लोकमानसिंह कार्कीलाई मुख्यसचिव बनाएर कर्मचारीतन्त्रमा मण्डलेकरणलाई संस्थागत गरे, जसको परिणामस्वरूप उनी हिजोआज मुलुकको होइन, दरबारको सेवक बन्न कर्मचारीलाई निर्देशन दिँदै हिँडिरहेका छन् ।

**निष्कर्ष**

राजाको शासन हरेक हिसाबले असफल भएको छ । मुलुक र जनताका लागि उनको एकवर्षे प्रत्यक्ष शासन अभिसाप सावित भएको छ । गत वर्ष 'माघ १९' का दिन आफ्नै निवासमा राजाले बन्दी बनाएका बेला नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले हस्तलिखित वक्तव्य जारी गर्दै भन्नुभएको थियो- '..राजनीतिक दलहरू सम्मिलित संयुक्त सरकार विघटन गर्ने, प्रजातान्त्रिक पार्टी र सबैमाथि तथानाम आरोप लगाउने, संविधानको मर्म र भावनाविपरीत शाही निरङ्कुशता एवम् हुकुमी शासन लाद्ने, नागरिक, प्रजातान्त्रिक एवम् मौलिक अधिकारहरू निलम्बन गर्ने र मुलुकमा सङ्कटकाल घोषणा गर्ने राजाको तानाशाही कदमलाई कुनै पनि देशभक्त, इमानदार र प्रजातन्त्रप्रेमी नेपाली जनता एवम् न्यायप्रेमी विश्व जनमतसमेतले स्वीकार गर्ने छैनन् ।' उहाँले प्रारम्भमै भनेझैँ राजाको कदम मुलुकभित्र मात्र होइन, बाहिरबाट समेत तिरस्कृत र बहिष्कृत भएको छ । राजनीतिक, आर्थिक, प्रशासनिक, कूटनीतिक, सामाजिक र नैतिक सबै रूपमा राजा असफल, अयोग्य र असक्षम सावित भएका छन् ।

'माघ १९' को वार्षिकीमा राजाले दिएको वक्तव्यमा कुनै नवीनता नहुनु संयोग मात्र होइन, उनको राजनीतिक पराजयको प्रतिविम्ब हो । जनताका अगाडि निहुरिन नजान्ने राजालाई जनताले सधैँका लागि समाप्त गर्नुको विकल्प देखिँदैन । लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढिरहेको मुलुक अब त्यो गन्तव्यमा नपुगेसम्म राजनीति स्थिरता, सुशासन र प्रगतिमा पनि पुग्न सक्नेछैन ।

■

# राजाको हुकुमी शासन पूर्णतः असफल

## माधवकुमार नेपाल

नेपाल अधिराज्यको संविधान, ०४७ लाई पूर्ण रूपमा लत्याउँदै सैनिक बलमा राजा ज्ञानेन्द्रले सम्पूर्ण सत्ता हत्याएको एक वर्ष भएको छ। शान्ति स्थापना, सुशासन, भ्रष्टाचार नियन्त्रण र आर्थिक अनुशासनको नारा दिएर ०६१ माघ १९ गते शासनसत्ता हातमा लिएका राजाको मूल उद्देश्य प्रजातन्त्रको हत्या गर्दै आफ्नो निरङ्कुश सत्ता कायम गर्नु थियो भन्ने कुरालाई एक वर्षका घटनाले छर्लङ पारेका छन्। राजनीतिक दलहरूको थाप्लोमा सम्पूर्ण दोष थुपारेर आफ्नो हुकुमी शासन चलाउने षड्यन्त्रमा राजा सुरुदेखि नै लागेका थिए भन्ने कुरालाई पनि उनका अभिव्यक्ति र कामहरूले सावित गरिदिएका छन्।

गाउँमा बस्ने किसान होस् या सहरमा मजदुरी गर्ने मजदुर, उद्योगपति होस् या व्यापारी, शिक्षक होस् या कर्मचारी, डाक्टर, इन्जिनियर, प्राध्यापक होस् या सामान्य गरिखाने मान्छे, सम्पूर्ण नेपाली जनता यतिबेला शान्ति चाहन्छन्। तर, शान्तिको बाटोमा मूल बाधकका रूपमा निरङ्कुश राजतन्त्र रहेको छ। राजा मुखले शान्ति स्थापनाको कुरा गर्छन् तर व्यवहारमा अशान्ति र हिंसालाई बढाउने कार्य जारी राख्छन्। शान्ति शब्दको बारम्बार उच्चारण गरेर त्यसको आडमा सैनिकीकरण र युद्धलाई प्रश्रय दिन्छन्। आफ्नो स्वेच्छाचारी, जनविरोधी र अप्रजातान्त्रिक शासनसत्तालाई टिकाउन सकिन्छ कि भन्ने आशमा हतियार र गोला-बारुद थपिरहेछन्। सेनाको सङ्ख्या बढाइरहेका छन्। राजाको सम्पूर्ण चिन्तन र व्यवहार मुलुकमा शान्ति स्थापना गर्ने होइन, अशान्ति र द्वन्द्व भड्काएर त्यसकै आडमा कसरी आफूलाई बलियो पार्ने भन्नेतर्फ मात्र केन्द्रित छ। जनताको मानवअधिकार र राजनीतिक स्वतन्त्रताको चरम हनन शाही निरङ्कुश सत्ताको विशेषता भएको छ।

आमजनता र राजनीतिक दलहरूले पटक-पटक युद्धविराम गर्न आह्वान गर्दा पनि राजाको सरकारले युद्धविराम गरेन। युद्धविराम, शान्तिवार्ता र प्रजातन्त्रको पुनःस्थापनाका लागि संयुक्त राष्ट्रसङ्घ, भारत, अमेरिका र युरोपियन युनियनलगायत विश्व समुदायले बारम्बार दबाब दिँदा पनि राजा अन्तर्राष्ट्रिय समुदायको आवाजलाई सुनेको नसुन्यै गरिरहेछन्। राजा आफैँ शान्तिका लागि कुनै प्रयास त गर्दैनन्, गर्दैनन्- अरूले गरेको प्रयासलाई पनि असफल पार्न लागिपर्छन्।

जब नेकपा (माओवादी) ले एकतर्फी रूपमा तीन महिनाको युद्धविराम गर्‍यो, त्यो युद्धविरामको देशभित्र व्यापक स्वागत भयो। अन्तर्राष्ट्रिय समुदायले पनि उक्त युद्धविरामको स्वागत गर्दै शाही सरकारलाई समेत युद्धविराम गरेर शान्तिवार्ता थाल्न आह्वान गर्‍यो तर राजाले देशभित्र र बाहिरका व्यापक जनता र मित्रराष्ट्रहरूका शान्तिकामी आवाजलाई वेवास्ता गर्दै लत्याए। तीन महिनाको युद्धविराम सकिन लाग्दा आन्दोलनरत सात राजनीतिक दल, नागरिक समाज र विश्व समुदायले पुनः नेकपा (माओवादी) लाई एकतर्फी युद्धविराम लम्ब्याउन आह्वान गरेपछि नेकपा (माओवादी) ले फेरि एक महिना युद्धविराम लम्ब्यायो। यस अवधिमा पनि राजाको सरकारले माओवादी युद्धविरामको जवाफ युद्धविरामबाट दिएन, झन् उल्टो माओवादीको प्रभावक्षेत्र रहेको रोल्पा-रुकुममा सेना परिचालन गरेर र हेलिकप्टरबाट आक्रमण गरेर माओवादीलाई युद्धमा फर्कन बाध्य बनायो। राजा शान्तिको नाममा अशान्ति र लडाइँ मच्चाएर देशमा रक्तपात जारी राख्दै त्यसैको आडमा आफ्नो शासन टिकाउन चाहन्छन् भन्ने कुरो नेपाली जनता र विश्व समुदायले अब प्रस्ट रूपमा बुझिसकेका छन्। शान्ति स्थापना गर्ने काममा राजतन्त्र नै प्रमुख अवरोधको रूपमा रहेको यथार्थ प्रस्ट भएको छ।

राजाले दिएको सुशासनको नारा पनि पूर्ण रूपमा असफल भएको छ। हुकुम र अध्यादेशका भरमा चलेको शासनका रूपमा राजाको शासन सर्वत्र आलोचित भएको छ। शाही सरकारको शासनमा कर्मचारीहरू आतंकित मनस्थितिमा काम गर्न बाध्य छन्। असंवैधानिक र गैरकानुनी ढङ्गले प्रेस र नागरिक समाजलाई बलपूर्वक दबाउने काममा शाही सरकार सुरुदेखि ज्यान फालेर लागिपरेको छ। न्यायालयमाथि दरबारको हस्तक्षेप बढेको छ। राजाको सक्रिय शासनको एक वर्ष प्रशासन सञ्चालन र जनतालाई सेवा-सुविधा प्रदान गर्ने कोणबाट हेर्ने हो भने नेपालको इतिहासमा सबैभन्दा असफल कालका रूपमा प्रमाणित हुनेछ। प्रशासनका नियम-कानुन, परम्पराहरूलाई ध्वस्त पार्दै र प्रशासकहरूलाई हतोत्साहित तुल्याउँदै राजाले आफ्नै नेतृत्वमा शासन चलाएको एक वर्ष कुशासनको निकृष्ट नमुनाका रूपमा देखिएको छ। राजाले भनेको सुशासन उनी र उनका आसेपासेहरूको हुकुमी र स्वछन्द कुशासनबाहेक केही होइन रहेछ भन्ने कुरा स्पष्ट रूपले सावित भएको छ र राजाको नेतृत्वको सरकार जनताको लागि घृणाको पात्र बन्न पुगेको छ। नियम, कानुन र विधिविधानको खिल्ली उडाउँदै हुकुमी र मनपरि ढंगले जतिबेला जे मन लाग्यो त्यही निर्णय गर्ने र आदेश दिने कुरा राजाको निरङ्कुश शासनको विशेषता बनेको छ। यसरी राजाले दिएको सुशासनको नारा केवल नाराकै रूपमा अलपत्र परेको छ।

राजाले शासन हातमा लिएको एक वर्षको अवधिमा नेपालमा भ्रष्टाचार झन् बढेको छ। ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार भ्रष्टाचार हुने राष्ट्रहरूको सूचीमा नेपाल माथिल्लो नम्बरमा चढेको छ। भ्रष्टाचार नियन्त्रण गर्न भनेर राजाले बनाएको भ्रष्टाचार नियन्त्रण शाही आयोग राजाविरोधीहरूलाई सताउने र दुःख दिने काममा लागेको छ र यसका पदाधिकारीहरू नै भ्रष्टाचारमा समेत सामेल भएका खबरहरू छापिएका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार गरेको आरोपमा अदालतमा मुद्दा चलाएकाहरूलाई मन्त्रिमण्डलमा मन्त्रीका रूपमा सामेल गरेर भ्रष्टाचार नियन्त्रणको नाराको पोल राजा आफैंले खोलिदिएका छन्। राजाको यस्तो व्यवहारले भ्रष्टाचार नियन्त्रणका लागि क्रियाशील रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत छायाँमा पर्न पुगेको छ।

राजाको एकवर्षे शासनकालमा अपारदर्शिता, राज्यकोषको निर्वाध ब्रह्मलुट, गैरजिम्मेवारी र भ्रष्टाचार झन्झन् बढ्दै गएर चरमचुलीमा पुगेको छ । असंवैधानिक रूपमा गठन गरिएको शाही आयोग राजाको असंवैधानिक कदमको विरोध गर्नेहरूलाई दुःख दिने नियतले गठन गरिएको प्रस्ट भएको छ । 'भ्रष्टाचार नियन्त्रण गर्ने' राजाको घोषणा सत्ता हातमा लिने एउटा निहुँ मात्र थियो भन्ने कुरा प्रस्टसँग सावित भएको छ ।

आर्थिक अनुशासन कायम गर्ने राजाको प्रतिबद्धतालाई स्वयम् राजाकै व्यवहारहरूले खोक्रो सावित गरिदिएका छन् । राजाको सरकारले विदेश भ्रमणका लागि अनावश्यक ढंगले गरेको खर्च, राजपरिवारका सदस्यहरूको विवाह र अन्य कार्यका लागि लिएका असर्फी, सुन, चाँदी र अन्य चीजहरू र जगुआर मोटर किन्न करोडौं रुपियाँ खर्च गरेको विवरणले कसरी राज्यकोषमाथि लुट मच्चाइएको छ भन्ने कुरालाई छर्लङ्ग पारेर देखाइदिएको छ । विश्व हिन्दू महासङ्घ, सञ्चार माध्यम परिचालन र मण्डले संगठन खडा गर्न छुट्याइएका करोडौं रुपियाँको फेहरिस्त राज्यकोषको लुटमारको नमुना बनेको छ । राज्यकोषको यसरी लुट भइरहेको छ भने मुलुक आर्थिक रूपमा निरन्तर धराशायी हुँदै गइरहेको छ । लक्ष्यअनुसार राजस्व उठ्न सकेको छैन । भएका उद्योगधन्दाहरू बन्द भइरहेका छन् । विकास-निर्माणका कामहरू ठप्प छन् र आर्थिक क्रियाकलाप निरन्तर साँघुरिँदै गएको छ । यस्तै अवस्था रहिरह्यो भने मुलुक छिटै नै टाट पल्टने अवस्थामा पुग्नेछ । आर्थिक अनुशासन तोड्ने र वित्तीय अराजकता फैलाउने, आर्थिक वर्षको
पछिल्लो कालमा आएर व्यापारी अर्थमन्त्रीले जथाभावी ढङ्गले भन्सार घटाउनेजस्ता कार्यहरूले शाही सरकार अत्यन्त गैरजिम्मेवार ढङ्गले आर्थिक अनुशासन समाप्त गर्न लागिपरेको देखाउँछ । यसरी राजाले घोषणा गरेका सम्पूर्ण कार्यक्रमहरू हावादारी सावित भएर अलपत्र परेका छन्, राजाले बाँड्दै हिँडेका वचनहरू फोस्रा आश्वासन प्रमाणित भएका छन् र राजाको शासन समग्रमा पूर्ण रूपले असफल बनेको छ ।

जनताको आन्दोलन विस्तारित र प्रभावकारी हुँदै जान थालेपछि र सबै कुरामा असफल हुँदै गएको अनुभव भएपछि राजाले नेपाली जनता र विश्व समुदायलाई झुक्याउन सकिन्छ कि भनेर नगरपालिकाको निर्वाचन आयोजना गरे, व्यापक जनताले अस्वीकार गरेपछि अहिले राजनीतिक गाईजात्रामा रूपान्तरित भएको छ ।

राजाको तथाकथित नगरनिर्वाचनको षड्यन्त्रलाई परास्त गर्दै त्यसका विरुद्ध नेपाली जनताले यतिबेला आन्दोलनको व्यापक लहर सिर्जना गरेका छन् र नगरनिर्वाचनमार्फत आफ्नो अवैध सत्तालाई वैध बनाउने राजाको षड्यन्त्रलाई चकनाचुर पारिदिएका छन् । राजाको शासन निरङ्कुश, भ्रष्टाचारी, अपारदर्शी, अनुशासनहीन, अप्रजातान्त्रिक र घोर जनविरोधी रहेको कुरामा अब जनतामा कुनै द्विविधा छैन । राजाका काम-कारबाहीप्रति जनता आक्रोशित छन् र विश्व समुदाय चिन्तित छ । राजाले जुन ढङ्गले शासन गरिरहेका छन्, त्यसबाट उनले शासन सञ्चालन गर्ने मात्र होइन, राजाको रूपमा गद्दीमा रहने नैतिक अधिकारसमेत गुमाएका छन् । राजाको प्रत्यक्ष शासनको एक वर्ष नेपालीको घोर दुर्भाग्यको अवधि बनेको छ ।

यस्तो अवस्थामा अब नेपाली जनताले आफ्नो शक्तिलाई अझ संगठित पार्नुपर्दछ, राजाको निरङ्कुश शासनलाई पूर्ण रूपले समाप्त पार्दै लोकतान्त्रिक गणतन्त्रको दिशातिर दृढतापूर्वक अघि बढ्नुपर्दछ र सुन्दर नवनेपालको निर्माणका लागि कम्मर कस्नुपर्दछ । आफ्ना लुटिएका अधिकारहरू राजाको हातबाट खोसेर फिर्ता लिन, नेपाली जनतालाई वास्तविक अर्थमा नेपाल राष्ट्रको मालिक बनाउन, शताब्दीयौं लामो राजतन्त्रको क्रुर पञ्जाबाट नेपाली जनतालाई मुक्त पार्न र सार्वभौमसत्ताको वास्तविक केन्द्रका रूपमा नेपाली जनतालाई स्थापित गराउन वर्तमान आन्दोलनमा अझ लाखौँलाख जनता सामेल हुनुपर्दछ । राजाको एकवर्षे सक्रिय र प्रत्यक्ष शासनकालबाट पाठ सिकेर यस्तो शासनलाई सदाका लागि समाप्त पार्न माघ २६ गतेको कथित नगरनिर्वाचन बहिष्कार गर्न म सम्पूर्ण मतदातालाई आग्रह गर्दछु र सम्पूर्ण नेपाली जनतालाई सात राजनीतिक दलले सञ्चालन गरेको शान्तिपूर्ण आन्दोलनमा सामेल भएर निरंकुश राजतन्त्रलाई पराजित गर्न एकताबद्ध र दृढ भएर अघि बढ्न आह्वान गर्दछु ।

*(हाल नजरबन्दमा रहनुभएका नेकपा (एमाले) का महासचिव नेपालद्वारा शाही शासनको एक वर्ष सम्बन्धमा विश्लेषण गर्दै जारी गर्नुभएको विज्ञप्तिको पूर्णपाठ)*

# लोकतान्त्रिक आन्दोलनमा अन्तर्राष्ट्रिय समुदायको भूमिका

**' कोमल भट्टराई**

मुलुकको आन्तरिक राजनीतिमा अन्तर्राष्ट्रिय समुदायहरूको सम्मानजनक र तटस्थ भूमिका रहने परिकल्पना गरिन्छ । शीतकालीन अवधिमा कैयन् मुलुकले यस परिकल्पनालाई मुलुकका हितमा केही हदसम्म प्रयोग गर्न सकेका थिए ।

सहयोगमा प्रतिस्पर्धा गराएका थिए । दुई ध्रुवीय शक्ति सन्तुलनका अवस्थामा गरिएको यो परिकल्पना हाल व्यावहारिक छैन । एकल शक्तिले समाजवादको प्रयोगको असफलताको जगमा स्थापित उदार प्रजातन्त्रसमेत अमेरिकी उदारतामा सास फेर्न बाध्य बनायो र लोककल्याणकारी राज्यहरू उदारवादी राज्यमा परिणत हुन पुगे । यो शक्तिको दबाब र प्रभावका कारण संयुक्त राष्ट्रसङ्घका विभिन्न अङ्गहरू र निकायहरूसमेत लोकल्याणकारी बन्न सकेनन् । यस शक्तिले नै 'प्रजातन्त्र' को नाम लिँदै ओरालो लागेको समाजवादलाई मात्र खेदेन, विभिन्न मुलुकका लोककल्याणकारी प्रजातान्त्रिक आन्दोलनलाई समेत बाधा तेर्स्याइरहेको छ । यी कारणहरूले गर्दा नै अन्तर्राष्ट्रिय समुदायको सक्रियता वर्तमान नेपाली लोकतान्त्रिक आन्दोलनका लागि सहयोगी र प्रभावकारी हुनेमा शङ्का गरिन्छ । तर, आन्दोलनकारीको प्रयासले त्यो समुदायको भूमिकालाई सहयोगी र प्रभावकारी बनाउन सकिन्छ ।

**विश्व राजनीतिमा अमेरिका**

विश्व राजनीतिमा अमेरिकी प्रभुत्व कायम राख्न नेपाल पनि क्रीडाभूमि बनेको छ । यसकारण नेपालको वर्तमान सन्दर्भ र माओवादीसहितको द्वन्द्वको वृद्धि र निकासलाई अमेरिकी विश्व रणनीतिसँग अलग राख्न नसकिने बनेको छ । अमेरिकी विश्व रणनीतिका पाँचवटा लक्ष्यहरू छन् : १. युरोप र जापानसँग सहकार्य गरी अन्य सहयोगीहरूलाई तटस्थ र नियन्त्रण गर्नु,

२. नाटोमा सैनिक प्रभुत्व स्थापित गरिराख्नु,

३. मध्य तथा मध्यपूर्वी एसियाली मुलुकहरू खासगरी पेट्रोलियम स्रोतहरूमाथि नियन्त्रण राख्नु,

४. चीनलाई ध्वस्त गर्नु, ब्राजिल र भारतलाई आस्वस्त वा सहयोगी बनाइरहनु तथा विश्वव्यापीकरणमा बाधा पुऱ्याउन सक्ने क्षेत्रीय गठबन्धन बन्न नदिनु, र

५. रणनीतिक महत्त्व नभएका गरिब मुलुकहरूलाई सीमान्तीकरण गर्नु ।

यही रणनीतिका आधारमा नै अमेरिका १९९० पछि विश्व राजनीतिमा उपस्थित देखिन्छ । समाजवादका विभिन्न प्रयोगमा आएका असफलतालाई 'इतिहासको अन्त' ठानी समाजवादका गन्ध देखिने सम्भावना भएका स्थान र मुलुकमा पनि अमेरिकी राजनीति सक्रिय छ । यसैका आधारमा नेपालको द्वन्द्वलाई अमेरिकाले बुझेको पाइन्छ । यही रणनीतिलाई सन्दर्भमा राखेर नै नेपालको लोकतान्त्रिक आन्दोलनको भविष्य निर्धारण गर्न सकिन्छ ।

**नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय समुदाय र तिनको सक्रियता**

भूराजनीतिक स्थितिका कारण नेपाली राजनीतिमा छिमेकी मुलुकको चासो रहनु स्वाभाविकै हो । तर, प्रतिगमनपश्चात् नेपालको राजनीतिमा विश्व-शक्ति अमेरिका र युरोपेली मुलुकहरूसमेत परोक्ष-अपरोक्ष सक्रिय भएका छन् । यस्तो सक्रियता इतिहासमा नै पहिलोपटक देखिएको हो । यस्तो सक्रियताले वर्तमान राजनीतिक द्वन्द्व र सामाजिक द्वन्द्वलाई सकारात्मक र नकारात्मक दुवै प्रकारले थप प्रभाव पारिरहेको छ । यस चर्चालाई सजिलोसँग अगाडि बढाउनका लागि चरित्र र प्रभावका आधारमा अन्तर्राष्ट्रिय समुदायलाई तीन समूहमा वर्गीकृत गरिएको छ । ती हुन् : १. छिमेकी मित्र राष्ट्रहरू २. युरोपेली लोककल्याणकारी मुलुक र अन्तर्राष्ट्रिय दातृसंस्था तथा मानवअधिकारवादी संस्थाहरू र ३. अमेरिका र यसका गठबन्धनका प्रमुख सहयोगीहरू ।

**१. छिमेकी मित्र राष्ट्रहरू**

छिमेकी राष्ट्रहरूका आ-आफ्ना चासो र स्वार्थहरू छन् । चीन आफ्नो स्थायित्वका लागि नेपालमा स्थायित्व र उसका विरुद्ध खासगरी तिब्बतको स्वतन्त्रताका पक्षपातीका अघोषित समूह पनि बन्न नसक्ने अवस्थाको सुनिश्चितता चाहन्छ । चीन नेपाललाई तटस्थ राज्यको रूपमा हेर्न चाहन्छ । नेपालको महत्त्व उसका लागि यतिमात्र छ । नेपालले पनि आफू तटस्थ राज्यका रूपमा रहेर मात्र चीन र भारतसँगको सम्बन्धलाई सन्तुलनमा राख्न सक्दछ । प्रतिगमनप्रति 'आन्तरिक विषय' भन्ने चीनको टिप्पणी र हालैको 'प्रतिकात्मक सहयोग' लाई नेपाली राजनीतिका लागि अर्थपूर्ण नभए पनि अन्तर्राष्ट्रिय रणनीतिक चिनियाँ सन्देश हो । यस कार्यले लोकतान्त्रिक आन्दोलनकारीमा मात्र होइन, नेपाली जनतामा समेत चीनविरोधी भावनामा वृद्धि भएको छ । यसले नेपालमा रहेका चीनविरोधी समूहहरूको कार्यमा नेपाली असङ्गठित जनता सहयोगी हुनसक्ने सम्भावना बढ्छ ।

नेपाल चीनको रणनीतिक रक्षाका लागि महत्त्वपूर्ण रहेको छ । अब उसको रणनीतिक स्वार्थमा परम्परागत रूपमा सोचिएअनुरूप भारत नभएको पुष्टि हुँदै आएको छ । वर्तमान द्वन्द्वको वृद्धि हुँदा अमेरिकी हावी बढ्छ र परिणामतः निरङ्कुशतन्त्रले चीनविरोधी गतिविधिलाई छूट दिनुपर्ने हुन्छ ।

नेपालको अस्थिरता भारतका लागि वरदान हुने या हुन नसक्ने दुई प्रकारका मत नेपाली राजनीतिमा प्रकट हुने गर्छन् । नेपालको अस्थिरता भारतका लागि वरदान नहुने धारणाका आधारमा यो चर्चा अगाडि बढाइएको छ । भारत नेपालमा अस्थिरता चाहन्छ भन्ने धारणा खासगरी चिनियाँ सांस्कृतिक क्रान्तिकालका साहित्यबाट प्रशिक्षित र भारत-चीनबीचको युद्धबाट तथा पञ्चायती अन्धराष्ट्रवादबाट प्रभावितहरूबाट आउने गरेका हुन् । दक्षिण एसियाली मुलुकमा भारतको भीमकाय शरीर उसका छिमेकीका लागि त्रासपूर्ण रहिरहेको छ । यस क्षेत्रमा निरङ्कुश शासकको असफलतालाई छोप्न भारतको हाउगुजी देखाउने प्रचलन पुरानो मात्र होइन, बारम्बार दोहोरिरहेको छ । तैपनि, नेपाली राजनीतिमा शासक र जनशक्ति दुवैका लागि भारत अन्तिम सहयोगी बन्दै आएको छ । भागेका त्रिभुवन र हारेका राणाको आश्रयस्थल बनेको भारत वर्तमान आन्दोलनकारी र माओवादीको समझदारी गराउने थलो पनि बनेको छ । यही परम्परास्वरूप प्रतिगमनकारीका दूतहरू हालको प्रतिगमनमा सहयोग माग्न दिल्ली दरबार मात्र होइन, सन्तमहन्तका मठमन्दिरमा धाएका थिए र अझापि धाइरहेका छन् । तर, उसका लागि

भारतको सहयोग प्राप्त हुन सकेन। भारतले हालका केही वर्षहरूयता आफ्ना छिमेकीहरूसँग र त्यहाँका जनतासँगको सम्बन्धलाई मित्रतापूर्ण राख्नुपर्ने विदेश नीति अख्तियार गर्न थालेको महसुस गरिँदैछ। त्यसमाथि एकातर्फ भारतका शासकहरूको राजाप्रतिको राजनीतिक अविश्वास र अर्कोतर्फ नेपाली दलहरूको सुसम्बन्धका कारण भारतले प्रतिगमनकारीको कदमलाई साथ दिने अवस्था भएन। भारतमा भइरहेको संसदीय निर्वाचनमा भाजपालगायतको गठबन्धनको सरकार बन्ने र नेपालमा माओवादको विस्तारसँगै भारतमा प्रवेश हुने आस र त्रासमा भारतको सहयोग पाइने आँकलन गरी गरिएको कदमलाई भारतको वर्तमान सरकारले बिर्सन सक्ने कुरा पनि भएन।

नेपालको वर्तमान राजनीतिक द्वन्द्वको सकारात्मक निकास नै भारतको हितमा देखिएको छ। नेपालको राजनीतिक द्वन्द्व वृद्धि हुनुले यस महाद्वीपमा अमेरिकाको उपस्थिति उसका लागि पनि चिन्ताको विषय बन्न सक्छ। अमेरिकाको उपस्थितिले पहिलो कुरा नेपाली माओवादी समस्या निमिट्यान्न पार्ने भन्दा भारततर्फ निकास गर्छ र भारतेली माओवादी आन्दोलनलाई बल पुग्छ। त्यसमाथि अमेरिकाको उपस्थितिले जति चीनलाई असर पार्छ, त्यति नै परम्परागत शत्रु पाकिस्तान र त्यसद्वारा सञ्चालित आतङ्ककारीलाई बल पुग्छ। भारत अहिले नेपालका प्रतिगमनकारी र पाकिस्तानीलगायतका विभिन्न माफियाहरूको सुसम्बन्धले 'नेपाल गेम प्लान' को लिखतलाई रुजु गरिरहेको पनि हुनसक्छ। यस सत्यलाई प्रतिगमनप्रति पाकिस्तानी नीति, पाकिस्तानी खुफियाका बात लागेका प्रचार माध्यम र व्यक्तिहरू राजाको प्रतिगमनको खुलमखुला वकालत गर्नाले नै थप पुष्टि गरेका छन्।

माथिका आधारमा नै भर्खरै मात्र भारत र चीन नेपालको वर्तमानका सम्बन्धमा एकमतोमा आएको सङ्केत मिलेको छ।

**२. युरोपेली लोककल्याणकारी मुलुक र अन्तर्राष्ट्रिय दातृसंस्था तथा मानवअधिकारवादी संस्थाहरू**

नेपालको सन्दर्भमा युरोपेली लोककल्याणकारी मुलुक र समूहहरू मात्रात्मक रूपमा अत्यधिक सक्रिय छन्। यस समुदायमा संयुक्त अधिराज्य (अमेरिकी गठबन्धनको प्रमुख सहयोगी) देखि स्क्यान्डेभियन मुलुकहरूसमेत पर्छन् र यिनीहरू संविधानसभादेखि 'जेसुकै होओस् शान्ति होओस्' भन्ने नाराका साथ सक्रिय छन्। युरोपेली मुलुक र समूहहरूको सक्रियता अन्तर्राष्ट्रिय राजनीतिमा कति महत्त्वपूर्ण हुनेछ, त्यो आँकलन गर्नसक्ने अवस्था छैन। यिनीहरूको सक्रियताले आन्दोलनको विश्वव्यापी प्रचार र नेपालमा केही आर्थिक सहयोग रोकिएको छ। यी दुवै कार्यनीतिक दृष्टिले महत्त्वपूर्ण भए पनि यिनीहरू रणनीतिक हिसाबले अर्थहीन पो छन् कि ? किनभने, युरोपेली मुलुक र समूहहरूका धारणाहरू बेलायतमार्फत या परोक्ष रूपमा अमेरिकी चासोमा रूपान्तरित हुनसक्ने खतरा भने रहने गरेको छ।

तैपनि युरोपेली मुलुक र समूहहरूको सक्रियताले नेपाली लोकतान्त्रिक आन्दोलनमा लोकतन्त्रका विभिन्न प्रतिरूप र अभ्यासका बारे छलफल चल्न थालेको छ, तल्लो स्थानमा रहेका विभिन्न सामाजिक समूहहरूको (आर्थिक रूपले पछि परेकाको होइन) राज्यमा हिस्सेदारीको मागमा वृद्धि भएको छ र थोरबहुत जनअधिकारमा कुठाराघात हुन नदिन अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूमार्फत सकारात्मक कार्यहरू भएका छन्।

हालको आन्दोलनमा संयुक्त राष्ट्रसङ्घीय निकायहरू तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घसंस्थाहरू पनि सक्रिय रहेका छन्। करिब-करिब संयुक्त राष्ट्रसङ्घीय निकायहरू तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घसंस्थाहरू युरोपेली मुलुकहरूको अडान र स्थितिमा रहेका र रहनेछन्। अधिकांश अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू उदारवादी प्रजातन्त्रका पक्षधरभन्दा प्रगतिशील छैनन् नै।

**३. अमेरिका र यसका गठबन्धनका प्रमुख सहयोगीहरू**

नेपालको राजनीतिमा समुद्रपारका मुलुकको चासो संयुक्त अधिराज्यको रहने गरेको देखिए पनि अब उसको चासो स्वतन्त्र रूपमा देखापर्ने गरेको छैन। धेरैजसो समय अमेरिकाको चासोमा अभिव्यक्त हुने गर्छ भने फाट्टफुट्ट युरोपेली लोककल्याणकारी मुलुकका चासोमा मिसिएर आउने गर्छ। त्यसैले संयुक्त अधिराज्यको चासोलाई अमेरिकी र सो गठबन्धनका चासोबाट अलग गरेर हेर्न मिल्दैन। प्रतिगमनका सवालमा यस गठबन्धनको चासो विभिन्न देखिए पनि सारमा फरक छैनन्। एसियामा अमेरिकाको निकट सहयोगी मानिएको पाकिस्तान प्रतिगमनको कदममा खुलेको छ। पाकिस्तानमार्फत चीनको बाटो हुँदै अमेरिकी हातहतियार भित्र्याउने प्रयास पनि भएकै हो।

अमेरिका नेपालमा वामपन्थको जबर्दस्त प्रभावलाई दमन गर्न राजा ज्ञानेन्द्रसँग धेरै आशावादी छ। यसले असोज १८ पछि विभिन्न चरणहरूमा संवैधानिक शक्तिहरूबीच सहमति कायम गर्न आग्रह गर्दै आएको छ। यसबीचमा देउवा सरकारको गठनसमेत भयो। यसलाई राजाले 'माघ १९' मा अपदस्थ गरेपछि त्यो सम्भावना संवैधानिक भनिएका राजनीतिक दलहरूले देखेका छैनन्। अमेरिकाले स्पष्टसँग प्रजातन्त्रलाई दल र राजाको सहकार्यको दुईखम्बे प्रजातान्त्रिक व्यवस्थाको वकालत गरेको छ। संयुक्त अधिराज्यले 'सेरेमोनियल किङ' को अमूर्त धारणा सारेको छ। यी दुवै धारणाले घुमाइफिराई दुई सय ३७ वर्षसम्म नेपालको स्रोत चुसेर नेपाली जनता र समाजलाई कङ्गाल बनाउने राजतन्त्रलाई सम्मानजनक स्थानमा राख्न प्रस्तावना गरेका छन्।

संवैधानिक शक्तिहरू र राजाबीचको सहकार्यबाट माओवादीलाई तह लगाउने अभिलासा पुरानो हो। अहिले अमेरिकीहरू यसलाई नवीकरण गर्न लागेका छन्। यसैकारण दल र माओवादीबीच भएको १२ बुँदे समझदारीलाई तोड्न विभिन्न प्रयत्नहरू भएका छन् र हुनेछन्। 'माघ १९' पछि अमेरिकी धारणा एउटै रहेन। प्रतिगमनपश्चात्को तत्कालैको 'दलहरूसँग राजा मिल्नुपर्ने' प्रतिक्रिया २०६२ को वैशाखमा 'राजासँग दलहरू मिल्नुपर्ने' मा परिणत भयो। हालै पुनः 'राजालाई दलहरूसँग संवाद

खोल्न' आग्रह भइरहेको छ भने दलहरूको माओवादीसँगको समझदारी उसलाई चित्त बुझेको छैन । यसको परिणाम माओवादीसँगको समझदारीलाई तोडाउँदै राजासँग वार्ता गराउने अमेरिकी चाल स्पष्ट हुँदै छ । यसका लागि सात दल खासगरी क्रमशः काङ्ग्रेसहरू तथा एमाले र राजाबीच सहमति गराई ०४७ को संविधानमा फर्काउने या काङ्ग्रेसहरूलाई आन्दोलनकारी दलहरूबाट बाहिर निकाल्ने प्रयत्नहरू भइरहेका छन् । यसो गरेर हालको आन्दोलन र माओवादी युद्धलाई एकै कोटीमा राखी दमन गर्ने योजना भएको महसुस गरिँदैछ ।

**निष्कर्ष**

प्रतिगमनको हार भइसकेको छ तर लोकतान्त्रिक आन्दोलनको विजय भइसकेको छैन । अमेरिकाको बहुदलीय शासन पद्धति र राजतन्त्रयुक्त दुईखम्बे नीति र त्यसका गठबन्धनका सदस्यहरूको प्रत्यक्ष सहयोगका कारण नै प्रतिगमनकारी पटक-पटकको असफलता र बेइज्जति सहेर टिकिरहेको छ । नेपालको राजनीतिक द्वन्द्व चर्काउने र अमेरिका हावी हुनसक्ने सम्भावना टरेको त छैन तर अमेरिकी विश्व रणनीतिक योजनामा नेपालको सन्दर्भमा भारत अनुकूल हुन सकेको छैन । अमेरिकाको पाकिस्तानसँगको परम्परागत सम्बन्ध र सेप्टेम्बर ११ पछिको पाकिस्तानको सामरिक महत्त्ववृद्धिका कारण 'भारतलाई अमेरिकाले आस्वस्त तुल्याउन' सक्दैन । चीन शीतयुद्धकालीन अवस्थामा जसरी शान्त छैन, आसियानमा मात्र होइन, सार्कमा समेत देखाएको सक्रियता र भारतसँगको समझदारीका कारण अमेरिकाको रणनीति सफल हुन सकेको छैन । यसैकारण हाल अमेरिका राजालाई सुरक्षित अवतरण गराउनका लागि संवैधानिक शक्तिहरूबीचको एकता कायम गराउने स्थानमा आइपुगेको छ । तर, यस एकताले माओवादी युद्धको अन्त र लोकतान्त्रिक आन्दोलनको कक्षमा सङ्गठित भइरहेका विभिन्न समूह र वर्गका आन्दोलनहरूका मागलाई सम्बोधन गर्न सक्दैन । यो कुरा सात दलले बुझेका छन् । यसकारण अन्तर्राष्ट्रिय समुदायको औपचारिक वक्तव्य र विरोधाभासपूर्ण सक्रियताहरूले नै पनि वर्तमान लोकतान्त्रिक आन्दोलनलाई अझ सशक्त बनाउन सहयोगी हुनसक्छ । यसका लागि सात दलहरूको एकता र माओवादीको शान्तिपूर्ण आन्दोलनमा आउने सोच र कार्यमा प्रतिबद्धता आवश्यक छ, भारत र चीनबीचको समझदारी तथा उनीहरूको नेपाली जनताप्रति रहेको सदासयताप्रति कृतज्ञता व्यक्त गरिनुपर्छ ।

▪

## नगरनिर्वाचनको नौटङ्की

# /fHocft ª\ssf] 5fof“df ce"tk"j{ alxisf/

**' सूर्य थापा**

**शा**ही सरकारले वैधता हासिल गर्न र दुनियाँको आँखामा छारो हाल्न गरेको २०६२ माघ २६ को नगरपालिका निर्वाचन इतिहासमै असफल र जनताबाट बहिष्कृत हुनपुगेको छ । अत्यन्तै कम मतदातालाई सेना र प्रहरीको घेरामा मतदानमा सहभागी गराउन सकेको सरकारले चुनावलाई हास्यास्पद प्रहसनको रूपमा बदनाम र अपमान गरेको छ भने हत्या, दमन, धरपकड, नजरबन्द र यातनाका घटनाले सिङ्गो अन्तर्राष्ट्रिय समुदायमा सरकारको वास्तविक चरित्र उदाङ्गो भएको छ । यही स्थितिका कारण भारत, जापान र अमेरिकाले कथित चुनावको परिणामलाई तिरस्कार गरेका छन् र शाही सत्ता पुनः एकपटक राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा एक्लो र असहाय बन्न पुगेको छ ।

**सिङ्गो राष्ट्र बहिष्कारको पक्षमा ढिक्का**

०६२ वैशाख १ को राजा ज्ञानेन्द्रको सम्बोधनमा नगरनिर्वाचन गराउने घोषणा भएलगत्तैदेखि मुलुकमा यसको औचित्यमाथि प्रश्न उठेको थियो । सात दलले ०६२ असारमै कथित नगरनिर्वाचन बहिष्कार गर्ने निर्णय गर्दै जनसमुदायलाई सक्रिय बहिष्कारमा उत्रिन आह्वान गरेका थिए । निर्वाचन आयोगले माघ २६ गते चुनावको मिति तोकेपश्चात् मुलुक स्पष्टतः

चुनावको पक्ष र विपक्षमा ध्रुवीकृत हुन थालेको थियो । सात दलले चुनाव बहिष्कार गर्ने घोषणा गरेको धेरै पछि नेकपा (माओवादी) ले पनि नगरचुनाव ध्वंस र बहिष्कार गर्ने निर्णय गरेको थियो र पुसको पहिलो साता आएर माघ २३ देखि २९ गतेसम्म नेपाल बन्द गर्नेलगायतका कार्यक्रम सार्वजनिक गरेको थियो । शाही सत्ताको खुला दुरूपयोग गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीमा विभाजन गराउने काम भएपश्चात् माघको पहिलो सातामा आएर राष्ट्रिय प्रजातन्त्र पार्टीले समेत चुनाव बहिष्कार गर्ने निर्णय गर्‍यो । यसरी सत्तामा रहेको नेपाल सद्भावना पार्टी (मण्डल गुट) बाहेक सम्पूर्ण राष्ट्रिय मान्यताप्राप्त पार्टीहरू चुनाव बहिष्कारको पक्षमा एकढिक्का भए भने पहिले नै राप्रपा फुटेर बनेको राष्ट्रिय जनशक्ति पार्टीले समेत नगरचुनावमा भाग नलिने निर्णय गरी आफूलाई राजा होइन, पार्टीहरूको पक्षमा उभ्यायो ।

यसरी ध्रुवीकरण भएको मुलुकको राजनीतिको स्वाभाविक परिणाम थियो- सरकारको लज्जास्पद अवस्था र सम्पूर्ण पराजय र चुनावमा मतदान नहुँदै पराजयको पूर्वसङ्केत देखिइसकेको थियो ।

**एकहजार राजबन्दी, कर्फ्यु र असुरक्षा**

बहिष्कारको पक्षमा प्रचार-प्रसार गर्न माघ ५ गते काठमाडौंको नयाँ बानेश्वरमा आयोजित मोटरसाइकल ऱ्यालीबाट नेकपा (एमाले) उपत्यका समन्वय कमिटीका सचिव योगेश भट्टराई, काठमाडौं जिल्ला कमिटी सचिव रामेश्वर फुयाँललगायतका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी सर्वप्रथम सरकारले आफ्नो पराजयको सङ्केत दियो । भोलिपल्ट माघ ६ गते मिर्मिरे बिहानीमै उपत्यका र देशका विभिन्न भागबाट सयौंको सङ्ख्यामा नेता-कार्यकर्ताहरू गिरफ्तार गरी कथित नगरनिर्वाचनको विपक्षमा जनमत बढाउन स्वयम् सरकार सक्रिय भयो । माघ ७ गते काठमाडौंमा गर्ने भनिएको सात दलको जनप्रदर्शन भाँड्ने उद्देश्यले कथित माओवादी घुसपैठको नाममा सरकारले यस्तो हर्कत गरेको थियो । यतिले नपुगेर ७ गते बिहानैदेखि १७ घण्टा कर्फ्युको घोषणा गरेर सरकार नग्नताको उत्कर्षमा पुग्यो भने नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल र नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालगायतका नेताहरूलाई घर-घरमा नजरबन्द गरी दमनकारी रवैयालाई पनि शिखरमा पुर्‍यायो । कर्फ्युको उकुसमुकुसमा राजधानीको जनजीवन अस्तव्यस्त भयो, जसलाई आमजनताले सरकारी आयोजनाको 'उपत्यका बन्द' को संज्ञा दिए ।

दमनको यस सिलसिलामा सरकारले सभ्यताका सबै सीमा मिच्यो, जसको विरुद्ध सात दलले शान्तिपूर्ण सङ्घर्ष निरन्तर चलाइरहे र चुनावमा उम्मेदवारी दिने पूर्वनिर्धारित दिन माघ १३ गते नेपाल बन्दको आह्वान गरे, सिङ्गो मुलुक ठप्प भयो । जसले बहिष्कार अभियानलाई नयाँ उचाइ प्रदान गर्‍यो ।

**बहुमत स्थान खाली, अभूतपूर्व जनअवज्ञा**

चुनावमा उम्मेदवारी दिने क्रममै नगरनिर्वाचन तब औचित्यहीन सावित भयो, जब निर्वाचन हुनुपर्ने कुल ५८ नगरपालिकाका चार हजार एक सय ४६ मध्ये बहुमत स्थान दुई हजार दुई सय ५१ स्थानमा कसैको उम्मेदवारी नै परेन । राज्यकोषको दुरूपयोग गर्दै शाही गृहमन्त्री हेलिकप्टरमा उम्मेदवार खोज्न देश दौडाहामा निस्के पनि उनलाई आफ्नै कार्यकर्ताले लोप्पा ख्वाइदिए । उम्मेदवारी दिने मिति आउनुअघि खुबै ताउर-माउर गरेका निर्वाचन आयोगमा दर्तावाल ७२ वटा पार्टीहरू तत्पश्चात् अलप भए । तिनको कुनै औचित्य नरहेको बुझ्न बल्ल दरबारले पनि बाध्य हुनुपर्‍यो । गमलामा रोपेर सुन्तलाको विशाल वृक्ष हुर्कंदैन भन्ने तथ्य यस घटनाक्रमले प्रमाणित गर्‍यो र पटक-पटक जुन अनुमोदित हुँदै आएका प्रमुख पार्टीहरूको महत्त्व पुनः प्रस्टियो ।

शाही निरङ्कुशताको विरोधमा दिनदिनै देशभर जनप्रदर्शन चलिरहे । माघ १९ को कालो दिन राजा ज्ञानेन्द्रले शाही घोषणामार्फत जनतालाई मतदान गर्न आह्वान गरे पनि त्यसको खासै अर्थ रहेन । राजा न अघि बढ्ने, न पछि हट्ने किंकर्तव्यविमूढ अवस्थामा निरीह देखिए । तर उनको चुनाव गराई छाड्ने हठ र सत्ता आफ्नो मुट्ठीमा कैद गर्ने आकाङ्क्षामा कुनै अन्तर आएन । माघ २६ को मितिसम्म आइपुग्दा देशभरि करिब एक हजार नेता-कार्यकर्तालाई पक्राउ गरी हिरासत र नजरबन्दमा राखियो । शान्तिपूर्ण प्रदर्शनमा सयौं घाइते भए, दर्जनौंलाई अमानुषिक यातनाको सिकार बनाइयो भने हजारौंलाई गिरफ्तार गरी छाडियो । पत्रकारहरूलाई लाठी चार्ज र पानीको फोहरा प्रयोग गरी घाइते पार्ने र निथ्रुक्क भिजाउने काम भयो ।

माघ २६ गते २८ जिल्लाका ३६ नगरपालिकाका छ सय १८ स्थान अर्थात् कुल पदको केवल १५ प्रतिशतका निम्ति मात्र मतदान गर्ने स्थिति सिर्जना भयो । तैपनि, सरकारले तानाशाही हठ छाडेन र सेनाको आडमा राज्य आतङ्क सिर्जना गरी चुनावी नौटङ्की मञ्चन गरिछाड्यो ।

**जनताको रगतमा चुनावको होली**

सरकारले चुनावको दिन नगरक्षेत्रमा यातायातका साधनसमेत चल्न निषेध गरी एकप्रकारको 'नेपाल बन्द' र शाही (पुरानो) सत्ताको नगरबन्द तथा सात दलको शान्तिपूर्ण बहिष्कार अभियानका बीच भएको चुनावमा देशभरि चुनावको पक्ष-विपक्षमा टक्कर चल्यो । यस क्रममा गोली प्रहारबाट दाङको त्रिभुवन नगरपालिका-१०- सुपरलजनजिकै नेकपा (एमाले) दाङ जिल्ला परिषद्का सदस्य उमेशचन्द्र थापाको शाही सेनाले कायरतापूर्ण हत्या गर्‍यो भने नेपाली काङ्ग्रेसका कृष्ण गिरीलाई गम्भीर घाइते बनायो । त्यहाँ बहिष्कारका एकदर्जन पक्षधरहरू प्रहरीको निर्घात कुटपिटबाट घाइते हुनपुगे । पूर्वको विराटनगरमा प्रहरीले हवाइफायर गरी आतङ्क सिर्जना गर्‍यो । यसरी नगरचुनाव राज्यआतङ्कको छायाँमा र जनताको रगतको आहालमा परिणत भयो ।

यस्तो चुनाव त काश्मिर, इराक वा पाकिस्तानमा पनि सायदै हुन्छ । सरकारको निम्तामा मुम्बईबाट मनीषा कोइरालालाई विराटनगरको चुनाव प्रचारमा मात्र बोलाइएन, जलेश्वर, गौर र मलङ्गवाजस्ता नगरपालिकामा सीमा क्षेत्रका आपराधिक समूह, सेना र प्रहरीले संयुक्त रूपमा जनतालाई आतङ्कित पारी जबर्जस्ती मतदान गर्न बाध्य पार्ने काम गरियो । यति गर्दा पनि काठमाडौं र मध्यपुरमा खसेको भनिएको मत १४ प्रतिशतको हाराहारीमा मात्रै रह्यो, जसले गर्दा नगरचुनावको बहिष्कार

अभूतपूर्व रूपमा सफल भयो र शाही सरकार राज्यकोषको दुरूपयोग, चरम धाँधली, आतङ्क र दमनका प्रत्येक षड्यन्त्र र तिकडमका बाबजुद लज्जाजनक रूपमा परास्त भयो । नेपालको चुनावी इतिहासमै यो जनअवज्ञा एक ऐतिहासिक कदममा रूपान्तरित भयो ।

**माओवादी आक्रमणमा पनि परास्त**

चुनाव बहिष्कार अभियानलाई लक्षित गरी विद्रोही नेकपा (माओवादी) ले यस बीचमा गरेका धनगढी, नेपालगन्ज, पाल्पा, फापरबारी र धनकुटाका हमलाहरू र दधिकोट र थानकोटजस्ता राजधानीका प्रवेशद्वारमा गरेका कारबाहीबाट शाही सत्ताको सुरक्षाको दम्भ चकनाचुर भयो । यद्यपि, यी घटनाले सात दलको शान्तिपूर्ण जनप्रदर्शनलाई नकारात्मक असर पुऱ्याए तर यी घटनाबाट शाही सत्ताको शान्तिसुरक्षाको विकराल अवस्था उजागर भयो । चुनावलाई तनाव र असुरक्षाको धरापमा हुन लागेको प्रस्ट पार्न माओवादीका पछिल्ला कारबाही सफल रहे । यति मात्र होइन, राजा ज्ञानेन्द्रले 'आतङ्कवाद' छिटफुट घटनामा सीमित रहेको बताइरहँदा पाल्पाको तानसेनमा माओवादीले धावा बोलिरहेका थिए भने चुनावकै दिन माघ २६ गते क्षेत्रीय सदरमुकाम धनकुटामा हमला बोलेर माओवादीले सहायक क्षेत्रीय प्रशासकसहित करिब एक दर्जन कर्मचारी अपहरण गरे । तैपनि, चुनावी नौटङ्की रोकिएन ।

**प्रस्थान नगरचुनाव, गन्तव्य भारदारीसभा**

राजा ज्ञानेन्द्रले ०५९ असोज १८ र ०६१ माघ १९ का कदम चालेर अपहरण गरेको जनताको सार्वभौमसत्ता र संविधानको सर्वोच्चतालाई वैधानिक रूपमै हत्याउने उपक्रमअन्तर्गत गरिएको नगरचुनावको नाटक एकप्रकारले सकिएको छ । अब यही अनुभवमा उभिएर आउँदो ०६३ सालभित्र संसदीय चुनाव गर्ने, त्यसमा राजाका कृपापात्रहरूलाई जिताएको घोषणा गरी विधायक बनाउने, सच्चितशमशेर र भरतकेशर सिंहहरूलाई राष्ट्रियसभामा मनोनीत गर्ने र संसद्को दुई तिहाइ बहुमतले ०४७ सालको संविधान संशोधन गरी आफूले चाहेजति अधिकार लिने प्रस्ताव पारित गरी लालमोहरका लागि पेस गर्ने गुरुयोजनाअन्तर्गत राजा अघि बढेको देखिन्छ । त्यसो गर्दा राजा, सेना र दरबारियाहरूको आकाङ्क्षा पनि सहजै पूरा हुने र अन्तर्राष्ट्रिय समुदायलाई संसदीय व्यवस्थाका नाममा भ्रममा पारेर सेना नियन्त्रित सत्ता चलाउने षड्यन्त्र सफल पार्ने क्रममा सत्ता बलपूर्वक अघि बढेको छ । यो कुरा सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूले समयमै बुझेर प्रभावकारी भूमिका खेल्दै षड्यन्त्रलाई परास्त गर्नुको अर्को विकल्प छैन ।

जसरी नगरचुनावले शान्ति र राजनीतिक निकासको पक्षमा कुनै भूमिका खेल्न सकेन, त्यस्तो भारदारीसभाले परिस्थितिलाई झन् नाजुक मोडमा पुऱ्याउने निश्चित छ । सत्ताले हठ र मूर्खता त्यागेर अघि बढ्ने हो भने यस्ता नौटङ्की चुनाव होइन, संविधानसभाको चुनावका निम्ति तयार भई राजनीतिक निकासको ढोका खोल्नु अनिवार्य छ । ■

# कथित निर्वाचनबारे मित्रराष्ट्रहरूको धारणा

**संयुक्त राज्य अमेरिका**

अमेरिका नेपालका राजाले आज गराएको नगरनिर्वाचन उनको सत्तालाई वैधता दिन गरिएको खोक्रो अभ्यास हो भन्ने मान्छ ।

यो निर्वाचनमा जनसमर्थन नभएको स्पष्ट थियो । राजधानीमा २५ प्रतिशतभन्दा कम मतदाताले भाग लिए । राजधानीबाहिर कतिपय ठाउँमा त्यसको आधी मात्र मतदाता आएको समाचार छ । सरकारले धेरै सङ्ख्यामा राजनीतिक कार्यकर्तालाई चुनावअगावै गिरफ्तार गरेको, सञ्चारमाध्यमलाई रोक लगाएको र बाहिरि स्वतन्त्र पर्यवेक्षकलाई अनुमति दिएको थिएन । माओवादी त्रास र उम्मेदवार हत्याका कारणले पनि मतदानलाई बिथोलेको थियो । कुनै पनि राजनीतिक कारणका लागि हिंसाको प्रयोग तर्कसङ्गत हुनसक्दैन ।

माओवादी खतराको प्रभावशाली ढङ्गले सामना गर्ने एउटै बाटो लोकतन्त्रको पुनर्बहाली हो । हामी राजासँग सबै राजनीतिक बन्दी रिहा गर्न र दलहरूसँग वार्ता थालनी गर्न आग्रह गर्छौं । यी पाइला चाल्न राजाको निरन्तर अस्वीकृतिले देशलाई अझ हिंसा र अव्यवस्थातर्फ लगिरहेछ ।

***(अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता सन म्याककोरम्यानद्वारा वासिङ्टनमा पत्रकार सम्मेलनमार्फत माघ २६ मा जारी वक्तव्य)***

**जापान**

१. जापान सरकार नेपालमा जनताको व्यापक सहभागिताबिनै भएको नगरनिर्वाचनप्रति भर्त्सना र निन्दा गर्छ ।

निर्वाचन प्रक्रियाका बेला राजनीतिक दलहरूसँग सम्बद्ध धेरै व्यक्तिलाई पक्राउ गरेकोमा पनि जापान निन्दा व्यक्त गर्न चाहन्छ । यस अतिरिक्त नागरिकका गैरन्यायिक हत्यासहित हिंसाजन्य गतिविधिप्रति जापान घोर भर्त्सना गर्दछ ।

२. नेपालको अहिलेको मुख्य आवश्यकता भनेको सरकार र राजनीतिक दलहरू सहमतिका आधारमा एउटै विन्दुमा उभिनु हो । र, हत्या-हिंसा अन्त्यका लागि छिट्टै सकारात्मक कदम चालिनेछ भन्ने जापान अपेक्षा गर्छ ।

३. जापान माओवादीलाई हिंसाजन्य गतिविधि त्यागी वार्ताको माध्यमबाट शान्ति प्राप्त गर्न निरन्तर आग्रह गर्छ ।

**(जापानी विदेश मन्त्रालयका प्रेस तथा जनसम्पर्क महानिर्देशकद्वारा माघ २७ मा जारी वक्तव्य ।)**

**भारत**

हामीले नेपालको निर्वाचन आयोगले उपलब्ध गराएको नगरनिर्वाचनसम्बन्धी सूचना मूल्याङ्कन गरेका छौं ।

तथ्य के हो भने यो निर्वाचन राष्ट्रिय मान्यताप्राप्त प्रमुख दलहरूले बहिष्कार गरेको, ती दलको वैधानिक गतिविधि व्यापक कटौती गरेको र तिनका धेरै नेतालाई गिरफ्तार गरी बन्दी बनाउने क्रम जारी रहेको पृष्ठभूमिमा भएको छ । यसबीच माओवादीले पनि निर्वाचन बिथोल्न धेरै उग्र आक्रमणसमेत जारी राखेका छन् ।

हाम्रो स्पष्ट धारणा के छ भने, नेपालले सामना गरिरहेको गम्भीर चुनौतीहरूले राष्ट्रिय मेलमिलाप, वार्ता र सहभागिताको इमानदार प्रक्रिया सुरु गर्नुपर्ने माग गर्छ, जसले शान्तिपूर्ण राजनीतिक समाधानलाई सहज तुल्याउन सक्छ । कुनै पनि विश्वसनीय

चुनावी अभ्यासनिम्ति मूलधारका सबै दलको सक्रिय सहभागिता अपरिहार्य हुनुपर्छ । अनि मात्र, त्यस्तो निर्वाचन प्रजातन्त्र पुनःस्थापना र राजनीतिक स्थायित्वका लागि भूमिका खेल्न समर्थ हुन्छ ।

भारत एक निकट र घनिष्ट छिमेकीका नाताले नेपाल यथासम्भव चाँडो शान्ति, स्थायित्व र विकासमा फर्किएको देख्न चाहन्छ ।

***(काठमाडौंस्थित भारतीय राजदूतावासद्वारा माघ २७ मा जारी प्रेस वक्तव्य)***

**संयुक्त अधिराज्य**

नेपालमा भएको नगरपालिका निर्वाचनको सन्दर्भमा प्रतिक्रिया व्यक्त गर्दै संयुक्त अधिराज्यका कमनवेल्थ मिनिस्टर किम हवेल्सले भन्नुभएको छ- '८ फेब्रुअरीमा नेपालमा भएको नगरपालिकाको निर्वाचन नेपालका जनताको राजनीतिक इच्छालाई चित्रण गर्ने अर्थपूर्ण अभ्यास भएको संयुक्त अधिराज्य ठान्दैन ।'

९ फेब्रुअरीमा लण्डनमा जारी भएर काठमाडौंस्थित ब्रिटिस राजदूतावासद्वारा प्रेसित किम हवेल्सको वक्तव्यमा भनिएको छ- 'नगरपालिकाको निर्वाचनमा देखिएको न्यून सहभागिताले निर्वाचनमा जनसमर्थन नभएको सङ्केत गरेको हाम्रो विश्वास छ । नागरिक स्वतन्त्रता र सञ्चारमाध्यममा नियन्त्रण गरेर असन्तुष्टीको स्वरलाई दबाउने सरकारको प्रयासले निर्वाचनलाई दाग लगाएको छ । उक्त वक्तव्यमा हवेल्सले सम्पूर्ण राजबन्दीलाई रिहा गर्न र शान्ति तथा प्रजातन्त्रतर्फ फर्किन राजनीतिक दलहरूसँग वार्ता गर्नुपर्ने आवश्यकतालाई स्वीकार्नसमेत राजालाई आग्रह गर्नुभएको छ ।

# जारी लोकतान्त्रिक आन्दोलनका प्रथम सहिद

शाही सरकारले मञ्चन गरेको चुनावको शान्तिपूर्ण बहिष्कार र अवज्ञा गर्ने क्रममा २०६२ माघ २६ गते दाङको त्रिभुवन नगरपालिकामा सरकार कायरतापूर्ण दमनमा उत्रिएको छ । यसै क्रममा नेकपा (एमाले) दाङ जिल्ला परिषद्का सदस्य एवम् सक्रिय कार्यकर्ता कमरेड उमेशचन्द्र थापाको हत्या गरिएको छ भने नेपाली काङ्ग्रेसका कृष्ण गिरी गम्भीर घाइते हुनुभएको छ ।

०११ सालमा प्यूठानको बरौला गाविस मलवाङ्गमा जन्मिनुभएका कमरेड उमेशचन्द्र थापा हाम्रो पार्टीका इमानदार सदस्य र सहयोगी हुनुहुन्थ्यो । ०३५ सालदेखि दाङको त्रिभुवन नगरपालिका घोराहीमा स्वर्गद्वारी प्रेस सञ्चालन गर्दै आउनुभएका उहाँले ०५३ साल फागुन ७ गते पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । हाल काठमाडौंको मीनभवनमा पनि उहाँको स्वर्गद्वारी अफसेट प्रेस सञ्चालित छ ।

स्नातक तहसम्मको अध्ययन पूरा गर्नुभएका कमरेड उमेशचन्द्र थापाका दाजु सुरेशचन्द्र थापा नेकपा (एमाले) प्यूठान जिल्ला कमिटीको सदस्य हुनुहुन्छ भने अर्का दाजु गङ्गाकृष्ण थापा लामो समयदेखि पत्रकारितामा संलग्न रही आउनुभएको छ ।

नेकपा (एमाले) केन्द्रीय सल्लाहकार कमिटीका सदस्य एवम् राष्ट्रियसभाका निवर्तमान सदस्य वीरबहादुर सिंहकी जेठी छोरी लक्ष्मीसँग विवाह गर्नुभएका उहाँका दुई छोराहरू जगदीश थापा र जगदीप थापा हुनुहुन्छ ।

असल, मिलनसार र मृदुभाषी व्यक्तित्वका धनी उमेशचन्द्र थापाको शहादत सात दलद्वारा सञ्चालित निरङ्कुशताविरोधी संयुक्त जनआन्दोलनका क्रममा पहिलो हो । यस हत्या-काण्डले शाही सरकारको हिंस्रक र आतङ्कपूर्ण चरित्र अझ उदाङ्गो भएको छ । कथित चुनावको पूर्वसन्ध्यामा सुरक्षाकर्मीलाई अन्तिम बल प्रयोग गर्ने अधिकार दिएको बताउने शाही गृहमन्त्री कमल थापाको गैरजिम्मेवार र उन्मादी निर्देशनकै कारण भोलिपल्ट यो जघन्य हत्या भएको थियो । यसमा सिङ्गो शाहीसत्ता जवाफदेही र जिम्मेवार हुनुपर्छ ।

जनआन्दोलनकारीहरूले यस काण्डका निर्देशक र जिम्मेवारहरूको उचित हिसाब-किताब राख्ने र दोषीहरूलाई कठघरामा उभ्याइछाड्ने प्रतिबद्धता व्यक्त गर्दै सशक्त सङ्घर्षको आँधीबेहरी सिर्जना गर्नु अनिवार्य भएको उल्लेख गर्दै आन्दोलनरत सात दललगायत विभिन्न सङ्घ, संस्था र नागरिक समाजले हत्याकाण्डको घोर विरोध र भर्त्सना गरेका छन् ।

नजरबन्दमा राखिनुभएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले शोक वक्तव्यमार्फत थापाको कायरतापूर्ण हत्याको दुःखद खबरले आफू स्तब्ध र मर्माहत भएको बताउनुभएको छ । उहाले 'प्रजातन्त्र र चुनावी प्रणालीकै अपमान गर्दै शाही सत्ताले देशव्यापी रूपमा गरेको नेता, कार्यकर्ताको गिरफ्तारी, नजरबन्द, धरपकड र कुटपिटको दमनकारी अभियानकै क्रममा' थापाले सहादत प्राप्त गर्नुभएको उल्लेख गर्नुभएको छ । उहाँको हत्याबाट आफ्नो पार्टीले एक असल सदस्य गुमाएको र दाङ जिल्ला तथा त्रिभुवन नगरपालिकाको पार्टी काममा ठूलो क्षति पुगेको महासचिवले बताउनुभएको छ । महासचिव नेपालले उहाँको सहादतप्रति उच्चसम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । वक्तव्यमा महासचिव नेपालले चुनावको पूर्वसन्ध्यामा सुरक्षाकर्मीलाई अन्तिम बल प्रयोग गर्ने गरी नागरिकको हत्यामा उक्साउने र गोली चलाउने सबैमाथि कडाभन्दा कडा कारबाही हुनुपर्ने माग गर्नुभएको छ । हत्याको आदेश दिने र गोली हान्ने सबै अपराधीहरू समयक्रममा दण्डित हुने कुरामा उहाँले विशेष जोड दिनुभएको छ । महासचिव नेपालले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्नुभएको छ ।

सहिद थापाको शवलाई शाही सरकारले तीन दिनसम्म बिनाजानकारी गोप्य राखेको थियो । माघ २८ गते महाराजगन्जस्थित शिक्षण अस्पतालमा पार्टी नेताहरूको उपस्थितिमा परिवारका सदस्यलाई बुझाइए पनि आर्यघाटसम्म नै प्रहरीले निगरानी गरेको थियो । उहाँको शवलाई पार्टी कार्यालय र घरमा समेत लिन दिइएको थिएन । घटनास्थल दाङलागायत मुलुकका सबै क्षेत्रमा थापाको हत्याको विरोधमा व्यापक प्रदर्शन गरिएको थियो ।

# सल्लाहकार दीक्षितको निधन

काठमाडौँ । नेकपा (एमाले) का केन्द्रीय सल्लाहकार कमिटी सदस्य तथा राष्ट्रियसभाका सांसद महेशमणि दीक्षितको दुःखद निधन भएको छ । गत माघ ७ गते उपचार गर्दागर्दै वीर अस्पतालमा उहाँको निधन भएको हो । एमालेले केन्द्रीय कार्यालय परिसरमा श्रद्धाञ्जली कार्यक्रम राखेर उहाँप्रति अन्तिम श्रद्धाञ्जली व्यक्त गरेको थियो ।

पार्टीका तर्फबाट एमाले स्थायी समिति सदस्य मोदनाथ प्रश्रितले पार्टीको झन्डा ओढाइ दीक्षितप्रति सम्मान प्रकट गर्नुभएको थियो । नेपाली कम्युनिस्ट आन्दोलनमा आधा शताब्दीअघिदेखि क्रियाशील दीक्षितको निधनले पार्टीले असल अभिभावक गुमाएको भन्दै सयौँ कार्यकर्ताहरूले उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए । उहाँलाई अन्तिम श्रद्धाञ्जली दिन सभामुख तारानाथ रानाभाट, राष्ट्रियसभाका उपाध्यक्ष रामप्रीत पासवान, काङ्ग्रेस नेता बलबहादुर राई, एमाले नेताहरू विष्णु पौडेल, काशीनाथ अधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो । सल्लाहकार कमिटीका सभापति कमल कोइरालाले पार्टीका तर्फबाट शोक मन्तव्य दिँदै दीक्षितको निधनले आफ्नो पार्टी तथा कमिटीलाई ठूलो क्षति भएको बताउनुभएको थियो । दिवङ्गत दीक्षितको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको थियो ।

दीक्षित आधा शताब्दी लामो समयदेखि नेपालको कम्युनिस्ट आन्दोलनमा निरन्तर क्रियाशील हुनुहुन्थ्यो । विक्रम् सम्वत् १९८६ जेठ कृष्ण चतुर्दशीका दिन पिता लक्ष्मणमणि दीक्षित र माता विष्णुकुमारी दीक्षितका दोस्रो सन्तानका रूपमा काठमाडौँको गैरीधारामा जन्मिनुभएका दीक्षितले ००७ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । प्रजातन्त्र, जनजीविका र जनअधिकारका लागि आजीवन सङ्घर्षरत दीक्षित ००७ देखि ०१७ सालसम्म चारपटक र त्यसपछि ०४६ सालसम्म तीनपटक जेल पर्नुभएको थियो । निरङ्कुश शाही कदमविरोधी प्रदर्शनको नेतृत्व गरेका कारण राजाको सरकारले वयोवृद्ध दीक्षितलाई १९ माघ ०६१ पछि पनि तीन साता बन्दी बनाएको थियो ।

लामो समयदेखि कम्युनिस्ट आन्दोलनमा क्रियाशील दीक्षित ०५१ मा नेकपा (एमाले) मा प्रवेश गर्नुभएको थियो । उहाँ ०५४ को छैटौँ महधिवेशनबाट पार्टीको केन्द्रीय सल्लाहकार कमिटीको सभापतिमा निर्वाचित हुनुभएको थियो भने ०५८ सालमा पार्टीका तर्फबाट राष्ट्रियसभा सदस्य निर्वाचित हुनुभएको थियो । उहाँ ०५९ मा सम्पन्न सातौँ महाधिवेशनपछि केन्द्रीय सल्लाहकार कमिटीको सदस्य रहँदै आउनुभएको थियो ।
उहाँको निधनप्रति दुःख व्यक्त गर्दै पार्टीका महासचिव माधवकुमार नेपालले परिवारजनप्रति समवेदन प्रकट गर्नुभएको छ । लामो समयदेखि राजनीति र लेखनमा सक्रिय दीक्षितका थुप्रै लेख, रचना प्रकाशित छन् । दिवङ्गत दीक्षितका श्रीमती, दुई छोरा र एक छोरी हुनुहुन्छ ।

# ;|i6fx¿sf] cfGbf]ng

**अमर गिरी**

**ने**पालमा चलेका निरङ्कुशताविरोधी आन्दोलनहरूमा स्रष्टाहरूले महत्त्वपूर्ण भूमिका निभाउँदै आएका छन् । राणाशाहीविरुद्ध चलेको आन्दोलनमा स्रष्टाहरूले अहम् भूमिका निर्वाह गरेका थिए । साहित्यकार कृष्णलाल सुब्बाको जेलमै निधन भएको थियो । गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, महानन्द सापकोटा, धरणीधर कोइराला आदि स्रष्टाहरूले जहानियाँ राणा शासनका विरुद्ध सङ्घर्ष गर्दा विभिन्न उत्पीडन भोगेका थिए । रिमाल, सिद्धिचरण र व्यथितहरू जेल परेका थिए भने लक्ष्मीप्रसाद देवकोटाले बनारसमा निर्वासित जीवनसमेत बिताउनुपरेको थियो । राणाशाहीविरुद्धको स्रष्टाहरूको यो सङ्घर्ष स्वतन्त्र, समानता र सामाजिक न्यायप्रतिको उनीहरूको प्रतिबद्धता र भोकको सहज र स्वाभाविक परिणाम थियो ।

जहानियाँ शासनको अन्त्य र प्रजातन्त्रको स्थापनापछि पनि नेपाली स्रष्टाहरूको एउटा ठूलो तप्काले स्वतन्त्रता, सामाजिक न्याय तथा मानवीय गरिमा र सौन्दर्यका पक्षमा आफूलाई उभ्याउँदै प्रजातन्त्रको पूर्णता र समानताका निम्ति निरन्तर सङ्घर्षशील बनाई नै रह्यो । श्यामप्रसाद शर्मा, जनकवि गोकुल जोशी, केवलपुरे किसान, युद्धप्रसाद मिश्र, आनन्ददेव भट्ट, गोविन्द भट्ट, रमेश विकल, जनकप्रसाद हुमागाईं आदि स्रष्टाहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आफूलाई उभ्याउँदै कलम मात्र चलाएनन्, त्यसविरुद्ध चलेका सङ्घर्षहरूमा आफूलाई समाहितसमेत गरे । सिर्जनात्मक आदर्श र त्यसलाई प्राप्त गर्न गरिनुपर्ने सङ्घर्षका सन्दर्भमा नेपाली स्रष्टाहरूको यो भूमिकालाई अत्यन्त महत्त्वपूर्ण रूपमा हेरिनुपर्छ । ००७ सालअघिदेखि सुरु भएको यसप्रकारको भूमिका यस कालखण्डमा आएर निकै समृद्ध बन्यो ।

०१७ सालमा राजा महेन्द्रले फौजी ‘कू’ मार्फत प्रजातन्त्रलाई समाप्त गरे । मुलुकमा निर्दलीय पञ्चायती व्यवस्था लादियो । पार्टीहरूमाथि प्रतिबन्ध लगाइयो । अभिव्यक्ति स्वतन्त्रतालाई खोसियो । तर, राजा महेन्द्रको यस अधिनायकवादी कदमले

जनताको लोकतान्त्रिक आकांक्षालाई समाप्त गर्न सकेन । भूमिगत रूपमै राजनीतिक पार्टीहरूले लोकतन्त्रप्राप्तिको आफ्नो सङ्घर्षलाई अघि बढाउन सुरु गरे । पञ्चायतको यस अँध्यारो कालखण्डमा स्रष्टाहरूले पञ्चायतविरुद्धको सङ्घर्षमा ठूलो योगदान दिएका छन् । त्यसबेला निरङ्कुशताविरुद्ध सङ्घर्षको चेतना निर्माणमा साहित्यिक पत्रपत्रिका, सङ्घसंस्था र स्रष्टाहरूको उल्लेख्य योगदान रहेको छ । पार्टीहरू प्रतिबन्धित र भूमिगत रहेको अवस्थामा अभिव्यक्तिको जोखिम मोलेर स्रष्टाहरूले उज्यालोको पक्षमा आफूलाई उभ्याएका थिए । युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, श्यामप्रसाद शर्मा, केवलपुरे किसान, पारिजात, आनन्ददेव भट्ट, नेत्रलाल पौडेल 'अभागी', नारायणप्रसाद शर्मा, भवानी घिमिरे आदि स्रष्टाहरूले यस कालखण्डमा निभाएको भूमिका स्मरणीय छ । मोदनाथ प्रश्रितले लामो समयसम्म जेलमा रहेर गोलघरको सजायसमेत काटे भने श्यामप्रसाद शर्माले लामो समयसम्म भूमिगत रहन पर्‍यो । युद्धप्रसाद मिश्र वनारसमा निर्वासित जीवन बिताउन बाध्य हुनुपर्‍यो भने नारायणप्रसाद शर्माले झन्डै चार वर्षको जेल जीवन बिताए । यसप्रकारको यातना र कष्ट यस अवधिमा अरू कैयन स्रष्टाहरूले पनि खप्नुपर्‍यो ।

०३५-०३६ को विद्यार्थी आन्दोलनसँगसँगै स्रष्टाहरूको सङ्घर्ष पनि रचनाकर्म र व्यवहार दुवै क्षेत्रमा सघन भएर अगाडि बढ्यो । नयाँ-पुराना स्रष्टाहरूको ठूलो सङ्ख्या निरङ्कुशताको अन्त्य र लोकतन्त्र स्थापनाको पक्षमा खुलेर देखापर्‍यो । अप्ठ्यारो र दमनका बाबजुद पनि लेखक, साहित्यकार र कलाकारहरू सङ्गठित बन्दै अघि बढ्न सुरु गरे । शिथिल भएको प्रगतिशील लेखक सङ्घ पुनः क्रियाशील हुन सुरु गर्‍यो र प्रगतिशील लेखक सङ्घको नाममा त्यसलाई अघि बढाइयो । सडक कविता आन्दोलन भवानी घिमिरेको नेतृत्वमा अगाडि बढ्यो । युद्धप्रसाद मिश्र, पारिजातको नेतृत्वमा स्रष्टाहरूले कालोपट्टी बाँधेर लोकतन्त्रका पक्षमा आफूलाई सडकमा उभ्याए । अन्ततः ऐतिहासिक जनआन्दोलनका अघि टिक्न नसकेर पञ्चायती व्यवस्थाको अन्त्य भयो । ३० वर्षसम्म निरङ्कुशताको जाँतोमुनि पिल्सिएका जनताले स्वतन्त्रताको सास फेर्न पाए ।

०४६ सालमा प्राप्त स्वतन्त्रताको डेढ दशक पनि नहुँदै पुनः खोसियो राजा ज्ञानेन्द्रबाट । ०५९ असोज १८ देखि अधिकार खोस्न सुरु गरिएको प्रयत्न र प्रक्रियाले पूर्णता प्राप्त गर्‍यो, ०६१ माघ १९ को राजाको कदमबाट । अब त्यो पूर्ण अधिनायकवादको दिशातिर अघि बढिरहेको छ । ०४६ सालको महान् जनआन्दोलनबाट प्राप्त अधिकारहरूको अपहरणपछि स्रष्टाहरू फेरि सडकमा ओर्लिएका छन् र लोकतन्त्रका निम्ति आफ्ना आवाज बुलन्द गरिरहेछन् । राजाको असोज १८ पछि सुरु भएको स्रष्टाहरूको सडक सङ्घर्ष झन्पछि झन् सङ्गठित र प्रभावशाली बन्दै अगाडि बढिरहेछ । यस अवधिमा स्रष्टाहरूले निरङ्कुशताको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति कविता वाचन, नाटक प्रदर्शन, फोटो र चित्रकला प्रदर्शन तथा गीत मात्र गाएका छैनन्, निषेधाज्ञा तोडेका छन्, लाठी खाएका छन् र गिरफ्तारीसमेत दिएका छन् । प्रगतिशील लेखक सङ्घ र लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चले स्रष्टाहरूको आन्दोलनको अगुवाइ गरिरहेका छन् । यसका अतिरिक्त अरू पनि कयौं साहित्यिक संस्थाहरू छन्, त्यसले लोकतान्त्रिक आन्दोलनमा आफूलाई सामेल गरेका छन्, महत्त्वपूर्ण योगदान पुर्‍याइरहेका छन् । मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्मका परिवर्तनकामी स्रष्टाहरू परिवर्तनका निम्ति चलेको सङ्घर्षमा सामेल छन् । कवि, लेखक, गीतकार, सङ्गीतकार, नाटककार, चित्रकार, मूर्तिकार, कलाकार, कार्टुनिस्टहरू सबै समाहित छन् यस सङ्घर्षमा र समवेत स्वरमा पूर्ण लोकतन्त्र स्थापनाको गीत गाइरहेका छन् ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चमा गोलबन्द भएका छन्, सबै धारा र प्रवृत्तिका स्रष्टाहरू । त्यहाँ मार्क्सवादी पनि छन्, गैरमार्क्सवादी पनि । जे भए पनि अहिले सबैको एउटै अभीष्ट छ- पूर्ण लोकतन्त्रको स्थापना र निरङ्कुशताको अन्त्य । सबैको अहिले एउटै सोचाइ छ- अब लोकतन्त्र नखोसिने गरी ल्याउनुपर्छ र त्यसलाई पूर्णता प्रदान गर्नुपर्छ । यसरी लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको प्रत्यक्ष सहभागिता ००७ सालअघिदेखि यहाँसम्म आइपुग्दा धेरै व्यापक र प्रभावशाली बनेको देखिन्छ र यो अझै प्रखर र प्रच्छन्न बन्दै जानेछ भनेर विश्वास गर्न सकिन्छ ।

लोकतन्त्रका विरुद्ध उभिने र निरङ्कुशतालाई टेकोपुडो लगाउने स्रष्टाहरू पनि छन् र ती सिङ्गो लोकतान्त्रिक आन्दोलनका विरुद्धमा उभिएका छन् । स्रष्टाहरूको एउटा जमातमा यस्तो चरित्र इतिहासदेखि नै रहने गरेको पाइन्छ । राणाशाहीका विरुद्ध सङ्घर्ष गर्दा भाट स्रष्टाहरूको एउटा समूह राणाहरूको भजन गाउँथ्यो र परिवर्तनकामी स्रष्टाहरूका विरुद्ध जाइलाग्थ्यो । यही अवस्था थियो पञ्चायतविरुद्ध चलेको सङ्घर्षका बेलामा र आज पनि निरङ्कुशता पक्षधर स्रष्टाहरू निरङ्कुशताको पक्षमा ज्यान फालेर लागेका छन् र लोकतान्त्रिक स्रष्टाहरूका विरुद्ध खनिएका छन् । तर, देश अभूतपूर्व रूपमा जागेको छ र परिवर्तनलाई रोक्ने सबै प्रयासहरू असफल हुने निश्चित छ । स्रष्टाले आज आफूलाई जसरी दह्रो रूपमा प्रस्तुत गरेका छन्, यसको सबैतिरबाट गम्भीर मूल्याङ्कन आउँदा दिनहरूमा गर्न जरुरी छ । 'खोला तर्‍यो, लौरो बिर्सियो' भन्ने उखान स्मरण गर्नुपर्ने स्थिति पटक्कै आउनु हुँदैन ।

■

# जनविरोधी र व्यापारमुखी अध्यादेश

## ' डा. गोविन्दबहादुर थापा

**अध्यादेशको एकाङ्गी पक्ष**

अर्थराज्यमन्त्री डा. रूप ज्योतिले गत माघ १ गते आर्थिक वर्ष २०६२/६३ को बजेट नवीकरण अध्यादेश सार्वजनिक गरेका छन् । यस अध्यादेशले गत साउन १ गते प्रस्तुत अध्यादेशमा अनुमान गरिएका बजेटका चालू खर्च तथा पुँजीगत खर्च, वैदेशिक तथा आन्तरिक ऋण र वैदेशिक अनुदानमा पनि फेरबदल गर्न सक्थ्यो र गर्नु पनि पर्थ्यो । तर, त्यसो नगरी यो अध्यादेश विशेषगरी भन्सारका दरहरू घटाउने कार्यमा मात्र सीमित रह्यो । आर्थिक वर्षको सिङ्गै आधा भाग बाँकी रहेको अवस्थामा नयाँ अर्थमन्त्रीले बजेट अध्यादेश प्रस्तुत गर्न पाउँदा र त्यसका लागि आवश्यक समय पाउँदा पनि बजेटका अन्य विधाहरूमा कुनै परिवर्तन नगरिनु दुःखको कुरा हो । यसले अर्थमन्त्रीको अर्थतन्त्रमा सरकारी बजेटले खेल्न सक्ने भूमिका र महत्त्वका बारेमा आवश्यक ज्ञान र रुचि रहेनछ भन्ने देखाउँछ । उनी जनताका नभई राजाका मन्त्री भएको हुनाले पनि यस्तो भएको हो । किनभने, राजनीतिक दलका मन्त्री भएको भए अर्थतन्त्रप्रति दलको दृष्टिकोण र अवसर पाउँदा देश र जनताका निमित्त केही गर्नुपर्ने दलको दबाबस्वरूप बजेटको विशेषगरी पुँजीगत (विकास) खर्च बढाएर सम्भव भएसम्मका विकासका नयाँ आयोजना र कार्यक्रम बजेटमा समावेश गर्नुपर्थ्यो । र, यसअघि राजनीतिक दलका प्रत्येक अर्थमन्त्रीले यसो गर्ने गरेका पनि थिए । तर, वर्तमान अर्थराज्यमन्त्रीले त्यसो गरेनन् । किनभने, उनलाई त्यसो गर्नुपर्ने बाध्यता भएन । त्यसैले उनको रुचि र ज्ञान बजेटको जुन पक्षमा थियो, अध्यादेश त्यसैमा मात्र सीमित भयो । साथै, यो जनताको प्रतिनिधित्व गर्ने र नगर्ने सरकारबीचको अन्तरको पनि कुरा हो । जनताको प्रतिनिधित्व गर्ने सरकारको बजेट अध्यादेश यस्तो हुनु सम्भव थिएन ।

नयाँ अर्थराज्यमन्त्रीको बजेट अध्यादेशको अर्को अपत्यारिलो र अयथार्थवादी पक्ष के छ भने यस अध्यादेशमा नेपालमा आयात गरिने एक सय ३० भन्दा बढी प्रमुख वस्तुहरूमा साविकमा लागिआएको भन्सारदरमा भारी कटौती गरिएको छ । र, यो कटौतीबाट मात्र वर्षको बाँकी छ महिनाको अवधिमा ६० करोड रुपियाँबराबरको राजस्व घट्ने अनुमान स्वयम् अर्थराज्यमन्त्रीले गरेका छन् । तर, यसअनुसार खर्चतर्फ कुनै कटौती गरिएको छैन । अर्थराज्यमन्त्रीको भनाइअनुसार भन्सारदर घटाइएबाट घट्ने उपरोक्त रकमबराबरको राजस्व आयात बढेर पूर्ति हुनेछ । तर, अर्थराज्यमन्त्रीले जसरी भन्सारदर घटाउँदा घट्ने राजस्वको अनुमान प्रस्तुत गरेका छन्, त्यहीबमोजिम त्यो राजस्व पूर्ति हुने गरी बढ्ने आयातको अनुमान कहीँ पनि प्रस्तुत गरेका छैनन् । यस कारणले अर्थराज्यमन्त्रीको यो अनुमान बिलकुल हचुवा किसिमको त छँदैछ । साथै अर्थराज्यमन्त्रीको यो तर्कसँग अन्य आधारमा पनि सहमत हुन सकिँदैन । यो अत्यन्त सरल र सजिलो तर्क हो । र, मुलुकको अर्थतन्त्र यस्तो सरल र सजिलो हिसाबले चलेको हुँदैन । मुलुकको समग्र अवस्था सामान्य भइदिएको भए केही हदसम्म यो तर्क यथार्थताको निकट हुन सक्थ्यो । तर, यस्तो सङ्कटको अवस्थाबाट गुज्रिरहेको अर्थतन्त्रमा भन्सारदर घटाउँदैमा आयात बढ्दैन । हालका वर्षहरूमा आयातमा जुन शिथिलता आएको छ, त्यो भन्सारदर बढी भएको कारणबाट आएको होइन, सङ्कटका कारणबाट आएको हो । मुलुकको राजनीतिक अवस्थामा सुधार नआउन्जेलसम्म भन्सारदर शून्य नै पारे पनि आयात बढ्ने छैन । र, हालसम्म मुलुकको अवस्थामा सुधार आउने कुनै सङ्केत देखिएको छैन । त्यसैले भन्सारदर घटाएपछि घट्ने राजस्व आयात बढ्ने भएकाले पूर्ति हुन्छ भन्ने अर्थराज्यमन्त्रीको तर्क कोरा र अयथार्थवादी छ ।

दोस्रो, आयात बढ्ने कुरा मुख्य रूपमा जनताको क्रयशक्तिमा निर्भर हुने कुरा हो । जबकि यस वर्ष मुलुकको कुल गार्हस्थ उत्पादनको वृद्धिदर दुई प्रतिशत पनि ननाघ्ने अनुमान गरिएको छ । वार्षिक जनसङ्ख्या वृद्धिदर दुई प्रतिशतभन्दा बढी भएको सन्दर्भमा कुल गार्हस्थ उत्पादनको वृद्धिदर दुई प्रतिशतभन्दा कम हुनु भनेको प्रतिव्यक्ति आय घट्नु हो । यसरी जनताको क्रयशक्ति समग्रमा घट्ने अनुमान गरिएको अवस्थामा आयात बढ्ने अनुमान गर्न सकिँदैन । त्यसैले पनि अर्थराज्यमन्त्रीको भन्सारदर घटाउँदा आयात बढेर राजस्व बढ्छ भन्ने तर्क निराधार छ ।

**दर घटाइएको मात्रा**

अर्थराज्यमन्त्रीले अत्यन्त संवेदनशील सामानहरूमा लाग्ने भन्सारदर आश्चर्यलाग्दो ढङ्गले घटाएका छन् । भन्सारदर कुन रूपमा घटाइएको छ भन्ने कुरा तलको तालिकाले देखाउँछ :

| सि. नं. | सामानको नाम | साविको दर (प्रतिशतमा) | माघ एक पछि लागु हुने दर (प्रतिशतमा) |
|---|---|---|---|
| १. | साबुन | ४० | २५ |
| २. | कास्टिक सोडा | १५ | ५ |
| ३. | ब्याग तथा सुटकेशका कपडा | १५ | ५ |
| ४. | स्टिलका भाँडा | ४० | ५ |
| ५. | ड्राई ब्याट्री | ४० | २५ |
| ६. | ब्याट्री पार्ट्स | १५ | ५ |
| ७. | कलम | १५ | ५ |
| ८. | डट्पेन | २५ | ५ |
| ९. | कपडाको जुत्ता | ४० | १० |
| १०. | मेला माईनका भाँडा | ४० | १५ |
| ११. | भिडियो प्रोजेक्टर | ४० | १० |
| १२. | स्लिपिङ्ग ब्याग | ३५ | ५ |
| १३. | चकलेट, चुईङ्गम, टिनप्याक फलफुल, अचार, चटनी, आईस्क्रम, स्याम्पु, दन्त मन्जन, ब्याग र सुटकेश, एयरकण्डिशन, | २५ | १५ |

| | | | |
|---|---|---|---|
| | रेफ्रिजेरेटर, वासिङ्ग मेसिन आदि | | |
| १४. | छालाका लगाउने लुगा, लिनोनियम, हेल्मेट, धातु र माटाका मूर्तिहरू, फोटो फ्रेम, भी.सी.डी., डी.भी.डी. भिडियो डेक, म्युजिक सिस्टमहरू, हस्तकला र पुरातात्विक महत्वका बस्तुहरू आदि | २५ | १० |
| १५. | फलाम र स्टिलका ईनामेल गरिएका भाँडा कुँडा, सिसाका घरायसी सामान, ब्लाङ्केट, सबै प्रकारका तयारी पोसाक, नेप्किन र स्यानिटरी टावेल आदि | २५ | ५ |
| १६. | श्रृङ्गारका सामान, प्रि एण्ड एफ्टर सेभ, अगरबत्ति, रेसमी, उनि, मखमली र टेरिकटन कपडा, चस्मा र घडीका सिसा, दाह्री काट्ने यन्त्र, कैंची, कट्लरी सामानहरू, नेल कटर, मोटर तथा मोटर साईकलका पार्टस्, यु.पी.एस्., टर्च लाईट, माईक्रोफोन र स्पिकर, क्यामेरा र यस्को प्रोजेक्टर, वेवी केरियर | १५ | ५ |
| १७. | बल बियरिङ्, टेलिफोन, अडियो, भिडियो क्यासेट,सी.डी.चक्काहरू, खेलौना, खेलकुदका सामान, आदि | १० | ५ |
| १८. | टाईपराईटर, क्यालकुलेटर, कम्प्युटर र यस्का पार्टस्, भेन्डिङ् मेसिन, मोवाईल फोन, घडी र यस्का पार्टस् आदि | ५ | १ |
| १९ | सुन प्रति दश ग्राम | रु.१५०/ | रु.१३०/ |

**भन्सारदर कटौतीबाट अर्थतन्त्रमा पर्नसक्ने प्रभावहरू**

माथि उल्लिखित सामानहरू यसरी भन्सारदर घटाइएका सामानका केही उदाहरण मात्र हुन् । विगतमा नेपालमा तस्करीको जुन व्यापक चर्चा हुने गर्थ्यो, त्यस्तो चर्चा यिनै वस्तुहरूको तस्करी सम्बन्धमा हुने गर्थ्यो । यिनै सामान तेस्रो मुलुकबाट चोरी पैठारी गरी नेपाल ल्याउने र तिनलाई पुनः भारततर्फ चोरी निकासी गर्ने गरिन्थ्यो । त्यो व्यापार प्रणालीले नेपालमा अनधिकृत व्यापार गर्नेहरूको ठूलो जमात खडा गरेको थियो । त्यसले भन्सार तथा कर प्रशासन र राजनीतिक तथा प्रशासनिक क्षेत्रलाई समेत नराम्ररी प्रभावित गरेको कुरा सर्वविदितै छ । सन् '९० को दशकदेखि नेपाल र भारत दुवै मुलुकमा आर्थिक उदारीकरण कार्यक्रम लागू गरिएपछि उपरोक्त सामानको अवैध व्यापार क्रमिक रूपमा नियन्त्रित हुँदै गएको थियो । र, पछिल्लो समयमा त्यस्तो व्यापार लगभग नियन्त्रणमा आइसकेको थियो । त्यसपछि मात्र नेपालमा आफ्नो आन्तरिक बजारको आवश्यकताअनुसार मात्र विदेशबाट सामान आयात हुने परम्परा सुरु भएको थियो । यसले गर्दा पनि नेपालमा विदेशी मुद्राको अनावश्यक खर्च घट्न गई यस्तो मुद्राको सञ्चितिमा सुधार आएको थियो । अहिले भन्सारदरमा भारी कटौती गरी नेपालमा यी सामानहरूलाई निकै सस्तो पारिएकाले अब यी सामान पुनः भारततर्फ चोरी निकासी हुने सम्भावना एक्कासि बढेको छ । फरक के मात्र हुनेछ भने पहिले नेपालमा यी सामानमा उच्च भन्सारदर लाग्ने भएकाले (तर, भारतमा भन्दा कम) चोरी पैठारी भई आउँथ्यो भने अहिले भन्सारदर न्यूनतम् पारिएकाले खुला रूपमा नेपाल भित्रिएर भारततर्फ जाने छन् । यसरी अवैध रूपमा तेस्रो मुलुकका सामान नेपालबाट भारततर्फ जाने परम्पराको पुनरावृत्ति हुने भएकाले त्यसबाट अर्थतन्त्रमा निम्नबमोजिमका असर पर्न जाने अवश्यम्भावी छ :

(क) यस्ता सामानको आयात उच्चदरमा बढ्न गई विदेशी मुद्राको सञ्चितिमा गम्भीर चाप पर्न जानेछ,
(ख) आयात बढ्ने भएता पनि भन्सारदर न्यूनतम् पारिएकाले भन्सार तथा मूल्य अभिवृद्धि कर राजस्व तदनुरूप बढ्ने छैन,
(ग) मुलुकका उद्यमी तथा व्यवसायीहरू उद्योग व्यवसायबाट विमुख भई पुनः तस्करी व्यापारतर्फ अभिमुख हुनेछन्,
(घ) भारतीय उपभोक्ताको माग पूर्ति गर्न नेपालको आफ्नो विदेशी मुद्रा खर्च हुनेछ,
(ङ) नेपालको अर्थतन्त्र उद्योगबाट विमुख भई आयातित सामानको व्यापारमा आधारित हुन जानेछ,
(च) औद्योगिक विकासको सम्भावना झन् कमजोर हुँदै जानेछ,
(छ) भन्सार तथा कर प्रशासन अझ बढी कमजोर हुन जानेछ ।

यसरी नेपालमा झन्डै निर्मुल भइसकेको अनधिकृत व्यापारको समस्याले पुनः जबर्जस्त रूपमा टाउको उठाउने लगभग पक्का छ । पहिलेझैँ तराईका सीमावर्ती बजारहरूमा तेस्रो मुलुकबाट आयातित सामानले भरीभराउ हुने छन् । यही नीतिले निरन्तरता पाएमा नेपाली बजारमा नेपाली उत्पादन बत्ती बालेर खोज्नुपर्ने स्थिति आउने लगभग निश्चित छ ।

हुन त अर्थराज्यमन्त्रीले मूल्य अभिवृद्धि करलाई प्रभावकारी बनाउन यसो गर्नु अनिवार्य भएको भन्ने तर्क अघि सारेका छन् । मूल्य अभिवृद्धि करलाई प्रभावकारी बनाउन भन्सारको मूल्याङ्कन प्रणालीलाई यथार्थपरक बनाउनुपर्ने र मूल्याङ्कनलाई यथार्थपरक बनाउन भन्सारदर घटाउनुपर्ने तर्क उनको छ । सैद्धान्तिक दृष्टिले उनको तर्कमा प्रश्न उठाउन सकिने ठाउँ छैन । तर, एउटा कर प्रणालीलाई प्रभावकारी बनाउन समग्र अर्थतन्त्रमा गम्भीर विकृति ल्याउने काम गर्नु उचित हुँदैन भन्ने कुरा

उनले बुझ्नुपर्छ । मूल्य अभिवृद्धि करकै कुरा गर्ने हो भने नेपालको मौजुदा कारोबार संस्कृति र परम्परा कायम रहुन्जेल टाउकै फोरे पनि नेपालमा यो कर अपेक्षित रूपमा सफल हुँदैन भन्ने कुरा अर्थराज्यमन्त्रीले बुझ्न नसकेको देख्दा आश्चर्य लाग्छ । हातैले खरिद र बिक्रीको छुट्टै बिल लेखेर दिनुपर्ने र खरिद-बिक्रीको अद्यावधिक अभिलेख पनि हातैले लेखेर कायम गर्नुपर्ने परम्परा कायम रहुन्जेल मूल्य अभिवृद्धि कर प्रभावकारी हुनैसक्दैन । विकसित मुलुकमा जस्तो हातले सामान देखाएर कम्प्युटरमा सामानको मूल्य अङ्कित हुने र मूल्य जोडिँदै गई कम्प्युटरबाट खरिद गरिएका सबै सामानको एकमुष्ट मूल्य र बिल प्रिन्ट भई निस्कने आधुनिक खरिद-बिक्री प्रणाली संस्थागत रूपमा स्थापित भएपछि मात्र यो कर प्रणाली प्रभावकारी हुनेछ । हातले बिल र अभिलेख लेख्नुपर्ने परम्परामा मूल्य अभिवृद्धि कर प्रणाली क्रेता र बिक्रेता दुवैथरीका निमित्त बिलकुलै अव्यावहारिक कर प्रणाली हो । यो कुरा सम्बन्धित सबैले बुझ्दा हुन्छ । त्यसैले मूल्य अभिवृद्धि कर प्रभावकारी बनाउन अर्थराज्यमन्त्रीले जुन रूपमा अत्यन्त संवेदनशील सामानहरूको भन्सारदर घटाएर न्यूनतम् पारेका छन्, त्यो अन्ततोगत्वा मुलुकका लागि घातकसिद्ध हुने कुरा निश्चित छ ।

यस अध्यादेशले जुन-जुन तयारी सामानको भन्सारदर उल्लेख्य मात्रामा घटाएको छ, ती सामानको कच्चा पदार्थमा पनि लगभग त्यही अनुपातमा भन्सार घटाएको छ । यो निश्चित रूपमा यस अध्यादेशको सकारात्मक पक्ष हो । तर, यसमा के प्रश्न उठ्छ भने जब बजारमा तयारी वस्तु नै हदैसम्म कम मूल्यमा पाइन्छ भने कच्चा पदार्थ सस्तो पार्दैमा के उद्योगहरू प्रोत्साहित हुन सक्छन् र ? उद्योगमा एकातिर बजार, बित्त, मूल्य, जनशक्ति, कर, व्याजदर आदिका अतिरिक्त शान्ति-सुरक्षासम्बन्धी अनेकौँ जोखिम छन् भने अर्कोतिर प्रभावकारी संरक्षणदर **(Effective protection rate)** न्यूनतम् छ । यस्तो स्थितिमा तयारी सामानमा लाग्ने भन्सारदर न्यूनतम् पारेपछि तिनका कच्चा पदार्थमा लाग्ने भन्सारदर जतिसुकै न्यून पारे पनि त्यसले उद्योगलाई प्रोत्साहित गर्दैन । त्यसैले यस अध्यादेशबाट उद्योग क्षेत्रमा गम्भीर चोट पुग्न जाने निश्चित छ ।

यदि मुलुकमा जे-जति उद्योगहरू छन्, ती सबै मुलुकका उच्चतम् सापेक्षिक लाभ भएका **(Comparative advantage)** वस्तुका उद्योग भइदिएको भए अन्य वस्तुमा भन्सारदर घटाउँदैमा उद्योगलाई मर्का पर्ने थिएन । किनभने, सापेक्षिक लाभ भएका सामानमा आयातित सामानसँग प्रतिस्पर्धा गर्नसक्ने पर्याप्त क्षमता हुन्छ । तर, हालका नेपालका उद्योगहरू त्यस आधारमा खडा भएका उद्योग होइनन् । चिया, पर्यटन, औषधि, खाद्य प्रशोधन, कृषि तथा वनमा आधारित उद्योगबाहेक अन्य सम्पूर्ण उद्योगहरू सापेक्षिक लाभ नहुँदा नहुँदै पनि उच्च संरक्षणदर भएका कारणले खडा गरिएका उद्योग हुन् । त्यसैले यसरी भन्सारदर घटाउँदा त्यस्ता उद्योगहरू आयातित सस्ता सामानसँग प्रतिस्पर्धा गर्न नसकेर बन्द हुनेछन् । यो लगभग निश्चित छ । यस आधारमा पनि यो अध्यादेश औद्योगिक विकासका विरुद्ध गएको निष्कर्षमा पुग्न सकिन्छ । सापेक्षिक लाभ नभएका उद्योगहरूको सङ्ख्या उल्लेख्य भएको नेपालजस्तो मुलुकमा त्यस्ता उद्योगहरूलाई सुधने र परिवर्तन गर्ने पर्याप्त समय दिनुपर्ने हुन्छ । तर, यो अध्यादेशले त्यसतर्फ पटक्कै ध्यान दिएको छैन ।

यस अध्यादेशले एउटा अर्को अपराधै भन्नसकिने काम पनि गरेको छ । त्यो भनेको भन्सारदर घटाउनुअघि बजारमा मौज्दातमा रहेका सामानका मालिकहरूलाई पारेको मर्का हो । हिजो उच्चदरमा भन्सार तिरी आयात गरेर मौज्दातमा राखिएका सामानले आज सस्तोमा आयात गरिएका सामानसँग बजारमा प्रतिस्पर्धा गर्नुपर्ने भएको छ । त्यसैले मूल्यमा भारी कटौती गरी बेच्नु पर्दा त्यस्तो मौज्दात राख्नेहरूलाई गम्भीर मर्का परेको छ, यसको क्षतिपूर्ति अर्थराज्यमन्त्रीले कसरी गर्ने हुन् ? उनी आफैँ जानून् ।

■

# मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर

**गोपीरमण उपाध्याय**

**० एङ्गेल्सका बारेमा दुई-चार कुरा भन्न सकिन्छ कि ?**

- फ्रेडरिक एङ्गेल्स विश्व सर्वहारा वर्गका महान् आचार्य एवम् कार्लमार्क्सका परम सहयोगी एवम् अनन्य मित्र हुनुहुन्थ्यो । उहाँको जन्म सन् १८२० मा जर्मनीमा भएको थियो । सम्भ्रान्त परिवारमा जन्मिनुभएका एङ्गेल्सले जीवनभर सर्वहारा वर्गको पक्षमा रहेर काम गर्नुभयो । यदि एङ्गेल्सको सर्वविधिपूर्ण सहयोग नभएको हुन्थ्यो, कार्ल मार्क्सको रचनाधर्मिता कायम हुन गाह्रो पर्ने थियो । मार्क्सवादको सिर्जनामा कार्ल मार्क्सको जति योगदान छ, त्यति नै योगदान फ्रेडरिक एङ्गेल्सको पनि रहेको छ । सन् १८४४ मा कार्ल मार्क्ससँग उहाँको मित्रता कायम भएपछि आजीवन यो मित्रता कायमै रह्यो । सन् १८४५ मा *'इङ्गल्याण्डमा मजदुर वर्गको अवस्था'* नामक रचनामा सर्वहारा वर्गको ऐतिहासिक भूमिका के हुनुपर्छ भन्ने कुराको आधारशीला कायम गर्नुभयो । सन् १८४७ मा स्थापित कम्युनिस्ट लिगको कार्यक्रमका रूपमा 'अन्तर्राष्ट्रिय कम्युनिस्ट घोषणापत्र' को लेखन कार्य प्रारम्भ गरेपछि सन् १८४८ मा त्यसको प्रकाशन गर्नुभयो । सन् १८६७ मा कार्ल मार्क्सलाई *'पुँजी'* को प्रथम खण्डको लेखन र प्रकाशनमा महत्त्वपूर्ण योगदान गर्नुभयो । द्वन्द्वात्मक भौतिकवादलाई परिपुष्ट एवम् विकसित पार्ने काममा समर्पित हुनुभयो, जसको फलस्वरूप सन् १९७२ मा *'ड्युहरिङ मत खण्डन'*, सन् १९७८ मा *'परिवार, व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति'* जस्ता महान् कृतिहरूको रचना गर्नुभयो । द्वन्द्वात्मक भौतिकवादका विचारहरूलाई प्रकृति विज्ञानसँग सम्बन्धित पार्नुका साथै ऐतिहासितक भौतिकवादलाई समाज विज्ञानसँग गाँस्ने महत्त्वपूर्ण काम गर्नुभयो । सन् १८८५ मा कार्ल मार्क्सको *'पुँजी'*

को दोस्रो खण्ड र सन् १८९५ मा त्यसको तृतीय खण्ड प्रकाशित गर्नुभयो । सन् १८८८ मा कम्युनिस्ट इन्टरनेसनल दोस्रो सम्मेलनको आयोजना गर्नुभयो । सन् १८९४ मा उहाँको निधन भयो ।

**० लेनिनका बारेमा दुई-चारवटा कुरा भन्न सकिन्छ ?**

- कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले प्रतिपादन गर्नुभएका उद्देश्यहरूका प्रमुख संवाहक, रुसी तथा अन्तर्राष्ट्रिय सर्वहारा वर्गका नेता, रुसी कम्युनिस्ट पार्टीका संस्थापक लेनिनको पूरा नाम भ्लादिमिर इलिच लेनिन थियो । उहाँको जन्म सन् १८७० मा रुसको सिम्बिर्स्क नगरमा भएको थियो । सन् १८८७ मा स्कुली जीवनको शिक्षा पूरा गरिसकेपछि कजान विश्वविद्यालयमा विधिशास्त्रको विद्यार्थीका रूपमा प्रवेश गर्नुभयो । सन् १८८९ देखि ९३ सम्म उहाँले मार्क्सवादको अध्ययन गर्नुभयो । सन् १८९५ मा सेन्ट पिटर्स वर्गमा मार्क्सवादी अध्ययन दलको गठन गर्नुभयो । त्यसपछि उहाँलाई तत्कालीन शासकहरूले गिरफ्तार गरेर जेल चलान गरिदिए । सन् १९०० मा रुसबाट निर्वासित भएर ब्रसेल्स पुग्नुभयो । त्यहींबाट उहाँले *'इस्क्रा'* नामक अखिल रुसी मार्क्सवादी अखबारको प्रकाशन गर्नुभयो । सुधारवादी र अवसरवादीहरूका विरुद्ध सङ्घर्ष गर्दै सन् १९०३ को रुसी सामाजिक जनवादी पार्टीको दोस्रो सम्मेलनमा बोल्सेविक पार्टीको निर्माण भयो । त्यसमार्फत रुसी जारशाहीको एकतन्त्रीय शासनका विरुद्ध सङ्घर्ष गर्दै सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा हुने समाजवादी क्रान्तिको पथ प्रदर्शन गर्नुभयो । सन् १९०५ को बुर्जुवा जनवादी क्रान्ति, सन् १९०७ को फरवरी क्रान्ति, सन् १९१७ कै अक्टुबर क्रान्ति यसका मुख्य चरणहरू थिए । यी सबै क्रान्तिहरूमा लेनिनकै प्रत्यक्ष नेतृत्व रह्यो । लेनिनको महानता यसमा निहित छ । उहाँले रुसी परिस्थितिमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्नुभयो । मार्क्स र एङ्गेल्सको देहावसानपछि सन् १९१९ मा तेस्रो कम्युनिस्ट इन्टरनेसनलको स्थापना गर्नुभयो ।

सन् १९१६ मा कार्ल मार्क्सद्वारा लिखित *'पुँजी'* को अध्ययन गर्दै *'साम्राज्यवादी पुँजीवादको चरम अवस्था'* नामक रचना प्रकाशित गर्नुभयो भने १९०८ मा नै उहाँले द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको विवेचना गर्दै *'भौतिकवादको आलोचनात्मक अनुभव'* नामक रचना लेख्नुभएको थियो । लेनिनले नै दर्शनको वर्गीय पक्षधरता हुन्छ भने किटानी विश्लेषण गर्नुभयो । उहाँका कृतित्वहरूमा द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजका सिद्धान्त रणनीति र कार्यनीति विज्ञापनको सही दिशा प्रस्तुत गर्नुभए । मार्क्सवादको विकासको दिशालाई सही रूप प्रदान गरेर त्यसको सिर्जनात्मक प्रयोग गर्नुमा उहाँको विशिष्ट योगदान रहेको छ । कम्युनिस्ट पार्टीको गठन र परिचालन, जनवादी केन्द्रीयताको सिद्धान्तलाई पनि लेनिनले नै अगाडि सार्नुभयो । जसले संसारका प्रत्येक कम्युनिस्ट पार्टीको सञ्चालनमा मार्गदर्शन गर्दछ । सन् १९२४ मा उहाँको निधन भयो ।

# स्वीडेनमा नेपाली राजाको विरोध

माघ १९ गते स्टकहोमस्थित स्वेडिस संसद्अगाडि केही स्वेडिस सांसद र त्यहाँ रहेका नेपाली समुदायको एक भेलाले राजा ज्ञानेन्द्रको एकवर्षे अँध्यारो शासनको विरोध गरेका छन् ।

त्यस अवसरमा स्टकहोम युनिभर्सिटीका नेपाली अनुसन्धानकर्ता डा. कटक मल्लले नेपालमा जारी सङ्घर्ष अब राजा र माओवादीबीच नभई तानाशाह र जनताबीच भएको बताए । डा. अच्युत भट्टराईले नेपालको प्रजातन्त्रको पुनःस्थापना सङ्घर्षलाई समर्थन गर्न अन्तर्राष्ट्रिय समुदाय असफल भएको विचार व्यक्त गरे ।

भेलालाई सम्बोधन गर्ने क्रममा आईटी इन्जिनियर महेश केसीले राजा चेपुवामा परेको दाबी गरे । भेलालाई स्वेडिस सांसदहरूले पनि सम्बोधन गरेका थिए । लेफ्ट पार्टीका सांसद काले लार्सनले राजा ज्ञानेन्द्रलाई चेतावनी दिँदै भने, 'तिम्रा काम-कारबाहीलाई हामी नियालिरहेका छौं ।'

अर्का सांसद लोट्टा हेडस्टर्मले नेपालमा सेनाको बलमा सञ्चालित अत्याचारी शासन अस्वीकार्य भएको बताए । लेफ्ट पार्टीका अर्का सांसद म्याट्स इमर्सनले आगामी दिनमा सात दल र माओवादीबीचको १२ बुँदे समझदारी टिक्ने हो, होइन भन्नेमा सरोकार व्यक्त गरे ।

लेफ्ट पार्टीको अन्तर्राष्ट्रिय मामिला विभागका सचिव ह्यान्स आर्भिडसनले नेपालका राजाले १८ औं शताब्दीको अत्याचारी शासकको रूपमा व्यवहार गरिरहेको टिप्पणी गरेका थिए ।

# कालीकोटमा अधिवेशन सम्पन्न

कालीकोट । नेकपा (एमाले) कालीकोटको सचिवमा तुलाराज विष्ट पुनः निर्वाचित हुनुभएको छ । गएको पुस २३ र २४ गते भएको पाँचौं जिल्ला अधिवेशनले उहाँलाई सचिवमा निर्वाचित गरी १९ सदस्यीय नेतृत्व चयन गरेको थियो ।
कमिटीको उपसचिवमा कुर्मराज शाही चुनिनुभएको छ भने सदस्यहरूमा विजया विष्ट, धीरबहादुर बम, राजेन्द्र थापा, भरतराज धिताल, चन्द्रबहादुर शाही, विश्वराज बम, तिलबहादुर शाही, कलबहादुर शाही, ऐना शाही, दक्षिणा शाही, मानबहादुर मल्ल, जगदीश शाही, जसे विक र धनबहादुर विष्ट हुनुहुन्छ । 'अधिवेशनकै मैदानबाट जनसङ्घर्षको सिर्जना गरौं, निरङ्कुशतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं' मूल नाराका साथ सम्पन्न अधिवेशनको उद्घाटन सचिव विष्टले गर्नुभएको थियो ।

# जनतामाझ स्थापित कम्युनिस्ट व्यक्तित्व

**' कमला पराजुली**

**ज**मिनदारहरूले गरेको शोषण, अत्याचार र दुर्व्यवहारबाट राजनीतिक चेतना पलाएका कमरेड अशोक चौधरी दङ्गाली जनताका राजनीतिका प्रेरणाश्रोत हुनुहुन्छ ।

कमरेड चौधरी भन्नुहुन्छ- 'आफू सामान्य किसान परिवारको भएको हुनाले जमिनदारहरूको काममा जानुपर्थ्यो । बिहान उज्यालो हुँदादेखि अध्यारो हुँदासम्म उनीहरूको खेतीको काम, घाँस काट्ने, भारी बोक्नेदेखि सबै भैपरी आउने काम गर्नुपर्थ्यो । तर, त्यसरी काम गर्दा पनि उनीहरूले दुई छाक पेटभरि खानसमेत दिँदैनथे । असाध्यै नराम्रो गाली-गलौज र पशुभन्दा परको दुर्व्यवहार गर्थे । एकाबिहानै आफ्नै घरमा खाएर गयो, दिनभरि सित्तैमा उनीहरूको काम गरिदियो र बेलुका फेरि आफ्नै घर फर्केर खानुपर्थ्यो । आफूले काम गरेको ज्याला पाउने त कुनै छैन, जमिनदारहरू आफू ठालू भएर गरिब किसानलाई सित्तैमा काम लगाउने उनीहरूको अधिकारै सम्झन्थे । त्यतिखेर यातायातको सुविधा थिएन, उनीहरू वरपर जानुपर्दा डोलीजस्तो बनाएर त्यसमा बोकेर पुर्‍याइदिनु पर्थ्यो । म सक्दिनँ र भ्याउँदिनँ भनेर सुखै पाइँदैनथ्यो । यसरी ती जमिनदारले गरेको चरम अत्याचारले मभित्र विद्रोहको भावना जगायो । देशमा राणाविरुद्ध जनलहर पनि चलिरहेका बेलामा ममा पनि राजनीतिक चेतना पलाउन थाल्यो ।'

कमरेड चौधरी दाङ जिल्लाको घोराही- १ को मघै टोलमा वि.सं. २०९१ साल वैशाख महिनामा आमा कुचिया चौधरी र बुबा बुद्धिराम चौधरीका कान्छो छोरा भएर जन्मनुभएको थियो । उहाँका तीन दाजु र दुई दिदीबहिनी पनि थिए । उहाँले कक्षा आठसम्मको औपचारिक अध्ययन पनि गर्नुभएको छ । चरम अत्याचार, शोषण र दुर्व्यवहारले विद्रोही भावना जन्मिएका कमरेड चौधरीले २००८ देखि राजनीतिक सम्पर्क पाउनु भयो । आफ्नो राजनीतिक पृष्ठभूमिको सन्दर्भमा उहाँ भन्नुहुन्छ- 'म २००८ सालमा कमरेड नारायणप्रसाद शर्मा (नाराण गुरु), मास्टर चिन्तामणि ज्ञवाली, खीलानन्द वलीमार्फत कम्युनिस्ट पार्टीको सम्पर्कमा पुगेँ । उहाँहरूले नै मलाई व्यवस्थित रूपमा राजनीति सिकाउनुभयो । ०११ सालमा बैरबटा, ढाटु चौधरीको घरमा भूमिगत रूपमा दाङको कम्युनिस्ट पार्टीको पहिलो जिल्ला अधिवेशन भएको थियो । म त्यो अधिवेशनबाट जिल्ला कमिटीको सदस्य भएको थिएँ । त्यतिखेरको पार्टीको मुख्य उद्देश्य नै किसान आन्दोलनलाई सशक्त गराउने थियो ।'

दाङ् कम्युनिस्ट पार्टीको इतिहास सधैँ किसान आन्दोलनसँग गाँसिएको छ । त्यहाँ विभिन्न समयमा आन्दोलन र विद्रोहहरू भएका छन् । त्यसै सवालमा कुराकानी गर्दा कमरेड चौधरी भन्नुहुन्छ- 'सबैभन्दा पहिले ०११ सालमा दाङ-गैरागाउँ, गुलरिया, रतनपुरमा किसान आन्दोलन सुरु भएको थियो । त्यो आन्दोलनले किसानहरूमा अधिकारप्रतिको जागरण र सङ्गठित भावनाको विकास गराएको थियो । त्यसैगरी ०१७ साल श्रावणमा बेलुवा बञ्जाडीको किसान आन्दोलन भएको थियो । त्यस आन्दोलनमा तत्कालीन किसान नेता ऋषिराम चौधरी, ढाटुराम चौधरी, मोतीराम चौधरी, गुम्राहा चौधरीको समेत नेतृत्व थियो । जग्गाधनी र मोहीको सर्तसम्बन्धी विवादबाट सुरु भएको त्यो किसान आन्दोलन सशक्त रूपमा चर्केको थियो । तर, प्रशासन र जमिनदारको चर्को दमनले ०१७ साल श्रावण ६ गते त्यसै आन्दोलनमा गुम्राहा चौधरी सहिद हुनुभयो ।'

किसान आन्दोलनकै सन्दर्भमा उहाँ थप्नुहुन्छ- 'पटक-पटक प्रशासनले जनतालाई दमन गरेर सामन्त, जमिनदार र ठालुहरूलाई साथ दिने परम्परा नै बसायो । तर, त्यो दमनले पनि किसानको सङ्गठित अभियान बन्द भएन । निरन्तरको प्रयासपछि ०३६ सालमा फेरि करजाई किसान आन्दोलन भयो, जसलाई करजाई काण्डको रूपमा पनि बुझिन्छ । त्यो पनि जमिनदारविरोधी आन्दोलन नै थियो । त्यो आन्दोलन तत्कालीन नेकपा (माले) को नेतृत्वमा भएको थियो । त्यतिखेर पनि आन्दोलन दबाउन सेनाको समेत प्रयोग गरिएको थियो । सेनाको बन्दुक र गोलीसँग त्यहाँका दर्जनौँ किसान महिलासमेत भिडेका थिए । दाङको किसान आन्दोलनका क्रममा त्यो ज्यादै सशक्त र चर्चित आन्दोलन थियो, जसलाई दबाउन प्रशासनले ठूलै शक्तिको प्रयोग गरेको थियो । यो आन्दोलनको इतिहाससँग दाङका किसान महिलाको जुझारु इतिहास पनि गाँसिएर आउछ ।'

यसरी पटक-पटक भएको आन्दोलनलाई प्रशासनले दमन गरे पनि त्यहाँका किसानहरू सचेत र जागरुक हुँदै गए । अझ सशक्त रूपमा सङ्गठित भए र आफूमाथिका अत्याचारको प्रतिकार गर्न थाले, जसको परिणाम क्रमशः किसानमाथि हुने जमिनदारी उत्पीडन घट्दै गयो र किसानले थोरै भए पनि आत्मसम्मानको अनुभूति गर्न थाले ।

पार्टी र सङ्गठनको जिम्मेवारी वहन गर्ने क्रममा कमरेड चौधरी आन्दोलनको मैदानसँगसँगै पार्टीकै नीतिअनुसार बेलाबेलामा संसदीय राजनीतिक फाँटमा समेत सामेल हुनुभएको छ । त्यतिखेर पार्टीको पञ्चायतलाई उपयोग गर्ने नीति र निर्देशनअनुसार कमरेड चौधरी ०२३ सालदेखि ०३० सालसम्म राउत गाउँ, गाउँ पञ्चायतको प्रधानपञ्च भएर जिम्मेवारी पूरा गर्नुभयो । त्यसैगरी, ०३५ साल देखि ०३६ साल सम्म एक वर्ष त्रिभुवन नगरपालिकाको उपप्रधानपञ्च भएर पनि काम गर्नुभयो । एक वर्षपश्चात् पार्टीकै निर्देशनअनुसार राजीनामा दिनुभयो । पुनः ०३८ सालदेखि ०४५ सालसम्म पार्टीकै निर्देशन र परामर्शमा त्रिभुवन नगरपालिकाको सदस्य पदमा रहेर काम गर्नुभयो ।

राजनीतिक जिम्मेवारीको क्रममा उहाँ ०३६ सालमा २३ महिना र ०४५ सालमा १५ महिना राजकाज मुद्दामा जेल पर्नुभएको छ । पार्टीको आवश्यकता र नीतिअनुसार उहाँले जस्तो पनि भूमिका निभाउन तत्पर हुनुहुन्थ्यो । चौधरीको राजनीतिक जीवनको सवालमा पार्टी स्थायी कमिटीका सदस्य युवराज ज्ञवाली भन्नुहुन्छ- 'दाङ जिल्लामा थारु समुदायमाझ कम्युनिस्ट पार्टीलाई स्थापित गराउनका लागि चौधरीको अग्रणी भूमिका रहेको छ । उहाँ थारु समुदाय मात्र होइन, सिङ्गो किसान समुदाय र दङ्गाली जनतामाझ स्थापित पुरानो कम्युनिस्ट व्यक्तित्व हो । उहाँ सधैँ पार्टीको आवश्यकता र निर्देशनअनुसार जिम्मेवारी पूरा गर्न तत्पर भइरहनुभयो । कहिल्यै पनि, जस्तै अप्ठ्यारोमा पनि प्रतिक्रियावादीसामु घुँडा टेक्नुभएन । कुनै लोभ-लालचामा फस्नुभएन । पार्टीमा कुनै पद पाएका बेला र नपाएका बेला नभनी दशकौँदेखि उहाँ निरन्तर रूपमा कम्युनिस्ट आन्दोलनमा जुटिरहनु भयो र अहिले पनि उहाँ दङ्गाली कम्युनिस्ट आन्दोलनको प्रेरणाश्रोत बनिरहनुभएको छ ।'

चौधरीको २००६ सालमा सम्पत्ति चौधरीसँग विवाह भयो । अहिले उहाँका दुई छोरा र तीन छोरी छन् । उनीहरूको विवाहसमेत भइसकेको छ । ०५० सालमा चौधरीले पत्नीको निधनबाट वियोगको पीडा खप्नुपऱ्यो । अहिले उहाँ दाङ, घोराहीमा आफ्ना छोरा-बुहारीका साथ हुनुहुन्छ । सामान्य आर्थिक पृष्ठभूमि भएका किसान नेता चौधरीको अहिले अढाइ बिघा जमिन छ । त्यसैबाट परिवार चलेको छ । धेरै नेपाली जनताको तुलनामा आफ्नो दुईछाक खान-लगाउन पुग्ने अवस्था छ भनेर उहाँ सन्तोष मान्नुहुन्छ । आफ्नो लामो जीवनकालको अनुभवमा गौरव गर्दै उहाँ भन्नुहुन्छ- 'मैले पार्टी र सङ्गठनका लागि जति काम गरेँ, इमानदारीसाथ गरेँ । मलाई लोभ्याउन र किन्न प्रशासन र प्रतिक्रियावादीहरूले पटक-पटक कोसिस गरेका थिए । तर, म कहिल्यै स्वार्थका पछि लागिनँ र लोभ-लालचामा फसिनँ । मैले जस्तै अप्ठ्यारो र दुःखको परिस्थितिमा पनि आफ्नो स्वाभिमानलाई बचाई राखेँ । त्यसैले गर्दा आज पनि मलाई मध्यपश्चिम र सुदूरपश्चिमका पुराना किसानहरूले चिन्छन् । म यसैमा गौरव गर्छु । पार्टी भनेको घर हो, नेता र कार्यकर्ता भनेको परिवार हो । त्यहाँ कहिलेकाहीँ चित नबुझेर झगडा पनि हुन्छ अनि त्यहीँ धेरै माया पनि हुन्छ । म पनि त्यही परिवारको एउटा सदस्य हुँ र मैले पनि पार्टीमा लागेकै हुनाले सबैको माया र यो पहिचान पाएको हो ।'

जीवनका अनगिन्ती उकाली-ओराली पार गर्दै आउनुभएका कमरेड चौधरी अहिले पनि पार्टीको अञ्चल समन्वय समितिको सल्लाहकार, अनेकिसङ्घको जिल्ला सल्लाहकार र थारु कल्याणकारी समाजको सल्लाहकार हुनुहुन्छ । उहाँ थाक्नुभएको छैन, पार्टी र सङ्गठनको काम गरेर । तर पनि, एउटा व्यक्तिको निजी जीवन पनि त हुन्छ नि ! तर, मानवीय जीवनका अनुभूतिबाट टाढा भाग्न को सक्छ र ? कमरेड चौधरीको पनि त्यस्तै अनुभूति छ । उहाँकै शब्दमा- 'एकपटक म अकस्मात् केही समयका लागि पार्टीको काममा गोरखपुर खटिएको थिएँ । त्यतिखेर मेरी श्रीमतीको काखमा चार महिनाको छोरो थियो । म त्यहाँबाट फर्कंदा यता छोरो बितिसकेछ । त्यो घटनाले मलाई साह्रै दुःखी बनायो र धेरै समय आफैँले आफूलाई क्षमा गर्न नसकेझैँ भयो । त्यसपछि ०५० सालमा पत्नीको निधन भयो, मलाई त्यसले ठूलै चोट पऱ्यो । त्यसपछि मैले आफूलाई साँच्चै एक्लो भएको अनुभव गरेँ । अनि, दुःख-सुखमा पत्नीबाट पाएको माया, सहयोग र प्रेरणाको महत्त्व अझ धेरै त्यतिखेर थाहा पाएँ ।'
तर, निजी जीवनका अनुभूति जे-जस्ता भए पनि उहाँ फेरि पनि भन्नुहुन्छ- 'हामी कम्युनिस्टहरू सधैँ आशावादी हुन्छौँ । अप्ठ्यारो र विपत्तिमा दुःखी भए पनि विचलित भने हुनुहुँदैन । यही आदर्शले म पनि बाँचिरहेको छु । म एकदिन कम्युनिस्ट पार्टीको विजय देख्ने आशामा छु । तर, अहिले पार्टीको अवस्था पहिलेजस्तो छैन । हिजोको समयमा आजभन्दा धेरै अप्ठ्यारो अवस्था थियो तर पनि जनतालाई जागरुक गराउन पार्टी र सङ्गठन निर्माण गर्न हामी झोलामा चामल र मकै बोकेर प्रत्येक गाउँ-गाउँ पुग्थ्यौँ । जनताको मन र भावना जितेका थियौँ । जनताले आफू नखाएर पनि हामीलाई ख्वाउने गर्थे । जनताको माया र श्रद्धाले हामीलाई उत्साही बनाउथ्यो र जस्तोसुकै दमन र अप्ठ्यारोलाई पनि चिर्ने साहस आउँथ्यो । अहिले पार्टीपङ्क्तिमा पार्टी-सङ्गठनप्रति त्यो भावना, लगनशीलता, इमानदारी, प्रतिबद्धता र माया भएझैँ लाग्दैन र जनताको श्रद्धा र माया पनि पहिलेजस्तो छैन । अहिले पार्टी सहरमुखी भएको छ । यसमा सुधार हुनुपर्छ, कम्युनिस्ट पार्टीको आधार भनेको गाउँ नै हो । कार्यकर्ताहरू इमानदार निस्वार्थ हुनुपर्छ र पार्टीको काम गाउँमा केन्द्रित हुनुपर्छ । एकदिन सफलता पाउने छौँ ।'
■

# औद्योगीकरणका समस्यामाथि बहस

औद्योगीकरण विकासको मेरुदण्ड हो । रोजगारयोग्य जनशक्तिलाई परम्परागत कृषिक्षेत्रबाट निकाली उनको आम्दानी बढाइदिने र आम्दानी बढेको कारणले बजार, बचत तथा थप लगानी बढ्ने भएकाले औद्योगीकरणलाई अर्थतन्त्रको आधार मानिएको हो । बेलायतलाई अठारौँ शताब्दीमा औद्योगीकरणले नै विश्वविजेता बनाउने, उन्नाइसौँ शताब्दीमा फ्रान्स, जर्मनी, अमेरिका आदि

देशहरूलाई सम्पन्न बनाउने, बीसौँ शताब्दीको पूर्वार्द्धमा जापान तथा सोभियत सङ्घलाई सुदृढ बनाउने तथा बीसौँ शताब्दीको उत्तरार्द्धमा पूर्वी एसिया तथा अन्य कतिपय देशहरूलाई सक्षम बनाउने औद्योगीकरण नै हो। औद्योगीकरणको माध्यमद्वारा नै एक्काइसौँ शताब्दीमा चीन, भारत, ब्राजिल तथा तेस्रो विश्वका कतिपय देशहरू संसारका शक्ति राष्ट्रका रूपमा विकसित हुने तयारी गर्दैछन्। त्यसैले औद्योगीकरण र आर्थिक विकास एकअर्काका परिपूरकका रूपमा रहेका छन् भन्दा अत्युक्ति हुँदैन।

हाम्रो देश नेपालमा पनि औद्योगीकरणका लागि प्रयासहरू भएका देखिएका छन्। आजभन्दा करिब ७० वर्षअघि सुरु भएको यस प्रयासले विभिन्न उकाली-ओरालीहरू पार गर्दैछ तर यसको गति चिप्लेकीराको हिँडाइजस्तो भएको छ। यस सम्बन्धमा १० वटा योजनाहरूले तयार पारेका थुप्रै आकाङ्क्षाहरू झन्डै शून्यमा रहेका छन्। अहिले पनि हाम्रो देशमा उद्योगले कुल गार्हस्थ उत्पादनमा झन्डै १० प्रतिशत मात्र योगदान गर्छ भने यसले प्रदान गर्ने रोजगारी थोरै मात्र रहेको छ। औद्योगीकरणको कमजोरीका कारणले हाम्रो निर्यात-आयातको तुलनामा झन्डै आधा मात्र रहेको छ। भएका उद्योगहरूले पनि अत्यन्त न्यून (२३ प्रतिशत मात्र) मूल्य अभिवृद्धि गर्दछन्। बेरोजगार र अर्धबेरोजगारको सङ्ख्या बढ्दैछ तर यसले रोजगारी दिन सकेको छैन। अनुत्पादक क्षेत्रमा भएको लगानी हेर्दा देश सम्पन्न भइसकेको जस्तो देखिन्छ तर उद्योगको स्थिति जस्ताको तस्तै छ। यस क्षेत्रलाई भजाउनेहरू त धेरै होलान् तर यसका बारेमा चिन्तन गर्ने व्यक्तिको पनि अभाव छ।

नेपालको उद्योग नगरी विराटनगरबाट विगतको संसद्मा प्रतिनिधित्व गर्नु भई पटकपटक देशको अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका नेकपा (एमाले) स्थायी समिति सदस्य भरतमोहन अधिकारीले भने यस सम्बन्धमा थुप्रै चिन्तन गर्नुभएको रहेछ भन्ने कुरा रत्नपुस्तक भण्डारले भर्खरै प्रकाशित गरेको *नेपालमा औद्योगीकरणका समस्या* भन्ने पुस्तकबाट थाहा हुन्छ। यस पुस्तकले नेपालमा औद्योगीकरणको इतिहास, वर्तमान स्थिति, औद्योगीकरणका समस्याहरू, विश्वव्यापार सङ्गठनको सन्दर्भमा नेपालको औद्योगीकरण, औद्योगिक विकासका लागि आवश्यक सोचहरू र नेपालले औद्योगीकरणका लागि ध्यान दिनुपर्ने क्षेत्रहरूलाई समेटेको छ। पुस्तकमा जम्मा छ परिच्छेदहरू छन्, जसमध्ये पहिलो परिच्छेदमा नेपालमा उद्योगको इतिहास, विभिन्न योजनाहरूमार्फत औद्योगीकरणको प्रयास, वर्तमान औद्योगिक वातावरण, सरकारी नीति तथा व्यवस्थाका सम्बन्धमा चर्चा गरिएको छ भने दोस्रो परिच्छेदमा विश्व तथा नेपालको वर्तमान आर्थिक एवम् औद्योगिक अवस्था, निजी तथा सरकारी क्षेत्रका औद्योगीकरणको अवस्था, वैदेशिक लगानीको अवस्था आदिका बारेमा छलफल गरिएको छ। यसैगरी, तेस्रो परिच्छेदमा नेपालमा औद्योगीकरणका समस्याहरूका बारेमा तथ्य-तथ्याङ्कहरू प्रस्तुत गरिएको छ, जसले सरकारी नीतिगत समस्या, भौतिक पूर्वाधारको अभाव, बजार समस्या, औद्योगिक वातावरणसम्बन्धी समस्या, वित्तीय अभाव, राजनीतिक अस्थिरता र शान्ति-सुरक्षाको अभाव आदिलाई समेटेको छ भने चौथो परिच्छेदमा विश्व व्यापार सङ्गठन, साफ्टा र बिमस्टेकको अवस्थामा औद्योगीकरणको स्थिति के हुने भन्नेबारेमा चर्चा गरिएको छ। पाँचौँ परिच्छेदले भावी दिनहरूमा औद्योगीकरणका लागि कुनकुन क्षेत्रमा सुधार गर्नुपर्छ भन्ने देखाएको छ भने छैटौँ परिच्छेदले कुनकुन वस्तुमा केन्द्रित रहनुपर्छ भनेको छ।

पुस्तक मूलतः पाँच पक्षका लागि अति उपयोगी देखिन्छ। पहिलो, यस पुस्तकमा नेपालको औद्योगीकरणको इतिहास र वर्तमान अवस्थाका बारेमा विशद् चर्चाहरू गरिएकाले अध्ययन-अध्यापनमा लाग्नेहरूका लागि यो अत्यन्त महत्त्वपूर्ण सावित हुनेछ। वर्तमान परिप्रेक्ष्यलाई समेत समेटिएको यस किसिमको पुस्तक बजारमा अहिले यसबाहेक अरू छैनन्। दोस्रो, नेपालको वर्तमान औद्योगिक स्थितिका बारेमा अध्ययन गर्न चाहनेहरूका लागि पनि यो पुस्तक महत्त्वपूर्ण छ। यसमा कतिपय महत्त्वपूर्ण सामग्रीहरू समावेश छन्। तेस्रो, नीति-निर्माताहरूका लागि पनि यो पुस्तक उपयोगी सावित हुनेछ। वर्तमान समस्याहरूका बारेमा विशद् चर्चा गरिएकाले ती समस्याहरूको समाधानका लागि पुस्तकले समाधान पनि प्रस्तुत गरेको छ। चौथो, पुस्तकले कतिपय उद्योगी-व्यवसायीहरूलाई लगानी गर्न उत्साह दिने हिसाबले तुलनात्मक लाभको क्षेत्र पनि खुट्याएको छ। यस अर्थमा उद्योगी व्यवसायीलाई यसले मार्गदर्शनको काम पनि गर्छ। पाँचौँ, नेपालको औद्योगीकरणका सन्दर्भमा सामान्य जानकारी राख्न चाहनेका लागि पनि यसले मद्दत गर्छ।

पुस्तकमा केही कमजोरीहरू पनि रहेका छन्, जसलाई लेखकले भावी दिनमा सुधारेमा पुस्तक अझ महत्त्वपूर्ण हुनजाने देखिन्छ। पहिलो, किताबको मूल्य दुई सय ९५ रुपियाँ राखिएकाले नेपाली पाठकहरूका लागि केही बढी देखिन्छ। दोस्रो, पुस्तकमा दिइएका परिच्छेदहरू र त्यसभित्र दिइएका कतिपय शीर्षकहरूबीच तालमेल नभएको जस्तो देखिन्छ। यसलाई पुनः समायोजन गर्नु राम्रो हुन्छ। तेस्रो, पुस्तक अनुसन्धानमूलक भएर पनि त्यसमा कुन सामग्री कुन स्रोतबाट ल्याइएको हो भन्ने नखुलाइएकाले यसको महत्त्व घटेको छ। अनुसन्धानात्मक किताबमा यस किसिमले पाठ्यसामग्री प्रस्तुत गर्नु लेखक-धर्मविरुद्ध मानिन्छ। चौथो, भरतमोहन अधिकारीजत्तिको व्यक्तिबाट तयार भएको पुस्तक मूलतः राजनीतिक अर्थशास्त्रको परिप्रेक्ष्यबाट आएको भए त्यसको बेग्लै महत्त्व हुने थियो, जुन पुस्तकमा हुनसकेको छैन। पुस्तक राजनीतिक कम, प्राविधिक बढी देखिन्छ। पाचौँ, नेपालमा औद्योगीकरणका समस्याहरूका बारेमा चर्चा गर्दा भरतमोहन अधिकारीले केही बुँदाहरू छुटाउनुभएको छ, जसमा नेपाली सामन्ती वर्गको (मूलतः पृथ्वीनारायण शाहपछिको राणा र शाहतन्त्र तथा त्यसको नाउँबाट खानेहरू) सूदखोर **(Rent Seeking)** प्रवृत्ति जिम्मेवार रहेको छ, जसले गर्दा असली उद्यमीहरूको विकास हुन सकेन। दुःख नगरी र जोखिम नउठाई मुनाफा कमाउने यो प्रवृत्ति अहिले पनि नेपालमा विद्यमान छ। अंशियारहरूलाई मारेर प्रमोटरहरूले धन कमाउने, दीर्घकालीन लगानीभन्दा तत्कालीन मुनाफालाई ध्यान दिने, नेपालमा आर्जन गरेको रकम विदेशमा राख्ने आदि कारणले नेपालमा औद्योगिक संस्थाहरू खुल्न नसकेका हुन्। राणाकालमा राणाहरूले र शाहकालमा शाहहरूले स्वतन्त्र रूपको पुँजीपति वर्गको विकास हुन नदिई मुनाफामूलक परियोजनाहरूमा आफैँ वा आफ्ना आसेपासेहरूको नाउँमा उद्योग अगुवाइमा र पञ्चायतीकालमा दरबारको सहभागितामा उद्योग खुल्ने र सरकारी सुविधामार्फत तत्काल फाइदा आर्जन गर्ने प्रवृत्ति विकास हुनु पनि उद्योगको विकास हुन नसक्नुको अर्को कारण हो। नेपालका सोल्टी, अन्नपूर्णलगायत होटलहरू, रक्सी, चुरोट तथा चिया उद्योगहरूमा दरबारको लगानी हुनु यसको उदाहरण हो। अहिलेको शाहीशासनलाई व्यापारिक क्षेत्रबाट समर्थन हुनु, भर्खरै मात्र भन्सार दरबन्दीको खेलबाट तस्करी अर्थव्यवस्थालाई बढाउने नीति लिनु आदि पनि यसका उदाहरणहरू हुन्। नेपाली जनतामा रहेको बचततर्फ भन्दा मोजमस्तीतर्फ ध्यान दिने प्रवृत्ति पनि नेपालको ढुकुटीबाट करोडौँ रकम लिई उडाउने प्रवृत्तिसँग गाँसिएको छ। यी विविध कुराहरूमा लेखकको थोरै ध्यान गएको भएता पनि पुस्तकमा जुन हिसाबले चर्चा हुनुपर्ने थियो, त्यसअनुसार हुन सकेको छैन।

जेहोस्, जुन मिहिनेतका साथ लेखकले पुस्तक तयार गर्नुभएको छ, त्यसका लागि मुरीमुरी बधाई छ । नेपाली पाठकले भविष्यमा थप पुस्तकहरू पढ्न पाऊन्, लेखक अधिकारीलाई हामी पाठकहरूले यही शुभकामना दिऊँ ।

**– डा. पुष्प कँडेल**

# afRn]6n] afrf k"/f uln{g\ <

**' अग्निशिखा**

**लो**कप्रिय समाजवादी राष्ट्रपति साल्भाडोर एलेन्डेलाई आत्मसमर्पण गरेको खण्डमा अन्यत्र पलायन हुन उडानका लागि हवाईजहाज नै उपलब्ध गराइने प्रस्ताव राखिएको थियो । तर, सैनिक 'कू' को मतियारहरूको त्यस प्रस्तावलाई घृणापूर्वक तिरस्कार गर्दै स्वाभिमानी एलेन्डेले भनेका थिए- 'गद्दारहरूसँग म यसबारे कुनै कुरा गर्न चाहन्न ।' 'कू' को समयमा उनी फिडेल क्यास्ट्रोले उपहार दिएको सबमेसिनगन उठाएर लडेका थिए र आफू मारिनुअघि भनेका थिए- 'मेरो मृत्यु विश्वासघात र कायरताका लागि नैतिक पाठ हुनेछ ।' चिलीको दुःखद गाथा यस्तै छ ।

तानाशाहीका पृष्ठपोषक सेनाद्वारा गरिएको त्यस 'कू' को समयमा राष्ट्रपति एलेन्डेको निवासमा समेत बम बर्साइएको थियो । एक दर्जनभन्दा बढी गोली हानेर एलेन्डेलाई मारिएको थियो । 'कू' गरिएको एक साताभित्रैमा राजाबन्दीहरूको सङ्ख्या पचास हजारसम्म पुगेको थियो र सेनाको 'न्यायिक' गोप्य कारबाहीमा दुई हजार जनता मारिएका थिए । टेक्निकल युनिभर्सिटीमा आत्मसमर्पण नगर्ने तीन सय विद्यार्थीलाई एकै खेपमा मारिएको थियो । चिलीको कत्लेआम र दमनको गाथा यस्तै छ ।

एलेन्डेका मित्र विश्वविख्यात् कवि पाब्लो नेरुदाको घरमा समेत सैनिकहरूले छापा मारेका थिए । त्यसबखत नेरुदाले ती आततायी सैनिकहरूलाई भनेका थिए- 'तिमीहरूले खोजेका हतियार यहाँ छैनन्, शब्दका हतियार मात्र छन् ।' नेरुदा, जसले सैनिक तानाशाहीको सन्दर्भमा लेखेका थिए- 'जनरलहरूलाई प्रजातन्त्रको नाममा प्रजातन्त्रलाई नै सिध्याउन 'कू' गर्न लगाइन्छ । स्वतन्त्रताको नाममा सबै स्वतन्त्रता खोस्न लगाइन्छ ।'

एलेन्डेको हत्या भएको बाह्रौँ दिनमा नेरुदाको निधन भएको थियो । निधनपछि पनि नेरुदाको कलमप्रतिको तानाशाही सत्ताको रिस मरेको थिएन । तानाशाह पिनोसेका बर्दीधारी गुण्डाहरूले नेरुदाको घरलाई तहस-नहस पारेका थिए । बहुमूल्य किताब तथा पाण्डुलिपि जलाएका थिए । तर, नेरुदा र एलेन्डेप्रतिको जनताको सम्मान र सम्झनालाई गुण्डाहरूले जलाउन सकेनन् । चिलीको लोकतन्त्र र लोकतान्त्रिक योद्धाहरूप्रतिको अटुट विश्वासको गाथा यस्तै छ ।

'कू' को दिनमा नै प्रसिद्ध जनगायक भिक्टर जारालाई सैनिकहरूले गिरफ्तार गरेका थिए । चार दिनसम्म उनलाई चरम यातना दिइयो । करेन्ट लगाइयो । हात भाँचियो, नाडी भाँचियो । आततायी सैनिकहरू जाराको हात भाँचेर गितार बजाउन अह्राउँथे । जाराले गितार बजाइरहे । सङ्घर्ष र प्रतिरोधका गीतहरू गाइरहे । जीवन कुन क्षण टुङ्गिने हो, थाहा थिएन । तैपनि, मुक्तिकामी जनताका विश्वप्रसिद्ध गीत 'हामी जित्नेछौँ एक दिन' गाइरहे । कति डराउँदा रहेछन् बन्दुकमा ठडिएका, सैनिकको बर्दी ओढाइएका बुख्याचाहरू स्वतन्त्रताको आवाज, सङ्गीत, गायन र कलमसँग ! आखिर जारालाई हिरासतमा नै मेसिनगनले भुटेर मारियो । चिलीको स्वतन्त्रता प्राप्तिको बलिदानी गाथा यस्तै छ ।

तानाशाहहरूले अजम्मरी सत्ताको बुटी खाएका हुँदैनन् । तानाशाह पिनोसेले कुनै बेला सत्ताको उन्मादमा भनेका थिए- 'मेरो जानकारीबिना यहाँ रूखको पातसमेत हल्लिँदैन ।' तर, आज सत्ताबिनाका उनी बङ्गारा झरेको बूढो नरभक्षी बाघझैँ देखिन्छन् । थरथर काँप्दै लन्डन र सान्टिएगोमा ओहोर-दोहोर गर्छन् । अदालतको कठघरामा उभिन बाध्य भएका छन् । 'कुत्सित' हरूले जतिसुकै बोकून् आफ्ना काँधमा तानाशाहहरूलाई, तिनको नियति एकदिन जनताका सामु शिर निहुराएर, तिरस्कृत भएर झोक्राउँदै भौँतारिनु नै हो ।

'कू' को ३२ वर्ष बितेपछि र पिनोसेको पतनको १५ वर्षपछि चिलीमा समाजवादी पार्टीकी भेरोनिका मिचेल बाच्लेट जेरिया राष्ट्रपतिमा विजयी भएकी छन् । उनी कन्सर्टेसियों गठबन्धनका तर्फबाट उम्मेदवार भएकी थिइन् । नव-उदारवादी नीति बोकेको यो गठबन्धनले पिनोसेको पतनयता १५ वर्ष शासन सञ्चालन गरिसकेको छ । चिलीको प्रथम महिला राष्ट्रपति बनेर मिचेलले इतिहासमा आफ्नो नाम लिपिवद्ध गरेकी छन् । निर्वाचनमा उनले अर्बपति व्यवसायी तथा पूर्वसिनेटर सेवास्टियन

पिनोसेलाई पराजित गरेकी हुन् । यसअघिको सरकारमा उनी स्वास्थ्य र रक्षामन्त्री थिइन् र चिलीको मात्र नभएर ल्याटिन अमेरिकी महादेशकै इतिहासमा रक्षामन्त्री बन्ने पहिलो महिला पनि बाच्लेट नै हुन् ।

बाच्लेटको जन्म २९ सेप्टेम्बर १९५१ मा राजधानी सान्टिएगोमा भएको हो । उनकी आमा एन्जेला गोमेज मानवशास्त्री थिइन् भने पिता अल्बर्टो मार्टिनेज वायुसेनाका जनरल थिए । त्यसैकारण, बाच्लेटको परिवारलाई एउटाबाट अर्को सैनिक अखडामा घरिघरि सर्नुपरेको थियो । अमेरिकाको वाशिङ्टनस्थित चिलीयन राजदूतावासको मिल्ट्री मिसनमा मार्टिनेजलाई खटाइएपछि परिवार अमेरिकामा गएको थियो । पछि, चिलीमा फर्केपछि उनी स्कुलको साङ्गीतिक मण्डलमा सामेल भइन्, साङ्गीतिक समूह 'लास क्ल्याप क्ल्याप' को स्थापनामा सघाइन् । भलिबलमा रुचि राख्ने उनी पढाइमा समेत अब्बल थिइन् । समाजशास्त्रको अध्ययन गर्न चाहने बाच्लेट पिताको आग्रहले गर्दा चिली युनिभर्सिटीमा चिकित्साशास्त्र पढ्न थालिन् ।

पिनोसे सत्तामा आएपछि पिता सैनिक जनरल नै भए पनि बाच्लेट परिवारलाई तानाशाही शासनले डस्यो । पिता मार्टिनेजलाई राजद्रोहको अभियोगमा हवाईयुद्ध प्रतिष्ठानमा बन्दी बनाएर राखियो । पछि, सान्टिएगोको कारागारमा राखिएका उनलाई महिनौँसम्म दिनहुँ चरम यातना दिइयो । अन्ततः उनको मृत्यु भयो । १० महिनापछि १९७५ मा बाच्लेट र उनकी आमालाई राजधानीको कुख्यात गोप्य बन्दीगृह 'भिल्ला ग्रिमाल्डी' मा थुनेर यातना दिइयो । त्यसै वर्ष आमा-छोरीलाई अस्ट्रेलियामा निर्वासित गरियो ।

बाच्लेट र उनकी आमाले पूर्वी जर्मनीमा बसोवास गर्ने निर्णय गरे । बाच्लेटले बर्लिनको हम्वोल्ट युनिभर्सिटीमा दुई वर्ष चिकित्साशास्त्रको अध्ययन गरिन् । उनले डाभालोससँग विवाह गरिन् । र, उनीहरूको पहिलो छोरा सेवास्टियन जन्म्यो । १९७९ मा बाच्लेट स्वदेश फर्किन् । त्यतिखेर सेनाको नियन्त्रणमा रहेको चिली युनिभर्सिटीले बर्लिनमा बाच्लेटले गरेको अध्ययनलाई मान्यता दिएन । जसले गर्दा उनले चिकित्साशास्त्रको अध्ययनलाई पुनः अगाडि बढाउनुपर्ने भयो ।

१९८३ मा उनले चिकित्साशास्त्रमा एमडी (सर्जन) उपाधि प्राप्त गरिन् । यसै समयमा उनी गैरसरकारी संस्थाहरूमा समेत काम गर्न थालिन् र तानाशाही शासनमा यातना पाएका र बेपत्ता पारिएकाका सन्तानहरूको मद्दत गर्न जुटिन् । दोस्रो सन्तान फ्रान्सिस्काको जन्मपछि बाच्लेट-दम्पतीबीच पारपाचुके भयो । त्यसपछि करिब दुई वर्षसम्म सशस्त्र विद्रोही समूह 'म्यानुएल रोड्रिगेज पेट्रोटिक फ्रन्ट' का प्रवक्ता अलेक्स भोज्कोभिचसँग उनको प्रेम सम्बन्ध चल्यो । यो समूहले १९८६ मा पिनोसेको हत्याको प्रयास गरेको थियो । गत निर्वाचनमा बाच्लेटविरुद्ध यो मुद्दालाई पनि उछालिएको थियो । तर, उनले आफ्नो पूर्वप्रेमीका कुनै पनि गतिविधिलाई आफूले समर्थन नगरेको बताएकी थिइन् ।

१९९० मा चिलीमा प्रजातन्त्रको पुनःवहालीपछि उनी स्वास्थ्य मन्त्रालयका लागि काम गर्न थालिन् । यसबाहेक, विश्व स्वास्थ्य सङ्गठन र जर्मन प्राविधिक सहयोग (जीटीजेड) को काम पनि गरिन् । चिकित्सक अनिवल हेन्रीक्वेजका तर्फबाट तेस्रो सन्तानका रूपमा उनले छोरी सोफियालाई जन्म दिइन् । बाच्लेटले सैन्यविज्ञानमा चिलीको युद्ध प्रतिष्ठानबाट मास्टर्स उपाधि पनि हासिल गरेकी छन् ।

जुनबेला तानाशाह पिनोसेको ज्यान लौरोमा अडेस लागेको छ, उनैको तानाशाही शासनमा यातनाग्रस्त बाच्लेट भने राष्ट्रपतिको कुर्सीमा पुगेकी छन् । उनी, युनिभर्सिटीको विद्यार्थी हुँदा नै सोसलिस्ट युथको सदस्य थिइन् । त्यसपछि उनी सोसलिस्ट पार्टीमा आबद्ध भइन् र १९८० को दशकको उत्तरार्द्धमा राजनीतिक रूपमा सक्रिय रहिन् । प्रजातन्त्रको पुनःवहालीको लडाईंमा समर्पित भइन् । दश वर्षअघि उनी पार्टीको केन्द्रीय सदस्य भइन् र १९९८-२००० को समयमा पार्टीको पोलिटिकल कमिसनको सक्रिय सदस्य रहिन् । दश वर्षअघि नै लास कोन्डेसको मेयर पदमा चुनाव लड्दा २.३५ प्रतिशत मात्र मत पाएर चौथो स्थान ओगटेकी बाच्लेट आज ५३ प्रतिशत मतका साथ राष्ट्रपतिमा निर्वाचित भएकी छन् ।

राष्ट्रपतिमा निर्वाचित भएपछि आफ्नो पहिलो पत्रकार-सम्मेलनमा बाच्लेटले धनी र गरिबबीचको खाडल पुर्ने प्रतिबद्धता व्यक्त गरेकी छिन् । स्मरणीय छ, ल्याटिन अमेरिकाका मुलुकहरूमा चिलीमा नै यो सबैभन्दा ठूलो खाडल रहेको छ । उनले भनेकी छिन्-'सम्पूर्ण चिलीयनहरूलाई सम्मानित कामको प्रत्याभूति गर्नु नै महत्वपूर्ण कुरा हो । हरेकलाई समान अधिकार र समान अवसर हुनु नै महत्वपूर्ण कुरा हो ।' जनतामा पहुँच स्थापित गर्ने र गरिब तथा सीमान्तिक जनताको ख्याल गर्ने बाच्लेटको व्यवहारले मतदाताहरूलाई अति नै प्रभावित गरेको थियो ।

बाच्लेटले आफ्नो मन्त्रिमण्डलमा आधा संख्या महिलालाई ओगट्न दिने बाचा गरेकी छिन् । यसैगरी, आगामी चारवर्षे कार्यकालमा सामाजिक सुरक्षा र शिक्षालाई बढोत्तरी गर्ने काममा आफू लाग्ने बताएकी छिन् । बाच्लेटको यो विजयले ल्याटिन अमेरिकी महादेशलाई अझ वामपन्थमय बनाएको छ । स्मरणीय छ, अर्जेन्टिना, ब्राजिल, उरुग्वे, भेनेजुएला र बोलिभियामा वामपन्थी शासन छ भने आगामी जुलाईमा संयुक्त राज्य अमेरिकासँगै सीमा जोडिएको मेक्सिकोमा हुने राष्ट्रपति पदको निर्वाचनमा पनि वामपन्थीहरूकै जीत हुने दह्रो अड्कल गरिएको छ ।

नवनिर्वाचित राष्ट्रपति बाच्लेटको लागि पहिलो चुनौती १९८९ मा पिनोसेले थोपरेको निर्वाचन प्रणालीलाई परिवर्तन गर्नु रहेको छ । यो प्रणालीले 'नेशनल कंग्रेस'मा दक्षिणपन्थीहरूलाई आधिपत्य जमाउने अवसर दिएको छ । जबकि, निर्वाचनमा करिब १० प्रतिशत मत प्राप्त गर्ने कम्युनिष्ट पार्टीको त्यसमा प्रतिनिधित्व रहेको छैन । बाच्लेटको लागि अर्को ठूलो चुनौती ट्रेड युनियन आन्दोलनबाट निम्तिने देखिएको छ । ट्रेड युनियनहरू झण्डै दुई दशकदेखि जारी रहेको नवउदारवादी नीतिलाई

उल्टाउने माग गरिरहेका छन् । यसै सन्दर्भमा, चिलीयन कम्युनिष्ट पार्टीका अध्यक्ष गुइलेर्मो टेइलरले वामपन्थीहरूको समर्थन नभएको भए बाच्लेटले चुनाव जित्न नसक्ने स्मरण गराउँदै भनेका छन्- 'जनता र ट्रेडयुनियनकर्मीहरू समक्ष आफूले गरेको बाचा बाच्लेटले पूरा गर्ने छिन् भन्ने हाम्रो आसा छ । यी बाचाहरूको कार्यान्वयन निश्चित गर्न हामी लडाई छेड्दैछौं ।'

बाच्लेटको लागि अर्को चुनौती तानाशाही शासनका अपराधीहरूलाई न्यायको कठघरामा उभ्याउनु हो । यसको लागि ठूलो जनदवाव परिरहेको छ । भलै, पिनोसेले आफ्नो दण्डहीनता गुमाउने घोषणा भैसकेको छ । यस्तो भएमा, राजधानीका कुख्यात यातना केन्द्रमा दिइएको यातना र हत्याको लागि पिनोसेले मुद्दा खेप्नुपर्नेछ । यस स्थितिमा भन्नुपर्ने हुन्छ- संसारका कुनै पनि तानाशाहले मुलुक र शासन-सत्तालाई आफ्नो बपौती नठानून् ।

■

## महिला मजदुर सामाजिक सहायता कोषको स्थापना

# महिला सहभागिता वृद्धिमा थप आयाम

**' विन्दा पाण्डे**

**ने** पाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) ले आफ्ना घटकहरूमा आबद्ध महिला सदस्यको मानवीय र सामाजिक सहायताका लागि महिला मजदुर सामाजिक सहायता कोषको स्थापना गरेको छ । २०६१ सालको मानवअधिकार दिवस (१० डिसेम्बर, २००४) का दिन घोषणा गरिएको यो कोषमा जिफन्टले सुरुमा पचास हजार रुपियाँ जम्मा गरेको छ । सहयोग गर्न चाहने अन्य व्यक्ति वा सङ्घसंस्थाले यसमा योगदान गर्न आह्वान पनि गरिएको छ । महासङ्घको अन्य कुनै विषय वा काममा खर्च नगरिने यस कोषमा डेनमार्कका ट्रेड युनियनकर्मीहरूले समेत व्यक्तिगत योगदान गर्नुभएको छ ।

**कोषको उद्देश्य**

महिला मजदुर सामाजिक सहायता कोष नेपाली श्रमिक महिलाहरूको हितलाई ध्यानमा राखेर स्थापना गरिएको कोष हो । श्रम क्षेत्रमा संलग्न महिलाहरू न्यून आय र थप जिम्मेवारीका कारण शारीरिक, मानसिक, सांस्कृतिक र मनोवैज्ञानिक रूपमा थप समस्या भोग्न बाध्य छन् । यिनै समस्याहरूले गर्दा महिला श्रमिकहरू युनियनमा सङ्गठित हुने र आन्दोलनमा निरन्तर लाग्ने कुरामा समेत पछाडि पर्ने मात्र होइन, थप समस्यासमेत भोग्न बाध्य भएका घटनाहरू प्रशस्त छन् । परिवार र समाजमा महिलाविरुद्ध हुने हिंसा होस् वा कार्यथलोमा गरिने जेन्डर विभेदका कारण पुरुषको तुलनामा थप शोषण र जोखिम उठाउनुपर्ने अवस्था विद्यमान छ । यो परिवेशमा पनि महिलाहरूलाई युनियनमा सङ्गठित हुन थप प्रेरणा दिनुका साथै समस्या पर्दा थोरै भए पनि राहत प्रदान गर्न सकियोस् भन्ने उद्देश्यले यस सहयोग कोषको स्थापना गरिएको हो ।

**सहयोग प्राप्त गर्न सक्ने व्यक्ति**

यस कोषबाट सहायता पाउनका लागि श्रमको कुनै पनि क्षेत्रमा क्रियाशील रहेको श्रमिक महिला नेपाल ट्रेड युनियन महासङ्घअन्तर्गतको कुनै घटक युनियनको सदस्यता लिएको कम से कम एक वर्ष पूरा भएको हुनुपर्छ । यस्ता महिलाहरूले यस कोषबाट सहयोगका लागि राखिएका मापदण्डभित्र प्रक्रियागत रूपमा निवेदन दिन सक्नेछन् । एकपटक सदस्यता लिएको व्यक्तिको सदस्यता अवधि सकिएमा यसलाई समयमा नै नवीकरण गर्नुपर्छ । अन्यथा अवधि सकिएर पनि नवीकरण नभएको अवस्था रहेमा सहयोगका लागि सिफारिस हुन सक्दैन ।

सिफारिसका सम्बन्धित महिलाले आफ्नो समस्या स्थानीय युनियनमा राख्नुपर्नेछ । सहयोग गर्न सकिने वा पर्ने उपयुक्त अवस्था रहेछ भने उक्त व्यक्तिको नाम स्थानीय कमिटीले पहिचान गरी प्रक्रियागत रूपमा सिफारिस अगाडि बढाउनुपर्नेछ ।

सहायता प्राप्त गर्ने प्रक्रिया

- स्थानीय तहका वा प्रतिष्ठानस्तरका युनियनले मापदण्डमा उल्लेख भएअनुसार कुनै समस्यामा परेका महिला श्रमिकको पहिचान गरी उक्त नाम जिल्ला महिला मजदुर विभागमार्फत अञ्चल महिला मजदुर विभागमा सिफारिस गरी पठाउनुपर्नेछ ।
- अञ्चल महिला मजदुर विभागमा क्षेत्रीय महिला संयोजकको राय र जिफन्ट अञ्चल अध्यक्षसहितको बैठकमा उक्त सिफारिसमाथि छलफल गरी सहयोग गर्न आवश्यक ठानेमा निर्णय गरी केन्द्रीय महिला मजदुर विभागमा पठाउनुपर्नेछ ।
- यस्ता सिफारिसको अन्तिम निर्णय जिफन्टको आर्थिक विभाग, सामाजिक सुरक्षा विभाग र केन्द्रीय महिला मजदुर विभागका संयोजक संलग्न तीन सदस्यीय सिफारिस समितिले गर्दछ। यस समितिले 'सहयोग दिन सकिने/नसकिने' निर्णयसहित कति रकम दिने भन्ने निर्णयसमेत गरी आर्थिक विभागमा पठाउँछ ।
- निर्णयको अन्तिम रूपमा कार्यान्वयन गर्ने काम आर्थिक विभागले गर्नेछ ।

सिफारिसका लागि मापदण्ड

निम्नअनुसार तोकिएको मापदण्डभित्र पर्ने महिला श्रमिकहरूले उक्त सहयोगका लागि निवेदन दिन सक्ने छन् :

- द्वन्द्वका कारणबाट आफ्नो गाउँ वा कार्यथलोबाट विस्थापित भएका महिलाहरू, जो त्यसपछि के गर्ने र कसो गर्ने भन्ने उपाय नभइसकेको र गम्भीर रूपमा आर्थिक समस्यामा परेका छन् ।
- सामाजिक कुसंस्कार, कुरीतिलगायत अन्यायमा परी सामाजिक रूपमा सीमान्तीकृत हुन पुगेका वा किनारा लाग्न बाध्य भएका श्रमिक महिला ।
- प्राकृतिक प्रकोपबाट पीडित वा व्यवसायजन्य दुर्घटना वा रोगबाट पीडित भएकालगायत आकस्मिक दुर्घटनामा परेर समस्या भोगिरहेका महिला ।
- परिवारको मूल आम्दानीकर्ता गुमाउन पुगी समस्यामा परेका श्रमिक परिवारका महिला ।
- महिलाविरुद्ध हुने घरेलु वा सामाजिक वा अरू कुनै किसिमको हिंसाबाट पीडित हुन पुगेका महिला ।
- पारिवारिक रूपमा सम्बन्धविच्छेद भएका वा प्रक्रियामा रहेका, विधवा भएका वा एक्लो अभिभावकत्व निर्वाह गर्नुपर्ने अवस्थामा गम्भीर आर्थिक समस्या भोगिरहेका श्रमिक महिला ।
- महिला स्वास्थ्यसम्बन्धी समस्याहरू जस्तो पाठेघर खस्ने, गर्भ तुहिने, गर्भपतन गर्नुपर्ने आदि समस्या र मातृत्व संरक्षणसम्बन्धी समस्यामा परेका महिला ।

सहयोग कोषले समेट्ने क्षेत्र

कोष प्रदान गर्न सक्ने सहयोगका क्षेत्रहरू निम्नअनुसार रहेका छन् :

- खाना, आवास वा लत्ताकपडालगायतका भौतिक सहयोग ।
- बिरामी पर्दाको अवस्थामा औषधोपचार खर्च ।
- अति आवश्यकता परेको अवस्थाका बालबालिकाका लागि सामुदायिक वा सरकारी विद्यालयमा अध्ययनका लागि शैक्षिक सहयोग ।
- विशेष परिस्थिति जस्तै : घरेलु हिंसा, पारपाचुके, सम्पत्तिमाथिको अधिकारलगायत महिलासँग सम्बन्धित अन्य मुद्दामामिलासम्बन्धी कानुनी उपचारको व्यवस्था ।

सहयोगको रकम

यो सहयोग मानवीय सामाजिक सहयोगअन्तर्गत प्रदान गरिनेछ । सामान्यतया यो सहयोग एक व्यक्तिलाई एकपटक मात्र प्रदान गरिनेछ । र, सहयोग प्राप्त गरेको व्यक्तिको विवरण श्रमिक खबरमा प्रकाशित गरिनेछ ।

- यस कोषबाट गरिने आर्थिक सहयोगको रकम सामान्यतया बढीमा प्रति व्यक्ति तीन हजार रुपियाँबराबरको रहनेछ । विशेष परिस्थितिमा पाँच हजार रुपियाँसम्मको सहयोग उपलब्ध हुन सक्नेछ । तर, गम्भीर प्रकृतिको समस्या भई पाँच हजार रुपियाँभन्दा बढी रकम सहयोग उपलब्ध गराउनुपर्ने अवस्था रहेमा सिफारिस समितिको सुझावका आधारमा जिफन्टको सचिवालयले निर्णय गर्न सक्ने र उक्त निर्णयलाई राष्ट्रिय कमिटीमा अनुमोदन गराउनुपर्नेछ ।
- यस कोषमा रहेको सबै रकम सकिएमा महासङ्घले सार्वजनिक रूपमा मानवीय सामाजिक सहयोग बन्द भएको घोषणा गर्नेछ ।

# हालसम्म सहयोग प्राप्त गर्ने व्यक्तिहरू

१. २०५४ सालदेखि नेपाल स्वतन्त्र कार्पेट मजदुर युनियनमा क्रियाशील, नेस्वकामयु २ नं. क्षेत्रीय महिला मजदुर विभागकी सदस्य तथा उमा कार्पेट युनियनकी कोषाध्यक्ष दानमाया राईलाई पथरीको अपरेसनका लागि तीन हजार रुपियाँ सहयोग ।

२. ०५१ सालदेखि नेपाल स्वतन्त्र टेक्सटायल–गार्मेन्ट मजदुर युनियनमा क्रियाशील लुम्बिनी अञ्चल महिला मजदुर विभागकी संयोजक पार्वती गुरुङका श्रीमान् आफ्नै घरमा बसिरहेको अवस्थामा अपरिचित मानिसहरूबाट भएको गोली प्रहारबाट घाइते हुनुभएको थियो र पेटबाट ६२ वटा गोलीका छर्रा एवम् एउटा खोका निकालिएको थियो । यस सन्दर्भमा अपरेसन खर्चका लागि पाँच हजार रुपियाँ सहयोग ।

३. ०५९ सालदेखि पोखरा नुडल्स प्रालिमा क्रियाशील, गण्डकी अञ्चल महिला मजदुर विभागकी सदस्य सरला पौडेल काम गर्दागर्दै चाउचाउ बनाउने मेसिनले हात पेलिएर लागेको चोटको चारपटकसम्म अपरेसन गर्न परेको थियो । तर पनि घाउ निको नभई प्लास्टिक सर्जरी गर्नुपर्ने अवस्था भएकाले चार हजार रुपियाँ सहयोग ।

४. ०३८ सालदेखि निरन्तर रूपमा नेस्वमयुमा क्रियाशील वाग्मती अञ्चल महिला विभाग संयोजक तथा नेस्वटेगामयु जिल्ला कमिटी सदस्य लक्ष्मी थापाको पाठेघरको ट्युमरको अपरेसनका लागि चार हजार रुपियाँ सहयोग ।

५. ०५८ सालदेखि नेस्वटेगामयुमा सङ्गठित ब्लुवर्ड गार्मेन्ट कारखानामा कार्यरत विमला श्रेष्ठको उच्च रक्तश्रावका कारण पाठेघरको अपरेसनका लागि तीन हजार रुपियाँ सहयोग ।

६. ०३८ सालदेखि नेस्वमयु हुँदै नेस्वटेगामयुको नेतृत्व गर्दै आउनुभएकी र हाल जिफन्ट मध्यमाञ्चल क्षेत्रीय संयोजक रहनुभएकी गोमा तिमल्सिनाको पाठेघरको अपरेसनका लागि पाँच हजार रुपियाँ सहयोग ।
■

# नुवाकोटमा चौथो अधिवेशन

विदुर । नेकपा (एमाले) नुवाकोटको सचिवमा पूर्वसांसद राजेन्द्रप्रकाश लोहनी निर्वाचित हुनुभएको छ । गत पुस २२ गते सम्पन्न चौथो जिल्ला अधिवेशनले उहाँको नेतृत्वमा नयाँ जिल्ला नेतृत्व चयन गरेको छ ।

सो अधिवेशनको उद्घाटन एमाले स्थायी समिति सदस्य मोदनाथ प्रश्रितले विदुरमा आयोजित कार्यक्रममा गर्नुभएको थियो । जिल्ला कमिटी सदस्यमा दिनेश अधिकारी, हरि अधिकारी, बुद्धि प्रधान, गोविन्द नेपाली, राजेन्द्ररमण खनाल, विष्णु लोहनी, मुकुन्द आचार्य, रामकुमार बस्नेत, वासुदेव कँडुवाल, दुर्गा वस्ती, ठाकुर पुडासैनी, श्रीकृष्ण खतिवडा, श्रीमान तामाङ, केशव पाण्डे, नारायण खतिवडा, बिन्दा ढुङ्गाना, राम थापा, इन्द्रप्रसाद अधिकारी, श्रीमाया लामा र गोकर्णराज पाठक निर्वाचित हुनुभएको छ भने वैकल्पिक सदस्यमा जीतबहादुर घले र नमराज नेपाल निर्वाचित हुनुभएको छ । एमालेको जिल्ला सल्लाहकार समितिमा सानुमाया तामाङ, बाबुराम लामा, ध्रुव अधिकारी, रामप्रसाद न्यौपाने, पशुपति कोइराला, सूर्य कँडेल, शोभित पाठक र भरत लामिछाने चयन हुनुभएको छ । यसअघि सम्पन्न अधिवेशन उद्घाटन समारोहको सभापतित्व तत्कालीन सचिव गोविन्द नेपालीले गर्नुभएको थियो । अधिवेशनमा एमाले केन्द्रीय सदस्य तथा बाग्मती इन्चार्ज सुरेन्द्र पाण्डे, वैकल्पिक केन्द्रीय सदस्य महेन्द्रबहादुर पाण्डेका साथै आन्दोलनरत दलका प्रतिनिधिहरूले पनि शुभकामना मन्तव्य दिएका थिए ।

## शम्भुरामको निधन

काठमाडौँ । पुराना वामपन्थी नेता शम्भुराम श्रेष्ठको गएको गत माघ २० गते निधन भएको छ । ८३ वर्षीय श्रेष्ठ लामो समयदेखि अस्वस्थ हुनुहुन्थ्यो ।
नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले विज्ञप्ति जारी गर्दै 'निधन भएको खबरले हाम्रो पार्टीलाई अत्यन्त दुःखित बनाएको' बताउनुभएको छ । 'उहाँको निधनले नेपालको कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुगेको' पनि उहाँले बताउनुभएको छ । शम्भुराम ०१५ सालको आमनिर्वाचनपश्चात् राष्ट्रियसभामा सांसद हुनुहुन्थ्यो । उहाँ लामो समयसम्म नेपाल कम्युनिस्ट पार्टीका विभिन्न घटकको केन्द्रीय नेतृत्वमा हुनुहुन्थ्यो ।